# एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना



नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
काठमाडौं, २०७७

# एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
२०७७

*प्रारम्भिक चरणमा मन्त्रिपरिषद्को छलफलबाट प्राप्त सुझावहरुलाई समावेश गरी पुन अनुमोदनका लागि मन्त्रिपरिषद्मा पेश गरिएको एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना प्रतिवेदन ।*

राष्ट्रिय योजना आयोग

काठमाडौं
नेपाल

# मन्तब्य

पछिल्ला वर्षहरुमा नेपालमा सामाजिक सुरक्षा तथा संरक्षणको दायरा विस्तार हुँदै गएको छ। हाल असी भन्दा धेरै संख्यामा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरु समग्र रुपमा योगदान रहित, योगदानमा आधारित र श्रम बजारसँग सम्बन्धित छन् । समाजमा अझै पनि गरिबी र बेरोजगारी उल्लेख्य मात्रामा रहिरहनु र यस विषयलाई राज्यको सीमित स्रोत साधनबाट सम्बोधन गर्नु पर्दा मुलुकको सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीले उल्लेख्य चुनौति सामना गर्नु परिरहेको छ ।

मुलुकमा सञ्चालित सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीको सञ्चालनमा प्रभावकारिता ल्याउने उद्देश्यले राष्ट्रिय योजना आयोगबाट यो 'एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना' तयार गरिएको छ। यस संरचनाले मूलतः कमजोर र न्यून आय भएका समुदाय र नागरिकहरुको हितमा सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम तयार गर्नका लागि मार्गदर्शन गर्ने विश्वास लिएको छु।

राज्यको अभिभावकीय उपस्थितिमा समन्यायिक र समतामूलक समाज निर्माणका लागि तहगत सरकारको अहम भूमिकामा थप प्रभावकारिता हासिल गर्ने उद्देश्यले निर्माण गरिएको एकीकृत संरचनाले सबै लक्षित वर्गमा लोककल्याणकारी राज्यको अनुभूति दिलाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।राज्यले निर्वाह गर्नुपर्ने सबै दायित्वहरु पूरा गर्नका लागि नेपाल सरकारका सबै संरचना र निकायहरुबाट छरिएर सञ्चालित सामाजिक सुरक्षा र संरक्षणाका विभिन्न कार्यक्रमहरु अब एकीकृत ढंगले सञ्चालन गरी संविधान प्रदत्त मौलिक हकहरुको अनुभूति दिलाउँदै 'समृद्ध नेपालः सुखी नेपाली' को दीर्घकालिन राष्ट्रिय सोचलाई आत्मसात गर्न सकिनेछ भन्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तयारीमा संलग्न सबै निकाय र व्यक्तिहरु विशेष गरी 'निर्देशक समिति' का संयोजक माननीय सदस्य डा. राम कुमार फुयाल र प्रबिधिक समितिका संयोजक सहसचिव किशोर जोशी लगायत आयोग तथा अन्य निकायका कर्मचारीहरु, विज्ञ प्राबिधिकहरु, विकास साझेदार एवं दातृ निकायका प्रतिनिधिहरु र लगायत संलग्न सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२०७७

**प्रा.डा. पुष्पराज कडेल**
*उपाध्यक्ष*
*राष्ट्रिय योजना आयोग*

# भूमिका

नेपाल सरकारले गरिबी, बञ्चितीकरण तथा जोखिममा परेका र अरुको सहायताविना जीवनयापन गर्न कठिनाई पर्ने समुदाय एवं नागरिकहरुप्रति अविभावकीय दायित्व निर्वाह गर्न विभिन्न राहत तथा आर्थिक सहायताका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।सामाजिक सुरक्षा सम्बन्धी नगद भत्ता वितरण, नागरिक लगानी कोष, कर्मचारी संचय कोष एवं निवृत्तिभरण कोष, बिमा सेवा, शिक्षा, स्वास्थ्य, सरसफाईका कार्यक्रमहरु, विपद जोखिममा रहेका व्यक्ति तथा समुदायहरुको उत्थानमा गरिने सहायता परिचालन तथा लक्षित वर्गका विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।नेपालमा सामाजिक सुरक्षा कार्यक्रमहरु दशकौंदेखि सञ्चालनमा आएतापनि कार्यक्रमहरुका बीचमा एकरुपता र निकायगत समन्वय कायम गरी दोहोरोपना हटाउनु र ती कार्यक्रमहरुलाई प्रभावकारी सञ्चालन गर्नु चुनौतिपूर्ण छ। सामाजिक सुरक्षाका कार्यक्रमहरुको नक्शांकन गरी उक्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्दै प्रतिफलमा वृद्धि ल्याउनका लागि एकीकृत संयन्त्र बनाउने निर्णय हुनु अहिलेको सन्दर्भमा सकारात्मक पहलकदमी मान्न सकिन्छ ।

नेपालमा विद्यमान आम गरिबी, भौगोलिक एवं विपद जोखिमता, बिमा विकास, पूर्वाधार एवं आर्थिक विकासको अवस्था, शिक्षा एवं चेतनास्तर र आय आर्जन क्षमता आदिको आधारमा सामाजिक सुरक्षा परिचालनमा एकीकृत सूचना प्रणाली विकास गरी यस कार्यका लागि कुशलतापूर्वक पर्याप्त बजेट विनियोजन गर्नुपर्ने कु देखिन्छ ।त्यसैगरी, राज्यको सिमित स्रोतमा मात्र निर्भर नभई निजी क्षेत्रलाई पनि सामाजिक जिम्मेवारी वहन गर्नमा उत्प्रेरित गरी सार्वजनिक र निजी क्षेत्र दुवैको एकल वा साझेदारी संलग्नतामा आधारित कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

लोक कल्याणकारी राज्यको अवधारणालाई आत्मसात गर्दै समाजवाद उन्मुख दिशामा अघि बढ्नको लागि नेपालको संविधानमा लिपिबद्ध भएका अधिकारहरु सवै नेपाली नागरिकलाई अनुभूत गराउनु राज्यको प्रमुख दायित्व हो । हाम्रो बहुलवादी समाजमा रहेका कमजोर, सिमान्तकृत र न्यून आय भएका समुदाय र व्यक्तिहरुको संरक्षण गरी समावेशी लोकतन्त्र र न्यायको अनुभूति दिलाउन राज्यले सामाजिक संरक्षणको माध्यमबाट आफ्नो अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। त्यसैगरी राज्यमा विद्यमान गरिबी, असमानता र विभिन्न जोखिमबाट बचाउन समतामूलक कार्यक्रमहरु सञ्चालन गर्नसके राज्य सञ्चालन तथा आर्थिक विकासमा नागरिक सहभागिताले ठोस योगदान प्रदान गर्न सक्दछ ।तसर्थ, राष्ट्र निर्माणको महत्वपूर्ण जिम्मेवारीमा सबै नागरिकलाई सबल र सक्षम बनाउँदै समृद्ध र सम्पन्न बनाउन यो संरचनाको पूर्ण कार्यान्वयन कोशे ढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छु।

नेपाल सरकारले सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्क्षतामा बसेको द्वछ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट राष्ट्रिय योजना आयोगमार्फत एउटा एकीकृत संयन्त्र बनाई कार्यान्वयन गराउने व्यवस्था सम्बन्धी निर्णय भएबमोजिम तयारीका लागि आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको हैसियतले मेरो नेतृत्वमा निर्देशक समितिको गठन भई 'एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना' तयार गरिएको हो ।

यो संरचना तयारीको सन्दर्भमा प्राबिधिक तथा विज्ञहरू संलग्न समितिहरू गठन भई सरोकारवाला मन्त्रालय तथा निकायसँग समन्वय गरी आवश्यक सुझावहरु सङ्कलन गरिएको थियो । सामाजिक सुरक्षा एवं संरक्षण प्रणालीलाई अन्तर मन्त्रालय र निकायगत समन्वय नहुँदा सामाजिक सुरक्षाका कार्यक्रममा देखिएको दोहोरोपना हटाउने र लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाउँदै स्रोत र साधनको सदुपयोग हुने अपेक्षा राखी यो संरचना तयार गरिएको हो ।

यस संरचना तयारीका क्रममा सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने मन्त्रालय तथा निकायहरुबाट प्राप्त सुझावले सामाजिक सुरक्षा प्रणाली सञ्चालनको अबको कार्यदिशा तय गर्न महत्वपूर्ण सूचना तथा जानकारी प्रदान गरेकोले उक्त सूचना संकलन प्रक्रियामा सक्रीयतापूर्वक सहभागिता जनाउने कार्यदलका सबै प्रतिनिधिहरुलाई निर्देशक समिति धन्यवाद व्यक्त गर्दछ। राष्ट्रिय योजना आयोगको अगुवाइमा भएको 'जोखिम वहन गर्न सक्ने सामाजिक सुरक्षा र समावेशी भविष्य' नामक अन्तर्राष्ट्रिय सम्मेलनबाट प्राप्त सुझावहरूले पनि यो संरचनालाई पृष्ठपोषण प्रदान गरेको छ।

यो संरचना तयारीको क्रममा सुधारको लागि टिप्पणी र सुझाव दिनुहुने निवर्तमान अर्थमन्त्री माननीय युवराज खतिवडाज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कँडेलज्यू, माननीय सदस्यज्यूहरू एवं सचिवज्यू र नेपाल सरकारका सचिवज्यूहरु तथा पूर्वसचिवज्यूहरु समेत धन्यवादका पात्र हुनुहुन्छ। यसैगरी, यस संरचना तयारीको विभिन्न चरणहरुमा प्राबिधिक समितिमा भएका छलफल, अन्तर्क्रिया, सूचना संकलन, प्रशोधन र प्रतिवेदन तयार गर्ने कार्यमा योगदान गर्नुहुने विज्ञ वसन्तराज गौतम तथा कार्यदलका सबै सदस्यज्यूहरुलाई धन्यवाद व्यक्त गर्दछु। यस एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तयारीको सिलसिलामा नेपालस्थित विभिन्न दातृ निकाय एवं विकास साझेदार संस्थाहरु विशेष योगदान पुऱ्याउने युनिसेफ तथा अन्य विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम संगठन र डिफिड लगायत अन्य निकाय एवं संगठनहरुलाई उहाँहरुको सक्रीय सहभागिताको लागि धन्यवाद ज्ञापन गर्दछु।

विभिन्न अन्तर्राष्ट्रिय गोष्ठी, राष्ट्रिय कार्यशाला, आन्तरिक छलफलहरुमा भाग लिने एवं योगदान पुर्‍याउने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। त्यसैगरी, विषयगत मन्त्रालयहरुका सचिवहरुको भूमिका र योगदान, संघीय संसदका माननीय सदस्यहरुको राय, सुझाव र टिप्पणीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तर्जुमा गर्ने क्रममा निर्देशक समितिको सदस्य सचिव भई योगदान गर्नुहुने राष्ट्रिय योजना आयोगका सहसचिव श्री किशोर जोशी र प्राबिधिक समितिको सदस्य सचिवको रुपमा कार्य गर्नुहुने कार्यक्रम निर्देशक यदुनाथ आचार्य लगायत सचिवालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

२०७७

**डा. राम कुमार फुयाल**
*सदस्य*
*राष्ट्रिय योजना आयोग*

# विषयसूची

कार्यकारी सारांश ५

**परिच्छेदः एक - सामाजिक सुरक्षा र संरक्षण ७**

१.१ पृष्ठभूमि ७
१.२ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको आवश्यकता १२
१.३ सामाजिक सुरक्षाः अन्तर्राष्ट्रिय अभ्यास १७
१.४ नेपालमा सामाजिक सुरक्षा र संरक्षण १९
१.४.१ सामाजिक सुरक्षा प्रवर्द्धनमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार २०
१.४.२ सामाजिक सुरक्षा सम्बन्धी कानुनी व्यवस्था र दिगो विकासका लक्ष्य २१
१.४.३ सामाजिक सुरक्षाका कार्यक्रमहरू २७
१.४.४ लक्षित समूह र उद्देश्यका आधारमा सामाजिक सुरक्षाका कार्यक्रमहरू ३०
१.४.५ नीतिगत व्यवस्था ३३
१.४.६ सामाजिक सुरक्षा सम्बन्धी प्रमुख चुनौती र समस्या ३५

**परिच्छेदः दुई - एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना ४३**

२.१ मान्यता तथा प्रयोग ४३
२.२ दीर्घकालीन सोच ४४
२.३ लक्ष्य ४४
२.४ उद्देश्य ४४
२.५ रणनीति ४५
२.६ कार्यनीति तथा कार्यक्रम ४६
२.६.१ अधिकारमा आधारित ४६
२.६.२ आवश्यकतामा आधारित ४६
२.६.३ बहुक्षेत्रगत सम्बन्ध र समन्वयमा आधारित ४७
२.६.४ योगदानमा आधारित ४७
२.७ अपेक्षित उपलब्धि ४७

**परिच्छेदः तीन - वित्त व्यवस्थापन ४९**

३.१ वित्तीय स्रोतको व्यवस्था ४९
३.२ स्रोत परिचालन रणनीति र दिगोपना ५२

**परिच्छेदः चार- कार्यान्वयन तथा अनुगमन प्रणाली** **५४**

४. १ कार्यक्रम कार्यान्वयन तथा समन्वय ५४
४.१.१ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद् ५५
४.१.२ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद्को भूमिका र काम कर्तव्य ५६
४.१.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति ५६
४.१.४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको काम कर्तव्य ५७
४.१.५ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको निर्देशनालय ५८
४.१.६ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समिति ५९
४.१.७ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको काम कर्तव्य ६०
४.१.८ स्थानीय तह सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समिति ६०
४.१.९ स्थानीय तह सामाजिक सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समितिको काम कर्तव्य ६१
४.२ संरचना कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका ६२
४.२.१ नेपाल सरकार ६२
४.२.२ प्रदेश सरकार ६४
४.२.३ स्थानीय तह ६४
४.६ अन्य निकायहरूको भूमिका ६५
४.३.१ विकास साझेदार ६५
४.३.२ निजी क्षेत्र ६५
४.३.३ सहकारी तथा सामुदायिक क्षेत्र ६६
४.४ सामाजिक सुरक्षा कार्यक्रम र कार्यान्वयनमा निकायगत जिम्मेवारी ६६
४.५ प्रमुख उपलब्धि मापन (परिमाणात्मक तथा गुणात्मक लक्ष्य र सूचक) ७८
४.६ संरचना कार्यान्वयन समयावधि ८२
४.७ अनुगमन व्यवस्था ८२
४. ७.१ विषय क्षेत्रगत मन्त्रालय तथा निकाय ८३
४.७.२ राष्ट्रिय योजना आयोग ८३
४.७.३ अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको ८४
४.८ अनुमान तथा जोखिम ८४

**सन्दर्भ सामग्री** **८६**

अनुसूची ८८

# तालिका सूची

तालिका १.१: नेपालमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमको पहुँच ८
तालिका १.२: सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको सङ्ख्यात्मक विवरण ९
तालिका १.३: सामाजिक सुरक्षामा राष्ट्रिय बजेटको विनियोजन/ खर्च १०
तालिका १.४: सामाजिक सुरक्षा तथा संरक्षणमा खर्च ( कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) १९
तालिका १.५: नेपालको संविधानमा गरिएका सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था २१
तालिका १.६: सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहकोको अधिकार २३
तालिका १.७: सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी दिगो विकास लक्ष्यका सूचकहरू २४
तालिका १.८: सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूको सङ्क्षिप्त झलक २९
तालिका १.९: सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित समस्या ३७
तालिका २.१: सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रमुख सूचक ४७
तालिका ३.१: सामाजिक सुरक्षामा राष्ट्रिय बजेटको विनियोजन र खर्च ४९
तालिका ३.२: सामाजिक सुरक्षामा सङ्घ, प्रदेश र स्थानीय तहकोको विनियोजन ५०
तालिका ४.१: सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयन जिम्मेवारी ६६
तालिका ४.२: सामाजिक सुरक्षा कार्यक्रमको परिमाणात्मक तथा गुणात्मक लक्ष्य र सूचक ७८

# कार्यकारी सारांश

नेपालले विगत लामो समयदेखि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । सामाजिक संरक्षण सञ्जालले मुलुकभित्र व्याप्त गरिबी, असमानता र विभिन्न किसिमका जोखिममा पर्नसक्ने नागरिकहरूलाई आर्थिक-सामाजिक सुरक्षाको छाता प्रदान गर्दछ । सामाजिक संरक्षणका एकीकृत कार्यक्रमहरूले शिक्षा, स्वास्थ्य, सरसफाइदेखि जीवनस्तर सुधारसम्म योगदान गर्छन् । यसले मुलुकभित्र प्रभावकारी गरिबी न्यूनीकरण, लैंगिक तथा सामाजिक समानतासहित अति कमजोर वर्गका लागि समन्यायिक र समतामूलक समाज निर्माण गर्न तथा प्राकृतिक विपद्हरूसहित आइपर्ने कुनै पनि झट्का (सक्स) बाट सुरक्षा प्रदान गर्दछ ।

नेपालमा वि.सं. १९९८ देखि सैनिक द्रव्य कोष र १९९९ देखि निजामती कर्मचारीहरूको निवृतिभरण कोषजस्ता सेवाबाट अवकाशपछिका सामाजिक सुरक्षा कार्यक्रमहरू, २०४६ को दशकपछि सञ्चालित विभिन्न कल्याणकारी कार्यक्रमहरू र २०५२ सालबाट आरम्भ गरिएका नगद वितरणमा आधारित सामाजिक सुरक्षा भत्ता कार्यक्रमसहित सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । हाल यसरी सञ्चालित सामाजिक संरक्षणका कार्यक्रमको सङ्ख्या ८० भन्दा बढी छ । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषजस्ता सङ्गठित क्षेत्रका सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या ७ प्रतिशतभन्दा कम छ । नगद वितरणमा आधारित सामाजिक सुरक्षा भत्ता पाउनेहरूको अनुपात कुल जनसङ्ख्याको १० प्रतिशत हाराहारी छ । यसरी नियमित रूपमा सामाजिक संरक्षणका कार्यक्रमबाट लाभान्वितहरू कुल जनसङ्ख्याको १७ प्रतिशत हाराहारीमा देखिएका छन् । सामाजिक संरक्षणका कार्यक्रमहरूमा अहिले कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशत र वार्षिक बजेटको करिब १५ प्रतिशत खर्च हुने गरेको छ ।

सरकार आफैंले अथवा विभिन्न दातृ संस्था वा निकायहरूको सहयोगमा दशकौंदेखि सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालित हुँदै आए पनि तिनीहरूमा कार्यक्रमहरूका बीचमा एकरूपता नहुँदा र अन्तर-मन्त्रालय तथा निकायगत समन्वय नहुँदा तिनीहरूले के-कस्तो प्रतिफल दिए भन्ने वस्तुगत समीक्षा हुन सकेको छैन । विभिन्न मन्त्रालय र निकायले यस्ता कार्यक्रम सञ्चालन गर्दै आए पनि अन्तर-निकाय समन्वय प्रणाली धेरै कमजोर रहेको छ । सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयन १३ भन्दा बढी मन्त्रालय र निकायहरूमा छरिएका छन्, फलतः केहीले दोहोरो फाइदा लिइरहेका छन भने केही यसको संरचनाभित्रै समेटिन सकेका छैनन् । देशभित्र सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी रूपमा अनुगमन हुन सकेको छैन । अद्यावधिक र एकीकृत सूचना प्रणाली नहुँदा नेपालमा सामाजिक सुरक्षा वा संरक्षणका कार्यक्रमले कतिलाई समेट्न सकेको छ, यसका वास्तविक लाभग्राहीहरू को-को हुन् भन्ने वैज्ञानिक र वस्तुपरक नक्शाङ्कन (म्यापिङ) हुन सकेको छैन ।अन्तर-मन्त्रालय र निकायगत समन्वय नहुँदा सामाजिक सुरक्षाका कार्यक्रममा दोहोरोपन देखिएको, लक्षित वर्गले सही ढङ्गले प्रतिफल प्राप्त गर्न नसकेको तथा स्रोत-साधनको दुरूपयोग हुने क्रम बढेको हुँदा अन्तर-मन्त्रालय र निकायगत समन्वय प्रभावकारी बनाउनका लागि एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको आवश्यकता बढेको छ ।

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट सामाजिक सुरक्षा, सामाजिक सहायता र संरक्षणको नीति एवं कार्यक्रमहरू विभिन्न निकायहरूबाट कार्यान्वयन हुँदा दोहोरोपन देखिएकाले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय भएबमोजिम यो संरचना तयार गरिएको छ । यसको तयारीका लागि आयोगका सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) को नेतृत्वमा निर्देशक समिति र सहसचिवको संयोजकत्वमा प्राविधिक समिति गठन भएको थियो । सरोकारवाला मन्त्रालय तथा निकायबाट प्राप्त सुझावसमेत समावेस गरी तयार गरिएको यस संरचनाको कार्यान्वयनबाट सामाजिक सुरक्षा तथा संरक्षण प्रणाली एकीकृत ढाँचाबाट सञ्चालन हुने र यस क्षेत्रमा भएको स्रोत परिचालनको यथार्थ अवस्था पहिचान हुने अपेक्षा गरिएको छ ।

यस संरचनाको पहिलो परिच्छेदमा एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको पृष्ठभूमि र आवश्यकता, अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा सामाजिक सुरक्षा र संरक्षण प्रवर्द्धनमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार, कानुनी व्यवस्था, नीतिगत व्यवस्था, प्रमुख चुनौती र समस्या लगायतका विषयहरू समेटिएका छन् भने दोस्रो परिच्छेदमा सामाजिक सुरक्षाको तथा संरक्षणको मान्यता तथा विशेषता, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रम, अपेक्षित उपलब्धि जस्ता विषयवस्तु समावेस छन् । परिच्छेद तीनमा वित्त व्यवस्थापनका विषय तथा अन्तिम परिच्छेदमा कार्यक्रम कार्यान्वयन तथा समन्वय प्रणाली लगायतका विषय समेटिएका छन् ।

परिच्छेदः एक

# सामाजिक सुरक्षा र संरक्षण

## १.१ पृष्ठभूमि

सामाजिक सुरक्षा भन्नाले न्यून आय वा आय वञ्चितहरूलाई राज्यका तर्फबाट प्रदान गरिने सहयोग र सहुलियत (सबै प्रकारका नगद वा वस्तुगत) लाई बुझाउँछ । यस्तो सहयोग ज्येष्ठ नागरिक, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्त भएका, बाँच्नका लागि कठिन जीवनयापन गरिरहेका व्यक्तिहरूको लागि प्रदान गरिन्छ । सामाजिक संरक्षणले त्यस्ता लक्षित समुदायसम्म राज्यको पहुँचमार्फत् सामाजिक सुरक्षा सेवाहरू प्रत्याभूत गरी उनीहरूको संरक्षण सुनिश्चित गर्ने नीति, कानून, संस्थागत व्यवस्था र स्रोत सुनिश्चितता जस्ता विषयलाई सम्बोधन गर्दछ ।

कल्याणकारी राज्यको अवधारणात्मक विकाससँगै विश्वमा सामाजिक सुरक्षा तथा संरक्षणका उपायहरू अवलम्बन हुँदै आएको छ । यसलाई राज्यको तर्फबाट नागरिकमाथिको दायित्व निर्वाहको रूपमा विश्वले अवलम्बन गर्दै आएको छ । गरिबी, बञ्चितीकरण, जोखिममा परेका र सामान्यतया अरूको सहायता नलिई जीवनयापनमा कठिनाइ पर्ने व्यक्ति तथा परिवारलाई लक्षित गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

विपद्को असर तुलनात्मक रूपमा गरिब तथा अन्य किसिमले जोखिममा रहेका व्यक्ति तथा समुदाय ( जस्तै महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति) मा बढी पर्दछ । विपद् जोखिम सम्वेदनशील सामाजिक सुरक्षाले विपद्पूर्व जोखिम न्यूनीकरण तथा सामाजिक र आर्थिक रूपले जोखिममा रहेका समुदाय वा समूहको जोखिम बहन क्षमता विस्तार गर्नुका साथै विपद्पश्चात सामाजिक सुरक्षाका कार्यक्रम र प्रणालीको उपयोग गरी छिटो र प्रभावकारी ढङ्गले सेवा, राहत तथा आर्थिक सहायता परिचालनको व्यवस्था गर्न सहयोग गर्दछ ।

नेपालको संविधानले नागरिकका अधिकारका रूपमा सामाजिक संरक्षणलाई व्याख्या र परिभाषित गरेको छ । संविधानमा उल्लेखित मौलिक हकका विषयहरु प्रत्यक्ष अप्रत्यक्षरुपमा सामाजिक सुरक्षा र संरक्षणसँग सम्बन्धित छन् । राज्यले विगत लामो समयदेखि देशभित्र सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

सामाजिक संरक्षण सञ्जालले मुलुकभित्र व्याप्त गरिबी, असमानता र विभिन्न किसिमका जोखिममा पर्नसक्ने नागरिकहरूलाई आर्थिक-सामाजिक सुरक्षाको छाता प्रदान गर्दछ । सामाजिक संरक्षणका एकीकृत कार्यक्रमहरूले शिक्षा, स्वास्थ्य, सरसफाइदेखि जीवनस्तर सुधारसम्म योगदान गर्छन् । यसले मुलुकभित्र प्रभावकारी गरिबी न्यूनीकरण, लैङ्गिक तथा सामाजिक समानतासहित अति कमजोर वर्गका लागि समन्यायिक र समतामूलक समाज निर्माण गर्न तथा प्राकृतिक विपद्हरूसहित आइपर्ने कुनै पनि झट्काबाट सुरक्षा प्रदान गर्दछ ।

नेपालमा सामाजिक सुरक्षाको अवधारणा दोस्रो विश्वयुद्धपछि आरम्भ भएको पाइन्छ । पहिलो पटक वि.सं . १९९१ मा सैनिक द्रव्य कोषबाट सुरु भएको कल्याणकारी भुक्तानीको अवधारणाले वि.सं. १९९८ मा तत्कालीन प्रधानमन्त्री जुद्धशमसेरले सैन्य पेन्सनका रूपमा विस्तारित गरेसँगै औपचारिकता पाएको देखिन्छ । वि.सं. १९९९ मा कर्मचारीको पेन्सनका अवधारणा कार्यान्वयनमा ल्याइएको थियो । त्यसपछि पनि विभिन्न लाभकारी कार्यक्रमहरूमार्फत सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालित भए पनि २०५० को दशकपछि नगद वितरणमा आधारित कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्न थालिएको हो ।

**तालिका १.१: नेपालमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमको पहुँच**

| क्र.सं. | सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम | मान (सन् २०१०) |
|---|---|---|
| १ | सामाजिक बिमा पहुँच वा कार्यक्रमले समेटेको (जनसंख्याको) प्रतिशत | ५.२६ |
| २ | सामाजिक बिमाले समेटेको धनी पञ्चमक समूहको जनसङ्ख्या प्रतिशत | २८.६८ |
| ३ | सामाजिक सुरक्षा र श्रम कार्यक्रमले समेटेको जनसङ्याको प्रतिशत | ४३.४८ |
| ४ | सामाजिक बिमाले समेटेको गरिब पञ्चमक समूहको जनसङ्ख्या प्रतिशत | १५.७३ |
| ५ | सामाजिक बिमाले समेटेको गरिब पञ्चमक समूह (सामाजिक संरक्षण सञ्जाल लाभहरूको) प्रतिशत | ४३.४८ |
| ६ | सामाजिक बिमाले समेटेको दोस्रो पञ्चमक समूह (जनसङ्याको प्रतिशत) | २.७३ |
| ७ | सामाजिक बिमाले समेटेको चौथो पञ्चमक समूह (जनसङ्याको प्रतिशत) | ६.४३ |

*स्रोत: विश्व बैंक, २०२१ ।*

आर्थिक वर्ष २०५१/५२ बाट ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाको रूपमा न्यूनतम मानवोचित जीवनयापनका लागि मासिक एक सय रुपैयाँ भत्ताबाट आरम्भ भएको नगदमा आधारित संरक्षण कार्यक्रमको दायरा विस्तार भई विगत दुई दशकमा लाभग्राही सङ्ख्या ३० लाख नाघेको छ। सामाजिक सुरक्षा भत्तामा मात्र सङ्घीय वार्षिक बजेट तथा कार्यक्रममार्फत रू. ६६ अर्बभन्दा बढी नगद प्रवाह हुने गरेको छ। अहिले आठ लक्षित समूहमा सामाजिक सुरक्षा भत्ताबापत नगद वितरण हुँदै आएको छ। विगत एक दशकमा मात्रै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको सङ्ख्या दोब्बर भएको छ। सबैभन्दा चिन्ताजनक तथ्याङ्क के हो भने लोककल्याणकारी राज्यको अवधारणाअनुरूप २०५२ सालमा वृद्ध भत्ताबाट सुरू भएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समूहको सङ्ख्या विस्तारसँगै राज्यमा आश्रित ज्येष्ठ नागरिकको सङ्ख्या बढेर १३ लाख नाघेको छ। यस क्षेत्रमा राज्यको दायित्व बढ्दो क्रममा छ। जनताको औसत आयुमा भएको वृद्धि र लोकप्रियताका लागि गरिने राजनीतिक प्रतिबद्धताहरूका कारण आगामी वर्षहरूमा सामाजिक सुरक्षा भत्ताबापतको बजेट रकम अझ बढ्दै जाने निश्चित छ। हालै योगदानमा आधारित सामाजिक संरक्षणका योजनाहरू अगाडि सारिए पनि यसको दायरा निकै सानो छ। वर्तमान संरचना हेर्दा यसले सामाजिक सुरक्षा आवश्यक पर्ने जनसङ्याको थोरै प्रतिशत मात्रलाई समेट्न सक्ने देखिन्छ, जबकि बढ्दो दायित्वको आकार हेर्दा योगदानमा आधारित कार्यक्रम भविष्यका लागि निकै महत्वपूर्ण छ। यसैले हालका सामाजिक संरक्षणका कार्यक्रमलाई एकीकृत गरेर योगदानमा आधारित, सार्वजनिक-निजी साझेदारीमा आधारित कार्यक्रममा जोड दिनुपर्ने अवस्था छ। यसका लागि अल्पकालीन, मध्यम अवधिका र दीर्घकालीन दायित्वका कार्यक्रमको वर्गीकरण गरी सोहीअनुसार दायित्व हस्तान्तरण गरिनु वान्छनीय छ।

**तालिका १.२: सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको सङ्यात्मक विवरण**

| आर्थिक वर्ष | कुल लाभग्राही | ७० नाघेका ज्येष्ठ नागरिक | कैफियत |
|---|---|---|---|
| २०५३/५४ | ३४४३४८ | १७२०७५ | |
| २०५४/५५ | ३२८५३० | १६०८२६ | |
| २०५५/५६ | ३४४५३४ | १६३२२५ | |
| २०५६/५७ | ३७५०२७ | १७५५४० | |
| २०५७/५८ | ३८५६०२ | १७३५२९ | |
| २०५८/५९ | ४२४८४१ | १९३४८० | |
| २०५९/६० | ४२८९६७ | १९५४४९ | |
| २०६०/६१ | ४५५०६३ | २११३४३ | |
| २०६१/६२ | ४६०३२९ | २१७४३८ | |
| २०६२/६३ | ४८३५०७ | २३०४८० | |
| २०६३/६४ | ५१६३३७ | २५२०२५ | |

| आर्थिक वर्ष | कुल लाभग्राही | ७० नाघेका ज्येष्ठ नागरिक | कैफियत |
|---|---|---|---|
| २०६४/६५ | ५२७३४२ | २४८०४५ | |
| २०६५/६६ | ९७७७५२ | ६४३४६१ | |
| २०६६/६७ | ६७८६४१ | ६१६४७२ | |
| २०६७/६८ | १५६४१३४ | ७९२५१५ | |
| २०६८/६९ | २०४६९८० | ७४९९९४ | |
| २०६९/७० | २०४५०८० | ८६४१४४ | |
| २०७१/७१ | १७२५९५ | ९२९१८० | |
| २०५४/७२ | २१६०५७० | ९५१४१९ | |
| २०७२/७३ | २२६५५३५ | १०४९८१९ | |
| २०७३/७४ | २२५५५४७ | ९३१६२३ | |
| २०७४/७५ | २५६०१३९ | १११८४०६ | |
| २०७५/७६ | २८२७५१८ | ११९२३५६ | |
| २०७६/७७ | ३०६२२२७ | १३०८५०० | |

*स्रोतः गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, २०७५।*

सरकारी सेवाका निजामती कर्मचारी, नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, सामुदायिक शैक्षिक संस्थाका शिक्षकसहित सेवाबाट सेवानिवृत्त हुने व्यक्तिको सङ्ख्या लगातार बढ्दै गएका कारण उनीहरूको सेवा निवृत्तिपछिको भुक्तानी दायित्व पनि हरेक वर्ष बढ्दो क्रममा छ। आर्थिक वर्ष २०६७/६८ मा सरकारी सेवाबाट सेवा निवृत्त कर्मचारी, सेना, प्रहरी, शिक्षकको सङ्ख्या १,२८,४१५ जना रहेकामा आर्थिक वर्ष २०७४/७५ मा २,५०,०८९ पुग्यो। हाल निवृत्तिभरण सुविधा लिने कर्मचारी, सेना, प्रहरी र शिक्षकको सङ्ख्या अढाइ लाख नाघेको छ।यी दुवै शीर्षकमा जोडिएको कुल सामाजिक सुरक्षा खर्च पनि हरेक वर्ष वृद्धि हुँदै गएको छ। यसले गर्दा नेपालमा सामाजिक सुरक्षा भत्ताको लागत वृद्धि हुँदै गइरहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा कुल सामाजिक सुरक्षामा विनियोजन १८ अर्ब ८७ करोड रूपैयाँ भन्दा बढी छ।

उल्लिखित बाहेक विभिन्न मन्त्रालय र निकायहरू अन्तर्गत भिन्दाभिन्दै स्वरूप र प्रकृतिका सामाजिक संरक्षणका कार्यक्रमहरू पनि सञ्चालित छन्। यस्ता कार्यक्रमहरूको सङ्ख्या ८० भन्दा अधिक छ।

**तालिका १.३: सामाजिक सुरक्षामा राष्ट्रिय बजेटको विनियोजन र खर्च**

| आर्थिक वर्ष | सामाजिक सुरक्षामा विनियोजन (रू. लाखमा) | कुल राष्ट्रिय बजेट (रू. लाखमा) | वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०६६/६७ | १०३८.२५ | १३३६०४.६१ | ०.७८ |
| २०६७/६८ | ४२६५.१८ | २१९९६६१.९२ | १.९४ |
| २०६८/६९ | ७२५१.६७ | २५९६८९.११ | २.७९ |
| २०६९/७० | ७५९८ | ३२३१०९.२२ | २.३५ |
| २०७०/७१ | ४०८०२.३९ | ३७०२२६.४७ | ११.०२ |
| २०७१/७२ | ६०६२०.१८ | ४२५७८०.७० | १४.२४ |
| २०७२/७३ | ६९२४६.८१ | ५२४७८२.९८ | १३.२० |
| २०७३/७४ | ८३७२४.७१ | ६५६१६१.५५ | १२.७६ |
| २०७४/७५ | १०४६५०.९८ | ७६४५१३.९० | १३.६९ |
| २०७५/७६ | १३१५१६.१७ | १००९२२१.६ | १३.०३ |
| २०७६/७७ | १५०४९३.४ | १०३९१३३.८ | १४.४८ |
| २०७७।७८ (विनियोजन अनुमान) | १८८७५३ | १४७४६४० | १२.८ |

*स्रोतः महालेखा नियन्त्रकको कार्यालय, २०७६।*

### १.१.१ सामाजिक संरक्षण

सामाजिक संरक्षण मानव जीवनमा प्रतिकूल असर पार्ने अवस्थाहरूको रोकथाम, व्यवस्थापन र त्यसबाट बाहिरिने अवस्थाहरूसँग सम्बन्धित छ। सामाजिक सुरक्षामा प्रभावकारी श्रम बजारको प्रबर्द्धन गरेर, जोखिमलाई कम गरेर तथा बेरोजगारी, बहिष्करण, बिरामी, अशक्तता र वृद्धावस्था जस्ता आर्थिक र सामाजिक जोखिमहरू व्यवस्थापन गर्ने क्षमता बढाउँदै गरिबी र जोखिम कम गर्नका लागि तर्जुमा गरिएका नीति र कार्यक्रमहरू समावेश हुन्छन् ।

सामाजिक संरक्षण मानव अधिकार हो। यसले सबैको लागि स्वास्थ्य सेवा र आय सुरक्षामा पहुँच सुनिश्चित गर्दछ। तपाइँ बिरामी, बेरोजगार, घाइते, गर्भवती वा काम गर्न धेरै उमेरको हुनुहुन्छ भने यो तपाइँ र तपाईंको परिवारका लागि प्रदान गरिन्छ। सामाजिक सुरक्षाले व्यक्तिलाई मानसिक शान्ति र राम्रो भविष्यको लागि आशा प्रदान गर्दछ (अन्तर्राष्ट्रिय श्रम सङ्गठन)।

सामाजिक सुरक्षा नीति र श्रम कार्यक्रमका उद्देश्य व्यक्ति र समाजलाई जोखिम र संवेदनशीलताको व्यवस्थापन गर्न तथा उत्थानशीलता, समानता र अवसर सुधारका उपकरणहरूको माध्यमबाट व्यक्तिलाई गरिबी र विकृतिबाट बचाउन मद्दत गर्ने हुन्छन् (विश्व बैंक, २०१२)।

### १.१.२ सामाजिक सुरक्षाः

कतिपय राष्ट्रहरूले आफ्नो आर्थिक विकासको स्तर, जनसङ्ख्याको बनावट र सामाजिक आर्थिक विविधता सम्बोधन गर्नुपर्ने पक्षहरू समेटी सामाजिक सुरक्षाको परिभाषा गरेको पाइन्छ। विश्वव्यापीरूपमा सामाजिक सुरक्षाको परिभाषामा एकरूपता भने देखिएको छैन। संयुक्त राष्ट्रसङ्घ तथा अन्तर्गतको अन्तर्राष्ट्रिय श्रम सङ्गठन, विश्व बैङ्क, एसियाली विकास बैङ्क, बङ्गलादेशको बङ्गलादेश ग्रामीण उत्थान समिति जस्ता संस्थाहरूले गरेको परिभाषा, तिनको संस्थागत दृष्टिकोण र परिभाषामा अन्तरनिहित भावनाबाट हाम्रो सन्दर्भमा सामाजिक सुरक्षाको उपयुक्त परिभाषा निर्धारण गर्न मद्दत पुग्ने देखिन्छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सामाजिक सुरक्षा भनेको त्यस्तो संरक्षण हो, जुन व्यक्ति र परिवारको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न र आयको सुरक्षाको प्रत्याभूत गर्न, विशेषतः वृद्धावस्था, बेरोजगारी, बिरामी, अशक्तता, कार्यजन्य चोटपटक, प्रसूति वा आश्रय दिने व्यक्ति गुमाएको अवस्थामा प्रदान गरिने संरक्षणका कार्यक्रम सामाजिक सुरक्षा हो भनेको छ (अन्तर्राष्ट्रिय श्रम सङ्गठन, २०१२)। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सामाजिक सुरक्षा न्यूनतम् मानक महासन्धि १०२ ले सामाजिक सुरक्षाका नौ ओटा विधा/क्षेत्रलाई उल्लेख गरेको छ जसमा बिरामी, मातृत्व, कार्यजन्य चोटपटक, बेरोजगारी, अशक्तता, वृद्धावस्था, मृत्यु, चिकित्सा हेरचाहको व्यवस्था र बालबालिका भएका अविभावकत्वका लागि प्रावधान सामेल छन्।

संयुक्त राज्य अमेरिकाको सुरक्षा प्रशासनले संयुक्त राज्य अमेरिकामा सामाजिक सुरक्षा शब्द वृद्धवस्था, जीवित योद्धा, र अपाङ्गता बीमा कार्यक्रमका लागि प्रयोग गरिन्छ, जबकि यी उत्तम अवकाश सुविधाहरूका लागि परिचित छन्, यसले जीवित योद्धाको लाभ र अपाङ्गता आय पनि प्रदान गर्दछ (संयुक्त राज्य अमेरिकाको सामाजिक सुरक्षा प्रशासन)।

एउटा राम्रो सामाजिक सुरक्षा प्रणालीले नागरिकलाई सङ्कटको अवस्थाबाट सामान्य अवस्थामा फर्कन आवश्यक क्षमता विकास गर्दै द्रुत गतिमा सामाजिक सुरक्षाको आवश्यकता सम्बोधन गर्न विपद जोखिम क्षमता सुदृढीकरण गरेर प्रभावितलाई नगद लगायतको सहायता उपलब्ध गराउन मद्दत गर्छ। साथै, सङ्कट हुनुपूर्व नै तयारी तथा जोखिम न्यूनीकरण तयारीका लागि प्रबर्द्धनात्मक र सहयोगात्मक कार्यहरू गर्दछ।

## १.२ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको आवश्यकता

नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा अङ्गीकार गरेको छ। मुलुक सङ्घीय प्रणाली कार्यान्वयनसँगै समाजवादउन्मुख लोककल्याणकारी राज्यको अवधारणा अनुसार विपन्न, कमजोर र जोखिममा रहेका समुदायको जीवनयापनलाई सहज बनाउन र सबै नागरिकको जीवन सुरक्षित, संरक्षित, गुणस्तरीय र मानवोचित बनाउन सामाजिक सुरक्षा तथा संरक्षण राज्यको दायित्वका रूपमा स्थापित भएको छ। स्वास्थ्य, शिक्षा, रोजगारी र खाद्य सम्प्रभुता लगायतका मौलिक हक कार्यान्वयन गरी सामाजिक सुरक्षाका उपायहरूको अवलम्बनका लागि राष्ट्रिय नीति तथा सङ्घीय कानुनहरू प्रतिपादन भएका छन्। प्रदेश र स्थानीय तहले पनि मौलिक हकको संरक्षण तथा सम्बर्द्धन गर्न उपयुक्त नीति तथा कानुन र कार्यक्रम कार्यान्वयनका लागि स्रोतको

व्यवस्थापन गरी सामाजिक सुरक्षा सम्बन्धी नवीन कार्यक्रमहरू प्रारम्भ गरेका छन् ।

सामाजिक सुरक्षाका कार्यक्रम सरकारका विभिन्न मन्त्रालय र विशेष किसिमका कोषहरूमार्फत सञ्चालनमा छन् । नेपाल सरकार र सङ्गठित संस्थाका कर्मचारीका निमित्त कर्मचारी सञ्चय कोषमार्फत सञ्चालित सामाजिक सुरक्षा व्यवस्थाबाट करिब ६ लाख योगदानकर्ताहरू लाभान्वित भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गरी योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न सामाजिक सुरक्षा कोषबाट कार्य प्रारम्भ भएको छ । आर्थिकरूपले विपन्न, अशक्त र असहाय तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने अवस्थामा रहेका व्यक्तिहरूको सामाजिक संरक्षण गर्ने उद्देश्यका साथ ल्याइएका क्षेत्रगत नीति र सामाजिक सुरक्षाका कार्यक्रमबाट लाभान्वित हुनेको सङ्ख्या हाल कुल जनसङ्ख्याको १७ प्रतिशत भन्दा बढी छ । स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न र स्वास्थ्य बिमाद्वारा आर्थिक जोखिम न्यूनीकरण गर्न स्वास्थ्य बिमा कार्यक्रम लागु भएको छ । रोजगार अभिवृद्धि सम्बन्धी नयाँ कार्यक्रमहरू वार्षिक रूपमा थपिँदै सामाजिक संरक्षणका कार्यक्रम लक्षित समूहसम्म पुऱ्याउन केही वर्षयता सङ्घीय बजेटबाट उल्लेख्य रकम वार्षिक रुपमा विनियोजन हुँदै आएको छ ।

नेपाल सरकारले सामाजिक संरक्षणका माध्यमबाट दिगो विकास लक्ष्य हासिल गर्न राष्ट्रिय प्रतिबद्धता जाहेर गरेको कारण पनि यो विषयले उच्च प्राथमिकता पाएको छ । दिगो विकास लक्ष्य १.३ ले सन् २०३० सम्ममा सबैका लागि र खास गरी विपन्न तथा जोखिममा रहेका समुदायलाई समेट्ने गरी राष्ट्रिय परिवेश सुहाउँदो उपयुक्त सामाजिक संरक्षण प्रणालीको स्थापना र त्यसका लागि नवप्रवर्तनशील, लचिलो र प्रभावकारी प्रणालीको विकास गरी जोखिमको निरोध, न्यूनीकरण, प्रतिकार्य र क्षमता अभिवृद्धिमा जोड दिएको छ । विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाइ फ्रेमवर्क (सन् २०१५-२०३०) ले पनि जोखिम व्यवस्थापनको एक उपायका रूपमा सेफ्टी नेट र सामाजिक सुरक्षा प्रणालीको प्रबर्द्धन र विस्तारमा जोड दिएको छ । उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्दै गरिबी तथा असमानता घटाउने एवम् सबै प्रकारका जोखिम र सङ्कटको अवस्थासँग जुध्न समुदायलाई सक्षम बनाउने सरकारको घोषित राष्ट्रिय नीति रहेको छ । आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा सबै नागरिक राज्यबाट संरक्षित भएको अनुभूति हुने गरी छरिएर रहेका विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत तवरले सञ्चालन गर्दै यसको दायरा फराकिलो बनाउन एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गरिने उल्लेख छ ।

एकीकृत ढाँचाको संरचना तयार गरी सञ्चालित कार्यक्रमहरूलाई श्रम र रोजगारीसँग आबद्ध गर्दै लैजाने, कार्यक्रमहरूलाई सुव्यवस्थापन गर्न उपयुक्त संरचना निर्माण गर्ने, कार्यक्रमबाट परेको प्रभावको लेखाजोखा गर्ने र आर्थिक पक्ष लगायतका विषयमा अनुगमन गर्न एक छुट्टै निकायको स्थापना गर्ने नेपाल सरकारको प्रतिबद्धता पनि रहेको छ । आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यले स्थानीय तहसँगको समन्वयमा विभिन्न मन्त्रालयबाट सञ्चालन गरिने कृषि, उद्योग, श्रम, स्वास्थ्य लगायतका गरिबी निवारण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम एकीकृत गरी राज्यबाट सुविधा प्राप्त गर्ने परिवारमा लक्षित गर्ने नीति लिएको छ । यसैगरी पन्ध्रौं योजना (वि.सं .२०७७/७८-२०८१/८२) ले सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिकको संवैधानिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने लक्ष्य लिएको छ ।

सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई आर्थिक सामाजिक क्षेत्रका विभिन्न नीतिहरूसँग आबद्ध गर्न नसकिँदा सामाजिक सुरक्षा र संरक्षणको माग र स्रोत विश्लेषणको आधारमा लगानीको सही आकलन गर्न सकिएको छैन । त्यसैगरी, सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवा सुविधामा दोहोरोपना कायम छ । सामाजिक सुरक्षा र संरक्षणका लागि अन्तरनिकाय जिम्मेवारी र जवाफदेहिता तथा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धबारे स्पष्टता नभएको मात्र होइन सामाजिक सुरक्षा कार्यक्रमहरू कार्यान्वयनमा सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रहरूबीच समन्वय र कार्यान्वयनगत समस्याहरू लामो समयदेखि विद्यमान छन् ।

नेपालमा दशकौंदेखि मुलुकभर व्यापक दायरामा सामाजिक सुरक्षा कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् । यी कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, बजेट विनियोजन, दायरा र सेवाको गुणस्तरमा देखिएका कमजोरीहरूका कारण यस्ता कार्यक्रमले लक्षित प्रतिफल दिन सकेका छैनन् भने अर्कातिर राज्यको दायित्व पनि बढ्दै गएको देखिको छ । मुलुकले विगत तीन दशकमा

चरम गरिबीको रेखामुनी रहेका नागरिकहरूको अनुपातमा २२ प्रतिशत विन्दुले कमी ल्याउन सकेको छ । विश्वमै यो तीव्र दरको गरिबी न्यूनीकरण हो । यद्यपि, हाल नेपालका १८.६ प्रतिशत व्यक्तिहरू गरिबीको रेखामूनी छन् । प्राकृतिक विपद्, जलवायु परिवर्तनका बहुपक्षीय प्रभाव, कोभिड-१९ लगायतका विभिन्न महामारी तथा निको नहुने दीर्घकालीन प्रकृतिका बिमारीहरू जस्ता कारणले नेपालको गरिबी न्यूनीकरणका प्रयासमा प्रभाव पारेका छन् । प्राकृतिक प्रकोप र महामारीका कारण अतिरिक्त ४ प्रतिशत नेपालीहरू पुनः चरम गरिबीको रेखामुनी धकेलिएको अनुमान छ ।

नेपालले बितेका तीन दशकमा प्रतिव्यक्ति आयको वृद्धिमा हासिल गरेको उपलब्धिसँगै असमानताको स्तर पनि बढेको छ । नेपाली नागरिकको ठूलो हिस्सा अझै पनि गरिबी, बेरोजगारी, बढ्दो सामाजिक र आर्थिक असमानता लगायतका कठिनाइको वातावरणमा बाँचिरहेको कारण उनीहरूलाई सामाजिक संरक्षण सञ्जालका कार्यक्रमले समेट्नुपर्ने आवश्यकता विद्यमान छ । एक व्यापक सामाजिक सुरक्षा प्रणालीले नेपालमा गरिबीका बहु-आयामिक पक्षहरूलाई सम्बोधन गर्दै जोखिममा रहेका वर्ग र समुदायबीच कल्याणकारी वितरणमा पहुँच बढाउँछ । बलियो र समावेशी सामाजिक संरक्षण सञ्जालले गरिबी न्यूनीकरणमा योगदान दिँदै समावेशी र दिगो आर्थिक विकासमा मद्दत पुर्याउँछ । उल्लिखित अवस्थाका अलावा निम्न लिखित कारणले सामाजिक सुरक्षा तथा संरक्षणको एकीकृत संरचनाको आवश्यकता देखिएको छ ।

क. नीतिगतः नेपालमा लामो अवधिदेखि फरक-फरक सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालित हुँदै आए पनि व्यापक र एकीकृत सामाजिक सुरक्षा संरचना अस्तित्वमा छैन । फरक-फरक नीति, कानुन, रणनीति, कार्यक्रम र हस्तक्षेपका योजनाले फरक-फरक विशेषता बोकेकाको हँदा कार्यान्वयन तहमा समस्या देखिएका छन् । फलतः सामाजिक सुरक्षाका कार्यक्रममा स्पष्ट दिशानिर्देश र कार्ययोजनाको अभाव देखिने, पर्याप्त बजेट विनियोजन नहुने, विनियोजन भएको बजेट र कार्यक्रम लक्षित वर्गसम्म नपुग्ने, कार्यक्रमको दायरा निश्चित क्षेत्रमा सीमित हुने, कार्यान्वयन पक्ष कमजोर हुने, अन्तर निकाय समन्वय नहुने समस्या देखिएको छ ।

ख. कार्यक्रम, योजना र कार्यान्वयनः नेपालमा सामाजिक सुरक्षा योजनाहरू विभिन्न क्षेत्रमा छरिएका छन् । विगतमा आफ्नै कानुन, नियमावली, निर्देशिका तथा मार्गदर्शनहरूको अधिनमा रहेर प्रभावकारिता सुनिश्चित नगरिकनै एकपछि अर्को गर्दै लागू गरिएका थिए । हाल सञ्चालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूमा विस्तृत मापदण्डको कमी छ ।कार्यान्वयनमा समानता छैन । फरक-फरक रूपमा सञ्चालित यस्ता कार्यक्रमको खाका निर्धारणमा रहेका सीमितताहरूले तिनको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तीनै पक्षमा समस्या सिर्जना गरेको छ । हाल कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा योजनाले मूलतः औपचारिक क्षेत्रलाई समेटेको छ, जबकि नेपाली अर्थतन्त्रको ठूलो हिस्सा अनौपचारिक क्षेत्रले ओगटेको छ ।

ग. संस्थागत व्यवस्था र क्षमताः नेपालमा सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्ने कुनै बलियो संस्थागत व्यवस्था छैन । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निवृतिभरण व्यवस्थापन कार्यालय र कल्याणकारी कोषहरूबाहेक सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने संस्थागत व्यवस्था छैन । यी कोषहरूले प्रदान गर्ने सामाजिक सुरक्षाका कार्यक्रम र योजनामा पनि एकरूपता छैन । वि.सं. २०५२ सालदेखि नगद वितरणमा आधारित सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालन गरिदै आएको भएता पनि आजसम्म त्यसको संस्थागत संरचना छैन । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन गर्दै आएको भए पनि यो कार्य विभागको तालुक मन्त्रालयको रूपमा रहेको गृह मन्त्रालयको दायित्वभित्रको विषय होइन । सामाजिक सुरक्षा व्यवस्थापनका लागि हालसम्म स्पष्ट कानुनी व्यवस्था नै नभएका कारणले यस किसिमको अन्योल सिर्जना भएको हो ।

घ. सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्ने फरक-फरक मन्त्रालय र निकायका संस्थागत क्षमता पनि ती कार्यक्रमहरू सञ्चालनका लागि पर्याप्त छैन । सम्बन्धित विषयमा विज्ञ र दक्षतायुक्त कर्मचारीको अभाव, संरचनागत क्षमता विकासका लागि पर्याप्त पहल नहुनु र सामाजिक संरक्षणसम्बन्धी कार्यक्रमहरू राष्ट्रिय

प्राथमिकतामा कम पर्नुजस्ता कारणले क्षमतामा कमजोरी देखिएको हो । एकीकृत वा तोकिएको निश्चित निकाय/संरचना नहुँदा प्रभावकारी ढङ्गले सामाजिक संरक्षण सञ्जालको ढाँचा, कार्यान्वयन र समन्वय गर्नसक्ने क्षमता सीमित छ । सामाजिक सुरक्षा सूचना प्रणालीहरू कमजोर र खण्डित छन्, सम्बन्धित सरोकारवालाहरूबीच जानकारी आदान-प्रदान र समन्वय सीमित छ ।

ङ. वि.सं. २०७२ सालमा जारी भएको संविधानपछि सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय सरकारको अस्तित्वमा रही अधिकारहरू तहगत रूपमा बाँडफाँट भएका छन् । संविधानमा उल्लेख भएबमोजिम सामाजिक सुरक्षाका अधिकारलाई मान्यता दिई स्रोत साधनको उपलब्धता अनुरूप प्रगतिशील सामाजिक संरक्षण सञ्जालका कार्यक्रमहरू सञ्चालन पर्ने अवस्था छ । राज्यको विकास क्षमता र प्राथमिकताहरू बदलिएका छन, यसर्थ विगत दशकहरूमा अवलम्बन गरिदै आएका सामाजिक सुरक्षा नीति र कार्यक्रमहरूमा पुनर्संरचना आवश्यक देखिएको छ । राज्यको क्षमताको आधारमा सामाजिक सुरक्षाका एकीकृत योजना, कानुनी, संस्थागत र वित्तीय संरचना बनाई यसलाई अझ बढी प्रभावकारी, दक्ष र दिगो बनाउने मूल उद्देश्यसहित एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तयार गर्नु आवश्यक देखिएको छ ।

च. नेपालमा लामो समयदेखि सामाजिक सुरक्षासम्बन्धी अलग अलग कार्यक्रमहरू सञ्चालन हुँदै आएतापनि यस्ता कार्यक्रमले समेटेका लाभग्राहीको अनुपात आवश्यकताअनुरूप वृद्धि हुन सकेको छैन । कतिपय अवस्थामा वास्तविक र अत्यावश्यक लाभग्राहीहरू सामाजिक सुरक्षा कार्यक्रमका छातामा समेटिन सकेका छैनन भने कतिपय अवस्थामा दोहोरिने समस्या छ । यसका साथै नेपाल प्राकृतिक विपद्को जोखिमका दृष्टिले विश्वमै सर्वाधिक संवेदनशील मुलुक भएकाले विपद् र जलवायु परिवर्तनका कारण खाद्य सङ्कट वा आर्थिक-सामाजिक सङ्कटमा पर्ने नेपाली नागरिकहरूको सङ्ख्या अप्रत्यासित रूपमा बढ्दै जाँदा उनीहरूका लागि चाहिने सामाजिक संरक्षणका कार्यक्रम अपर्याप्त हुने गरेको छ । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूले आवश्यकताभन्दा कम भत्ता पाउने गरेको, नियमित नपाउने गरेको, दर्ता र नवीकरणमा प्रक्रियागत झन्झट बढी भएको, बैंक तथा-वित्तीय संस्था पायक नहुँदा समस्या झेल्नु परेको लगायतका गुनासो गर्ने गरेका छन् ।देशभर समान प्रकृतिको सामाजिक सुरक्षाका योजना सञ्चालन हुँदा स्थानीय आवश्यकतालाई सम्बोधन गर्न नसकिरहेको अवस्था छ ।

छ. अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्न नसकिँदा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो हुनसकेको छैन । भुक्तानी प्रणालीमा सहज पहुँच स्थापित गर्न नसक्दा सामाजिक संरक्षणका सेवाको वितरण पनि प्रभावकारी हुनसकेको छैन । विपद् र सबै प्रकारका आर्थिक सङ्कट न्यूनीकरणका लागि लचिलो संरक्षण व्यवस्था उपलब्ध नहुँदा सङ्कटका बखत सहायता तथा सहयोग कार्यक्रम स्वतः विस्तार हुने अवस्था संकुचित रहेको छ ।

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षको अध्यक्षतामा मिति २०७६ आषाढ ४ गते बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकले सामाजिक सुरक्षा, सामाजिक सहायता र संरक्षणका नीति एवं कार्यक्रमहरू विभिन्न निकायहरूबाट कार्यान्वयन हुँदा दोहोरोपन देखिएकाले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय भएको थियो । यस अनुसार २०७६/५/२५ गते बसेको राष्ट्रिय योजना आयोगको बैठकमा एकीकृत राष्ट्रिय सामाजिक संरक्षण संयन्त्र तयार गर्ने निर्णय भएको थियो । आयोगका सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) को नेतृत्वमा राष्ट्रिय सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण सम्बन्धी एकीकृत ढाँचा तयारी सम्बन्धी निर्देशक समिति र सहसचिवको संयोजकत्वमा प्राविधिक समिति गठन गरी सोही आर्थिक वर्षमा एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तयारी कार्य अगाडि बढाइएको थियो ।

उल्लिखित पृष्ठभूमिमा नेपालको संवैधानिक प्रावधान अनुरूप मुलुकको सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु अपरिहार्य भएको छ । यस्तो एकीकृत संरचनाले सामाजिक सुरक्षाका समग्र कार्यक्रमका सन्दर्भमा आगामी दिनमा लिइने कार्यगत नीति, लक्षित वर्ग पहिचान, एकीकृत सूचना प्रणाली, आर्थिक र

प्रशासनिक संरचना तयारी, कार्यक्रम सञ्चालन तथा व्यवस्थापन, भुक्तानी प्रणाली र अनुगमन तथा मूल्याङ्कन जस्ता पक्षलाई निर्देशित गर्नेछ ।

## १.३ सामाजिक सुरक्षा : अन्तर्राष्ट्रिय अभ्यास

विकासशील राष्ट्रहरूमा सामाजिक सुरक्षा र यसको दायरा तथा सञ्चालित कार्यक्रम एवम् क्रियाकलापको प्रकृतिमा भिन्नता रहेको छ। जुनसुकै अर्थ व्यवस्था अङ्गालेको भएता पनि यी राष्ट्रहरूमा सामाजिक संरक्षणका नाममा सार्वजनिक रूपमा उपलब्ध सहयोग कार्यक्रमहरू जोखिममा रहेका परिवार र असमर्थ जनसङ्ख्यामा लक्षित देखिएका छन्। विकसित देशहरूमा यस्ता कार्यक्रम सीमित समुदायका लागि लक्षित रहेको देखिएको छ भने विकासशील राष्ट्रहरूमा लक्षित एवम् सामान्य कार्यक्रमको रूपमा राज्यको प्रमुख भूमिकामा नै त्यस्ता कार्यक्रमहरू सञ्चालित रहेको देखिएको छ । यस्ता मुलुकहरूमा सीमित स्रोत तथा साधन र प्रभावकारी व्यवस्थाको अभावमा लक्षित वर्ग/समुदायले सम्पूर्ण रूपमा लाभ प्राप्त गर्न नसकेको अवस्था छ ।

विश्वव्यापी रूपमा रहेका सामाजिक संरक्षणका अभ्यास र विभिन्न राष्ट्रले अवलम्बन गरिआएका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको तुलनात्मक अध्ययन विश्लेषण गर्दा केही समानताका पक्षहरू पनि देखिएका छन् । यो संरचना तयारीको सिलसिलामा ब्राजिल, मेक्सिको, केन्या, दक्षिण अफ्रिका, लेसोथो, पाकिस्तान, इन्डोनेसिया जस्ता विभिन्न भौगोलिक क्षेत्र र आय समूहका मुलुकहरूमा सञ्चालित सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूको सञ्चालन र व्यवस्थापन सम्बन्धमा गरिएको सङ्क्षिप्त तुलनात्मक अध्ययनका आधारमा निम्नानुसारको अवस्था देखिन्छ ।

- देशको अर्थ व्यवस्थाले धान्न सक्ने आर्थिक व्ययभार,
- सामाजिक सुरक्षाको एकीकृत संरचना,
- कार्यक्रमहरू सामाजिक संरक्षण, विपद व्यवस्थापन र मानवीय सहयोगका कार्यहरूमा केन्द्रित
- सरोकारवालाहरूको समन्वय, सहयोग एवम् सक्रियता,
- कार्यक्रमले पुर्याएको सेवा, जनसङ्ख्या र लक्षित समूहको उपयुक्त पहिचान,
- सेवा प्रवाहको संस्थागत प्रबन्ध, र
- कार्यान्वयन क्षमता तथा अनुगमन व्यवस्था ।

युरोपका उच्च आय भएका फ्रान्स र जर्मनी जस्ता देशहरूमा सबै प्रकारका सामाजिक संरक्षणका कार्यक्रममा गरिने सार्वजनिक खर्च कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशतभन्दा माथि रहेको पाइन्छ। दक्षिण अमेरिकी राष्ट्रहरूमा समग्र समाज कल्याण सम्बन्धी कार्यक्रममा भएको यस्तो खर्च कुल गार्हस्थ्य उत्पादनको १ देखि २ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । अफ्रिकी राष्ट्रहरूमा लेसोथो जस्तो गरिबीको चपेटामा परेको र २ लाख भन्दा केही बढी जनसङ्ख्या भएको देशमा यो अनुपात ५ प्रतिशत रहेको छ भने न्यून आय भएको इथियोपियामा १०.२ प्रतिशत रहेको छ । एसिया-प्रशान्त क्षेत्रको इन्डोनेसियामा ०.८४ प्रतिशत रहेको छ । दक्षिण एसियामा उच्च-मध्यम आय भएका श्रीलङ्का र माल्दिभ्सको तुलनामा नेपालको सामाजिक सुरक्षा सम्बन्धी खर्च उच्च (कुल गार्हस्थ्य उत्पादनको २.०६ प्रतिशत) रहेको छ । आ. व. २०५९/६० मा कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशतको हाराहारीमा रहेको नेपालको सामाजिक सुरक्षा र संरक्षणको खर्च आ.व. २०६९/७० मा २.५ प्रतिशत पुगेको विश्व बैंकको विश्लेषण छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) ले गरेको नेपालमा सामाजिक सुरक्षाबारेको अध्ययन अनुसार आ.व. २०६७/६८ मा सामाजिक सुरक्षाको खर्च कुल गार्हस्थ्य उत्पादनको १.९ प्रतिशत रहेकामा आ.व. २०७२/७३ मा २.५ प्रतिशत पुगेको थियो । बजेटको चालु खर्चका अनुपातमा यो अनुपात आ.व. २०६७/६८ मा १२ प्रतिशत रहेकामा आ.व. २०७२/७३ मा १५ प्रतिशत पुगेको देखिन्छ। आ.व. २०७५/७६ मा रू. १३१ अर्ब बराबर रहेको व्यय भार बढेर आ.व. २०७७/७८ मा रू. १४७.४६ अर्ब (कुल वार्षिक विनियोजनको १२.८ प्रतिशत) पुगेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू हनुभन्दा दशकौँ अघिदेखिको निवृतिभरणको भुक्तानीसमेतको दायित्वले हरेक वर्ष यस्तो व्ययभार बढ्दै गएको छ। विश्वका विभिन्न भौगोलिक क्षेत्र र आय समूहका देशहरूमा सामाजिक संरक्षणका लागि गरिएको खर्चको तुलनात्मक विवरण तालिका १.४ मा देखाइएको छ ।

**तालिका १.४: सामाजिक सुरक्षा तथा संरक्षणमा खर्च (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)**

| देश | आय समूह | सामाजिक संरक्षणमा खर्च (कुल गार्हस्थ्य उत्पादनको अनुपात) |
|---|---|---|
| **ल्याटिन अमेरिकी मुलुक** | | |
| ब्राजिल | उच्च मध्यम आय | १.३५ प्रतिशत (२०१५) |
| मेक्सिको | उच्च मध्यम आय | १.७० प्रतिशत (२०१५) |
| अर्जेन्टिना | उच्च मध्यम आय | २.०५ प्रतिशत (२०१५) |
| **अफ्रिकी मुलुक** | | |
| दक्षिण अफ्रिका | उच्च मध्यम आय | ३.३१ प्रतिशत (२०१५) |
| केन्या | निम्न मध्यम आय | ०.४० प्रतिशत (२०१६) |
| लेसोथो | निम्न मध्यम आय | ५.०४ प्रतिशत (२०१७) |
| इथियोपिया | न्यून आय | १.०२ प्रतिशत (२०१६) |
| **पूर्वी एसिया तथा प्रशान्त क्षेत्र** | | |
| मलेसिया | उच्च मध्यम आय | ०.७७ प्रतिशत (२०१४) |
| फिलिपिन्स | निम्न मध्यम आय | ०.७० प्रतिशत (२०१४) |
| इन्डोनेसिया | निम्न मध्यम आय | ०.८४ प्रतिशत (२०१५) |
| म्यान्मार | निम्न मध्यम आय | ०.२७ प्रतिशत (२०१५) |
| **दक्षिण एसिया** | | |
| मालदिभ्स | उच्च मध्यम आय | १.२१ प्रतिशत (२०११) |
| श्रीलङ्का | उच्च मध्यम आय | ०.६६ प्रतिशत (२०१५) |
| पाकिस्तान | निम्न मध्यम आय | ०.५८ प्रतिशत (२०१६) |
| भूटान | निम्न मध्यम आय | ०.३३ प्रतिशत (२००९) |
| बङ्गलादेश | निम्न मध्यम आय | ०.९९ प्रतिशत (२०१६) |
| भारत | निम्न मध्यम आय | १.५२ प्रतिशत (२०१६) |
| अफगानिस्तान | न्यून आय | १.२ प्रतिशत (२०११) |
| नेपाल | न्यून आय | २.०६ प्रतिशत (२०१६) |

*स्रोत: विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, वर्ष ।*

## १.४ नेपालमा सामाजिक सुरक्षा र संरक्षण

नेपालमा हाल सामाजिक सुरक्षा तथा संरक्षणलाई संविधानतः मौलिक हकको रूपमा अवलम्वन गरिएको र यसको दायरा उल्लेख्यरूपमा विस्तार भई जनसङ्याको ठूलो हिस्सा लाभान्वित हुँदै आएको अवस्था छ । नेपालको सन्दर्भमा सामाजिक सुरक्षा भन्नाले निम्न विषयलाई बुझ्नु पर्दछ ।

- जीवनयापनका क्रममा आइपर्ने जोखिम न्यूनीकरण गर्न प्रदान गरिएका नगद तथा वस्तुगत टेवा वा सहायता,
- विपन्न नागरिक लक्षित सामाजिक तथा आर्थिक सेवाको सहज प्राप्तिका लागि सञ्चालित कार्यक्रमहरू,
- विपद्सँग सामना गर्न परिवारलाई उपलब्ध गराइने सहयोग कार्यक्रमहरू,
- सीमान्तकृत तथा बहिष्करणमा परेका नागरिकहरूलाई समानतामा आधारित सम्मानपूर्ण जीवनयापन गर्न सघाउ पुर्याउने खालका आरक्षण, विशेष सेवा र सुविधा ।

समग्रमा नेपालमा सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ:

क. सामाजिक सहायता: आर्थिक तथा सामाजिक रूपले विपन्न तथा विशेष हेरचाहको आवश्यकता भएका वा आधारभूत सेवामा पहुँच नभएका व्यक्ति र परिवारका लागि सामाजिक सहायता प्रदान गरिँदै आइएको छ । यस अन्तर्गत राज्यका तर्फबाट गरिने नगद एवम् वस्तुगत सहयोग, सामाजिक सुरक्षा भत्ता, छात्रवृत्ति, आमा सुरक्षा कार्यक्रम, दिवा खाजा, नि:शुल्क आधारभूत स्वास्थ्योपचार कार्यक्रम आदि पर्दछन् ।

ख. योगदानमूलक सामाजिक सुरक्षा तथा बिमा: जीविकोपार्जन र जोखिमबाट सुरक्षाका लागि गरिने योगदानमूलक सुरक्षा तथा सामाजिक बिमा यस अन्तर्गत पर्दछन् । योगदानमा आधारित निवृत्तिभरण, सामाजिक सुरक्षा कोषका सुरक्षा योजनाहरू, स्वास्थ्य बिमा, दुर्घटना बिमा, आश्रित परिवार सुरक्षा, सन्तति शैक्षिक वृत्ति, सुरक्षित मातृत्वसहितका विभिन्न सुविधाहरू यसमा समेटिएका छन् ।

ग. सीप विकास, श्रम बजारमा पहुँच तथा रोजगारी प्रवर्द्धनका कार्यक्रम:

सामाजिक सहायतालाई सामाजिक सुरक्षा ऐन, २०७५ तथा योगदानमा आधारित सामाजिक सुरक्षाका विषयलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले सम्बोधन गरेको छ । दुवै ऐन सामाजिक संरक्षणका लागि ल्याइएका कानुनी व्यवस्था भए तापनि श्रम बजार, प्रतिस्पर्धा र स्रोत सुनिश्चितताका लागि योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्दै जाने नीति लिएइको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, कामका लागि खाद्यान्न, ग्रामीण समुदाय पूर्वाधार कार्यक्रम, विभिन्न किसिमका सीपमूलक तालिम, बाल श्रम उन्मूलन सम्बन्धी योजना लगायतका कार्यक्रममार्फत अवसरबाट बञ्चित, सीमान्तकृत तथा विपन्न समुदायका लागि सामाजिक सुरक्षा योजनाहरू लागू हुँदै आएका छन् ।

### १.४.१ सामाजिक सुरक्षा प्रवर्द्धनमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार

सङ्घ वा केन्द्र शासित प्रणाली, आंशिक रूपमा प्रत्यायोजित प्रणाली र सङ्घीय सुपरिवेक्षणमा निक्षेपित प्रणाली अपनाएका देशहरूमा सामाजिक संरक्षणको अधिकार बाँडफाँट र निक्षेपणको अवस्था भिन्नभिन्न रहेको छ । सङ्घीय प्रणाली अबलम्बन गरेका राष्ट्रहरूको अध्ययनबाट के देखिएको छ भने सङ्घीय सरकारले प्रदेश र स्थानीय तहका लागि समेत मार्गदर्शन हुने गरी बृहत् नीतिगत ढाँचा तयार गर्दछ । स्थानीय तह कार्यान्वयनमा बढी संलग्न हुन्छन् र वित्तीय क्षमता अनुसार विद्यमान कार्यक्रममा केही नयाँ सुविधाहरू थप्न वा नयाँ योजनाहरू लागू गर्न सक्छन् । कार्यक्रमको दोहोरोपना र स्रोतहरू छरिने समस्यालाई नियन्त्रण गर्न र समन्वयात्मक तथा सहजीकरणको भूमिकामा प्रदेश सरकारहरू प्रभावी देखिएका छन् । सामाजिक सुरक्षाका लागि भारतमा प्रदेश सरकारको आफ्नो छुट्टै स्रोतसहित कार्यक्रमहरू सञ्चालनमा छन् । ब्राजिलमा प्रान्तीय सरकारको भूमिका स्थानीय तहमा प्राविधिक सहयोग उपलब्ध गराउनेमा सीमित रहेको पाइन्छ । नेपालको सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय सरकारको संवैधानिक प्रावधान अनुसार नै अपेक्षित भूमिकालाई स्पष्ट गर्नुपर्ने अवस्था रहेको छ ।

### १.४ .२ सामाजिक सुरक्षा सम्बन्धी कानुनी व्यवस्था र दिगो विकासका लक्ष्य

नेपालको संविधान र नेपाल सरकारको कार्य विस्तृतीकरण तथा जिम्मेवारी बाँडफाँट अनुरूप सामाजिक सुरक्षा प्रबर्द्धनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका देहाय बमोजिम रहेको छ ।

#### क) संवैधानिक व्यवस्था

नेपालको संविधानले मौलिक हकअन्तर्गत नै खाद्य, आवास, शिक्षा, स्वास्थ्य, रोजगारी र श्रमको हकसँगै छुट्टाछुट्टै धारामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिका हकको प्रत्याभूति गरेको छ, जसले सामाजिक संरक्षणलाई आधार वा टेवा प्रदान गर्दछ । कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधामा सबैको हक हुने व्यवस्था संविधानले गरेको छ । राज्यका नीतिअन्तर्गत नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति शीर्षकमा सामाजिक संरक्षणका विविध आयाम सम्बन्धी स्पष्ट व्यवस्थाहरू गरिएका छन् ।

यसैगरी सामाजिक सुरक्षा र संरक्षण सम्बन्धमा संविधानको अनुसूची तथा कार्य विस्तृतीकरण प्रतिवेदनले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सम्बन्धी देहायअनुसारको व्यवस्था गरेको छ ।

**तालिका १.५: नेपालको संविधानमा गरिएका केही सामाजिक सुरक्षाका व्यवस्था**

| क्र.सं. | धारा | मौलिक हक | विवरण |
|---|---|---|---|
| १ | ३३ | रोजगारीको हक | प्रत्येक नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ। |
| २ | ३४ | श्रमको हक | प्रत्येक नागरिकलाई उचित श्रम अभ्यास गर्ने, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ। |
| ३ | ३५ | स्वास्थ्यसम्बन्धी हक | प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। |
| ४ | ३६ | खाद्यसम्बन्धी हक | प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ। |
| ५ | ३७ | आवासको हक | प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। |
| ६ | ३८ | महिलाको हक | प्रत्येक महिलालाई सकारात्मक विभेदका आधारमा सामाजिक सुरक्षामा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |
| ७ | ३९ | बालबालिकाको हक | असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ। |
| ८ | ४० | दलितको हक | दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ। |
| ९ | ४१ | ज्येष्ठ नागरिकको हक | ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ। |
| १० | ४२ | सामाजिक न्यायको हक | अपाङ्गता भएका व्यक्तिसहित विभिन्न समुदायलाई सामाजिक न्यायको हक हुनेछ। |
| ११ | ४३ | सामाजिक सुरक्षाको हक | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |

*स्रोत: महालेखा नियन्त्रकको कार्यालय, २०७६।*

**तालिका १.६: सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहकोको अधिकार**

<table>
<tr><th colspan="4">नेपालको संविधान</th></tr>
<tr><th>अधिकार सूची</th><th>सङ्घ</th><th>प्रदेश</th><th>स्थानीय तह</th></tr>
<tr><td>एकल अधिकार सूची</td><td>सामाजिक सुरक्षा र गरिबी निवारण (अनुसूची-५ को ३२)</td><td></td><td>ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन (अनुसूची-८ को १६)</td></tr>
<tr><td>साझा अधिकार सूची</td><td colspan="2">सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य (अनुसूची-७ को ११)</td><td></td></tr>
<tr><td></td><td colspan="3">सामाजिक सुरक्षा र गरिबी निवारण (अनुसूची-९ को १०)</td></tr>
<tr><td colspan="4">कार्य विस्तृतीकरण प्रतिवेदन</td></tr>
<tr><td>एकल तथा साझा अधिकार सूचीको बाँडफाँट र विस्तृतीकरण</td><td>▪ सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन<br>▪ श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन<br>▪ सामाजिक सुरक्षा कोष सम्बन्धी नीति, कानुन, कोष सञ्चालन तथा नियमन<br>▪ छात्रवृत्ति र विद्वतवृत्ति सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण<br>▪ स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन</td><td>▪ प्रदेश विकास नीति, अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन<br>▪ प्रदेशभित्र सामाजिक सुरक्षा तथा रोजगारी सम्बन्धी नीति, योजना, कार्यक्रम, मापदण्ड निर्धारण र स्थानीय सरकारको समन्वयमा कार्यान्वयन<br>▪ श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन<br>▪ राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन<br>▪ उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन<br>▪ सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन<br>▪ पहिचान भएका गरिब घरपरिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी व्यवस्थापन</td><td>▪ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड र नियमन<br>▪ स्थानीय सरकारले तर्जुमा गरी लागू गरेका नीति, कानुन मापदण्ड, निर्णय कार्यान्वयन<br>▪ सङ्घ र प्रदेशद्वारा निर्धारण गरिएका मापदण्ड बमोजिम स्थानीयस्तरमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन<br>▪ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन<br>▪ पहिचान भएका एवम् लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन<br>▪ स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन<br>▪ विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन</td></tr>
</table>

## ख) दिगो विकास लक्ष्य र सामाजिक सुरक्षा सम्बन्धी कानुनी व्यवस्था

नेपालमा दिगो विकास लक्ष्य तथा सो सम्बद्ध सूचक, सामाजिक सुरक्षा एवम् संरक्षण प्रबर्द्धन कार्यक्रममा राज्यको लगानी र विद्यमान कानुनी व्यवस्था देहाय बमोजिम रहेको छ ।

**तालिका १.७ : सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी दिगो विकास लक्ष्यका सूचकहरू**

| दिगो विकास लक्ष्य | | | |
|---|---|---|---|
| क्र. स. | सूचक | सामाजिक सुरक्षामा खर्चको प्रतिशत (आ. व. २०७६/७७) | कानुनी व्यवस्था |
| लक्ष्य: १ | लक्ष्य: १ ङु सबै प्रकारको गरिबी अन्त्य गर्ने | १.५९ | ▪ नेपालको संविधानमा मौलिक हक र राज्यका नीतिहरूको प्रावधान<br>▪ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>▪ स्वास्थ्य बिमा ऐन, २०७४<br>▪ आवासको अधिकार सम्बन्धी ऐन, २०७५ |
| गन्तव्य:१.३ | ▪ गरिब र जोखिमपूर्ण स्थितिमा रहेका मानिसहरूको सामना गर्ने क्षमताको निर्माण गर्ने र वातावरणसँग सम्बन्धित विपदजन्य प्रकोप तथा अन्य आर्थिक, सामाजिक र वातावरणीय असर तथा विपद्सँगको उनीहरूको संसर्गलाई न्यून गर्ने /हटाउने | | |
| लक्ष्य: ३ | ▪ स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको हितको प्रबर्द्धन गर्ने | ५.३८ | ▪ जनस्वास्थ्य सेवा ऐन, २०७५<br>▪ सामाजिक सुरक्षा ऐन, २०७५<br>▪ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४<br>▪ ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३<br>▪ अपाङ्ता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४<br>▪ बालबालिका सम्बन्धी ऐन, २०७५<br>▪ उपभोक्ता हित संरक्षण ऐन, २०५४<br>▪ निवृत्तिभरण कोष ऐन, २०७५<br>▪ कर्मचारी सञ्चय कोष ऐन, २०१९<br>▪ नागरिक लगानी कोष ऐन, २०७५ |
| **लक्ष्य: ४** | ▪ समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने | | ▪ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ |

| दिगो विकास लक्ष्य | | | |
|---|---|---|---|
| क्र. स. | सूचक | सामाजिक सुरक्षामा खर्चको प्रतिशत (आ. व. २०७६/७७) | कानुनी व्यवस्था |
| लक्ष्य: ५ | ▪ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने | ०.०५ | ▪ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५<br>▪ घरेलु हिंसा (सजाय र कसुर) ( ऐन, २०६६<br>▪ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४<br>▪ मुलुकी अपराध संहिता, २०७४<br>▪ राष्ट्रिय महिला आयोग ऐन, २०७४<br>▪ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५<br>▪ जनस्वास्थ्य सेवा ऐन, २०७५<br>▪ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१<br>▪ बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ |
| लक्ष्य: ८ | ▪ सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने । | ३.२६ | ▪ श्रम ऐन, २०७४<br>▪ निजामती सेवा ऐन, २०४९<br>▪ रोजगारीको हक सम्बन्धी ऐन, २०७५ |
| लक्ष्य: १० | ▪ देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने । | | ▪ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४<br>▪ जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन,२०६८ |
| लक्ष्य: १६ | ▪ न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने | १.३६ | ▪ संविधानको प्रस्तावना, मौलिक हक र राज्यका नीतिहरू |

## १.४ .३ नेपालमा सामाजिक सुरक्षाका कार्यक्रम

नेपालमा सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रमहरू सामाजिक सहयोग, सामाजिक बिमा, जीविकोपार्जन, सामाजिक रेखदेख वा स्याहार, जोखिमबाट सुरक्षा, रोजगारी तथा श्रम र योगदानमूलक कार्यक्रमहरूको रूपमा विषयगत मन्त्रालय र निकायहरूबाट सञ्चालित छन् । सरकारी, गैरसरकारी, समुदायिक एवम् औपचारिक क्षेत्रमा सञ्चालित कार्यक्रमहरू देहायको विषय क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

- कृषि (बिमा), खाद्य तथा पोषण र सुरक्षित नागरिक आवास
- स्वास्थ्य सेवा 'विपन्न नागरिक औषधि उपचार, आमा सुरक्षा कार्यक्रम आदि'
- शिक्षा तथा प्राविधिक सीप विकास
- समाज कल्याण
- श्रम र रोजगारी
- विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण 'उद्धार, राहत र पुर्नस्थापना'
- निबृत्तिभरण, उपदान, सञ्चय कोष, लगायत सामाजिक बिमा
- सामाजिक सुरक्षा कोषका कार्यक्रमहरू

तर, अनौपचारिक क्षेत्र राष्ट्रिय अर्थतन्त्रको दायरामा पूर्णरूपमा आउन नसकेको हुँदा देहायका कार्यहरूमा संलग्न व्यक्ति, कामदार एवम् श्रमिकहरूको लागि हालसम्म सामाजिक सुरक्षाको प्रबन्ध हुन सकेको छैन ।

- कृषि तथा कृषि सम्बद्ध व्यवसायमा स्वरोजगार व्यक्तिहरू
- गैर-व्यावसायिक पशुपालन, माहुरीपालन, दुग्ध उत्पादन जस्ता क्षेत्रमा कार्यरत व्यक्तिहरू
- दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरू
- सडक तथा फुटपाथमा व्यापार गर्ने व्यक्तिहरू
- अनौपचारिक रूपमा आफ्नै घर वा सानातिना हाट बजारमा व्यवसाय गर्दै आएका व्यक्तिहरू
- धातु तथा काष्ठजन्य शील्पकला सम्बन्धी कामदारहरू
- सिकर्मी, डकर्मी तथा खानीजन्य निर्माणमा संलग्न व्यक्तिहरू
- सार्वजनिक सवारी सञ्चालनमा संलग्न व्यक्तिहरू/श्रमिकहरू
- अनौपचारिक क्षेत्रका अन्य श्रमिकहरू
- असङ्गठित रूपमा रहेका लघु, साना तथा घरेलु उद्योगीहरू

यसैगरी वैदेशिक रोजगारीमा गएका कामदारहरूका लागि सामाजिक संरक्षणको भरपर्दो प्रावधानको विकास गर्न सकिएको छैन। हाल सामाजिक सुरक्षा एवम् संरक्षणसँग सम्बन्धित कार्यक्रमहरू विभिन्न मन्त्रालय र अन्तर्गतका विभागहरू एवम् विभिन्न नामबाट सञ्चालित कोषहरूबाट कार्यान्वयन भएको देखिएको छ। यसरी सञ्चालित कार्यक्रमहरू सेवा सुविधा प्रवाहको दृष्टिकोणले १६ प्रकारका देखिएका छन् भने सञ्चालन भएका कार्यक्रम र सुविधाहरूको सङ्ख्या ८० भन्दा धेरै देखिएको छ। यसमध्ये सामाजिक सहयोगसम्बन्धी ३९ वटा, सामाजिक बिमा तथा अनुदान सम्बन्धी २० वटा, योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी ११ वटा, श्रम बजार र रोजगारी व्यवस्थापन सम्बन्धी ६ वटा, कानुनी सहायता सम्बन्धी एक वटा कार्यक्रम रहेका छन्। सबैभन्दा धेरै कार्यक्रमहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र गृह मन्त्रालय अन्तर्गत रहेका छन्। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका बहालवाला र सेवा निवृत्त एवम् तिनका परिवारका आश्रित सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध क्षेत्रहरूमा कल्याणकारी कोष मार्फत सहयोग तथा सहायताहरू र बिमा सम्बन्धी कार्यहरू सञ्चालन हुँदै आइरहेका छन्।

वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्किआएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा संरक्षण र स्वदेश फिर्ता लगायतका उद्धार कार्यमा वैदेशिक रोजगार कल्याणकारी कोषबाट सहायता प्रदान हुँदै आएको छ। स्थानीय तहबाट सुत्केरी स्याहार, बालबालिका संरक्षण, पशुधन सुरक्षा लगायतका सामाजिक सुरक्षा सम्बन्धी गतिविधिहरूमा खर्च हुँदै आएको छ। पर्वत जिल्लाको महाशिला गाउँपालिकाको 'एक घर एक रोजगार कार्यक्रम', सप्तरीको तिलाठी-कोइलाडी गाउँपालिकाको 'बाल विवाह मुक्त गाउँपालिका' बनाउने प्रयास र झापाको कन्काइ नगरपालिकालको 'मजदुर हितकोष तथा बिमा कार्यक्रम' यस सम्बन्धी केही उदाहरण हुन्। स्थानीय तहबाट सञ्चालित सामाजिक संरक्षणका कार्यक्रमहरूका एकीकृत अभिलेख उपलब्ध हुन नसक्दा यस्ता कार्यक्रमको प्रभावकारिता मापन हुन सकेको छैन।

यसैगरी, समाज कल्याण परिषद्अन्तर्गत अपाङ्ग कल्याण कोषमार्फत नेपालभरका अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क रूपमा ह्विलचेयर, सेतो छडी, कृत्रिम हातखुट्टासहित सहायक सामग्रीहरू उपलब्ध गराउदै आइएको छ। विपद्का समयमा जोखिममा रहेका समुदायको आवश्यकतालाई सम्बोधन गर्न वि. सं. २०७२ को भूकम्प प्रभावितहरूलाई नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घ बाल विकास कोष (युनिसेफ) को संयुक्त प्रयासमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमकै नियमित प्रणालीको उपयोग गरी बृहद्स्तरमा आपतकालीन सहयोगकास्वरुप भूकम्प प्रभावित जिल्लाका बालबालिका, अपाङ्ता भएका व्यक्ति, एकल महिला र ज्येष्ठ नागरिक लक्षित थप नगद सहयोग सम्बन्धी कार्यक्रम सफलरूपमा कार्यान्वयन गरिएको थियो। यस्तै, २०७६/७७ को विश्वव्यापी कोभिड-१९ महामारीका कारण सर्वाधिक प्रभावित भएका अनौपचारिक क्षेत्रका श्रमिक, ज्येष्ठ नागरिक र विपन्न समुदायका लागि स्थानीय तहमार्फत् राहतका कार्यक्रम सञ्चालन गरिएको थियो। यसबाट करिब १८ लाख परिवार लाभान्वित भएका थिए। यसका अलवा रोजगारी गुमाएहरूका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत १०० दिनको रोजगारी व्यवस्थापन गरिएको थियो। नेपालमा विभिन्न निकायहरूबाट सञ्चालित सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रमहरूको सङ्क्षिप्त झलक तलको तालिकाज्ञ.ड मा प्रस्तुत गरिएको छः

**तालिका १.८: सामाजिक सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूको सङ्क्षिप्त झलक**

| कार्यक्रम क्षेत्र / प्रमुख कार्यक्रम | स्कीम तथा सुविधा (सङ्ख्या) |
|---|---|
| **'क' सामाजिक सुरक्षा कार्यक्रम** | **४७** |
| सामाजिक सुरक्षा भत्ता | ९ |
| उद्धार तथा राहत | ४ |
| राहत तथा पुनर्स्थापना | २ |
| छात्रवृत्ति | १० |
| विद्यालय दिवा खाजा कार्यक्रम | २ |
| खोप तथा रोग नियन्त्रण कार्यक्रम | ३ |
| स्वास्थ्य सेवा | ८ |
| निःशुल्क स्वास्थ्य जाँच | ६ |
| आवासको हक | २ |
| **'ख' सामाजिक बिमा** | **१९** |
| आमा सुरक्षा कार्यक्रम | ३ |
| बालकल्याण कार्यक्रम | २ |
| सुरक्षित आवास कार्यक्रम | २ |
| समाज कल्याण | ४ |
| ब्याज, बिमा र राहत अनुदान, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष, स्वास्थ्य बिमा, यातायातमा तेस्रो पक्ष बिमा, बाली र पशु बिमा | १० |
| 'ग' योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम | ११ |
| 'घ' श्रम बजार र रोजगारी | ६ |
| 'ङ' कानुनी सहायता | १ |
| 'च' अन्य | १३ |
| **कुल** | **८४** |

सामाजिक संरक्षणका लागि सञ्चालित कार्यक्रमको सेवा, सुविधा र सहुलियत सम्बन्धी सङ्क्षिप्त विवरण, उपलब्धताको समय, सुविधा प्रदान गरिने माध्यम, लक्षित वर्ग, लाभग्राही सङ्ख्या, वार्षिक बजेट लगायतका नक्शाङ्कन विवरण अनुसूची २ मा दिइएको छ। अनुसूची-घ मा अधिकार, आवस्यकता र योगदानमा आधारित छ।

माथि उल्लिखित ८४ वटा कार्यक्रमहरू मध्ये मौलिक हकका रूपमा राज्यको दायित्व भित्र पर्ने विषय क्षेत्रका अधिकारमा आधारित कार्यक्रमको सङ्ख्या १२ वटा, आवश्यकतामा आधारित १८ वटा, अधिकार र आवश्यकता दुवैसँग सम्बन्धित ८ वटा र पूर्णतः योगदानमा आधारित कार्यक्रमको सङ्ख्या ४ वटा रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ। सामाजिक सुरक्षासँग सम्बन्धितधेरैजसो कार्यक्रमहरू सङ्घीय स्रोतबाट सञ्चालन हुँदै आएका छन्। स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने आधारभूत शिक्षा र स्वास्थ्य लगायत सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका सामाजिक सुरक्षा कार्यक्रमहरू पनि सङ्घबाटै स्रोत व्यवस्थापन गरी सञ्चालन भएको अवस्था छ। संवैधानिक अधिकारहरूलाई दृष्टिगत गर्दा स्थानीय तहको अधिकार क्षेत्रका र स्थानीय तहबाट सञ्चालन गरिनुपर्ने कार्यक्रम २० वटा छन्। यस सम्बन्धी विस्तृत नक्शाङ्कन अनुसूची ४ मा दिइएको छ।

### १.४.४ लक्षित समूह र उद्देश्यका आधारमा सामाजिक सुरक्षाका कार्यक्रमहरू

सामाजिक सुरक्षा कार्यक्रमहरूको उद्देश्य र यी कार्यक्रमका लक्षित समूह वा लाभाग्राहीको प्रकार र प्रकृतिका आधारमा हाल सञ्चालित कार्यक्रमहरूलाई देहायअनुसार उल्लेख गरिएको छ ।

## क. जीवनयापनका लागि सहायता र सामाजिक कल्याणका कार्यक्रम

१. ज्येष्ठ नागरिक भत्ता
२. एकल महिला भत्ता
३. अपाङ्गता भत्ता
४. लोपोन्मुख आदिवासी जनजाति भत्ता
५; बालपोषण भत्ता
६. दलित विद्यार्थी छात्रवृत्ति
७. बालिका छात्रवृत्ति
८. अपाङ्गता छात्रवृत्ति
९. विपन्न छात्रवृत्ति
१०. सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति
११. सडक बालबालिका तथा बालश्रमिक छात्रवृत्ति
१२. सहिदका छोराछोरीका लागि छात्रवृत्ति
१३. मुक्त कमलरी छात्रवृत्ति
१४. हिमाली आवासीय छात्रवृत्ति
१५. अन्य छात्रवृत्ति
१६. विद्यालय खाजा कार्यक्रम
१७. निःशुल्क आधारभूत र माध्यमिक शिक्षा
१८. निःशुल्क उच्च शिक्षा
१९. ज्येष्ठ नागरिक यातायात सहुलियत
२०. समाज कल्याण कार्यक्रम (सेफ हाउस, अनाथालय, वृद्धाश्रम आदि सञ्चालन)
२१. बाल कल्याण सहयोग
२२. दिवा शिशु स्याहार केन्द्र
२३. अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क सहायक सामग्री वितरण कार्यक्रम
२४. खाद्यान्न ढुवानी अनुदान
२५. कण्ठरोग नियन्त्रण
२६. सुरक्षित नागरिक आवास कार्यक्रम
२७. जनता आवास कार्यक्रम
२८. मुक्त हलिया अनुदान
२९. जग्गा स्वामित्व प्राप्तिमा छुट
३०. निःशुल्क कानुनी सहायता
३१. काजक्रिया खर्च (कर्मचारी सञ्चयकोषबाट)
३२. वृद्धावस्था संरक्षण
३३. मातृत्व सुरक्षा योजना
३४. आश्रित परिवार सुरक्षा
३५. कल्याणकारी कोषका कार्यक्रम (सैनिक, प्रहरी र सशस्त्र प्रहरी बल)
३६. निजी आवास पुनर्निर्माण अनुदान (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण)

## ख. उत्पादन तथा रोजगारी वृद्धि लक्षित कार्यक्रम

१. विशेष कृषि उत्पादन कार्यक्रम
२.. बाली तथा पशुपन्छी बिमा
३. बर्ड फ्लु क्षतिपूर्ति वितरण
४. कृषि क्षेत्र विपद् व्यवस्थापन कार्यक्रम
५. उखु उत्पादक किसान अनुदान
६. ब्याज अनुदान
७. जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान
८. वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाको परिवारलाई आर्थिक सहायता
९. वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका र गम्भीर बिरामी भएका कामदारलाई दिइने आर्थिक सहायता
१०. वैदेशिक रोजगार छात्रवृत्ति
११. सशस्त्र द्वन्द्वबाट घाइते, अङ्गभङ्ग, अपाङ्गता भएका व्यक्ति वा मृतकका परिवारलाई क्षतिपूर्ति र भरणपोषण
१२.. प्रधानमन्त्री रोजगार कार्यक्रम
१३. युवा स्वरोजगार कोष

## ग. विपद् जोखिम प्रतिकार्य तथा स्वास्थ्य सेवा लक्षित कार्यक्रम

१. विपद् वा प्रकोपबाट मृत्यु हुनेका परिवारका लागि राहत तथा उद्धार
२. विपद् वा प्रकोपको समयमा तत्काल राहत कार्यक्रम
३. विपदको कारण घर पूर्णक्षति भएका परिवारलाई राहत
४. शीतलहर प्रभावित परिवारलाई राहत
५. राहत तथा पुर्नस्थापना कार्यक्रम
६. स्यानिटरी प्याड वितरण
७. आमा सुरक्षा कार्यक्रम
८. प्रसुति पूर्वको सेवा
९. सुत्केरी विदा
१०. आमा र बच्चा पोषण परिपूरण कार्यक्रम
११. एड्स तथा यौनरोग नियन्त्रण
१२. कुष्टरोग नियन्त्रण कार्यक्रम
१३. सरूवा रोगहरूको निःशुल्क उपचार

१४. विपन्न स्वास्थ्य उपचार कार्यक्रम
१५. निःशुल्क जाँच तथा उपचार
१६. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार
१७. पाठेघरको मुखको क्यान्सर जाँच
१८. रेबिज विरूद्धको खोप
१९. सर्पदंशको उपचार
२०. आङ् खस्ने रोगको उपचार
२१. निःशुल्क खोप सेवा
२२. निःशुल्क आधारभूत स्वास्थ्य सेवा
२३. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार
२४. राष्ट्रपति महिला उत्थान कार्यक्रम/ हवाइ उद्धार सेवा
२५. उपचार खर्च (कर्मचारी सञ्चय कोषबाट)
२६. सुत्केरी तथा शिशु हेरचाह (कर्मचारी सञ्चय कोषबाट)
२७. घातक रोग उपचार खर्च (कर्मचारी सञ्चय कोषबाट)
२८. औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना
२९. दुर्घटना तथा अशक्तता सुरक्षा

### घ. सम्भावित जोखिम बहन गर्ने क्षमता अभिवृद्धिका लागि बिमा र योगदानमूलक कार्यक्रम

१. निवृतिभरण
२. उपदान
३. योगदानमा आधारित निवृतिभरण कोष
४. स्वास्थ्य बिमा बोर्डका कार्यक्रम
५. निःशुल्क स्वास्थ्य बिमा
६. यातायातमा तेस्रो पक्षीय दुर्घटना बिमा
७. महामारी तथा प्रकोपजन्य विशेष बिमा (कोरोना बिमा)
८. कर्मचारी सञ्चय कोष
९. श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम

## १. ४.५ नीतिगत व्यवस्था

नेपाल सरकारले संवैधानिक अधिकारहरूलाई क्रमिक रूपमा सम्बोधन गर्दै लैजानका लागि धेरै नीतिगत र कानुनी व्यवस्था गर्दै आएको छ। यसैगरी, योजना, रणनीति र कार्यक्रमहरू पनि कार्यान्वयन गर्दै लगेको छ। बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति र कार्ययोजना २०६३, आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति २०६३, राष्ट्रिय युवा नीति २०७२, अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६, राष्ट्रिय रोजगार नीति २०७१, वैदेशिक रोजगार नीति २०६८, राष्ट्रिय आवास नीति २०६८, जलउत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय स्वास्थ्य नीति २०७१, राष्ट्रिय पोषण नीति तथा रणनीति २००८ लगायतका नीतिहरूले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सामाजिक संरक्षणका कार्यक्रम कार्यान्वयनका लागि नीतिगत व्यवस्थाहरू गरेका छन्।

आर्थिक रूपले विपन्न, अशक्त र असहाय तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने अवस्थामा रहेका व्यक्ति तथा परिवारको सामाजिक संरक्षण गर्ने दृष्टिकोणका साथ ल्याइएका क्षेत्रगत नीतिहरूको कार्यान्वयनबाट कुल जनसङ्ख्याको १७ प्रतिशत भन्दा बढी व्यक्तिहरू लाभान्वित भएको अवस्था छ। सामाजिक सुरक्षा भत्ताको रूपमा प्रवाह हुने नगद सहयोगको हिस्सा प्रारम्भकाल यता कैयौं गुणाले वृद्धि भएको छ। यस्तो दायित्व थेग्नयोग्य आर्थिक क्षमताभित्र राख्नसके वा क्रमिक रूपमा कम गर्नसकेमा र अन्य अनौपचारिक क्षेत्रलाई समेत समेट्न सकेमा दिगो र प्रभावकारी हुन सक्छन्। हाल सामाजिक सुरक्षामा भएको खर्च परिमाण कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशत भन्दा बढी देखिएको छ। यो परिमाण अन्य देशको अभ्यास र खास गरेर दक्षिण एसियाली मुलुकहरूको तुलनामा निकै उच्च रहेको छ।

निजामती कर्मचारी, सेना, प्रहरी, शिक्षक र सङ्गठित क्षेत्रका श्रमिक लगायतको निवृतिभरणमा सरकारको दायित्व क्रमशः कम गर्दै लैजान योगदानमा आधारित सामाजिक सुरक्षाका उपायहरू प्रारम्भ भए तापनि ती कार्यक्रमहरूमा आबद्धताको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि हुन सकेको छैन। राष्ट्रिय ढुकुटीबाट प्रदान गरिने निवृतिभरणको बढ्दो दायित्वको दिगो र धान्न सकिने गरी व्यवस्थापन गर्न योगदानमा आधारित निवृतिभरण कार्यक्रम केही वर्ष यता आरम्भ गरिएको छ।

विपद् जोखिम न्यूनीकरण, उद्धार, राहत र पुनर्स्थापनासम्बन्धी कार्यमा गृह मन्त्रालयको अतिरिक्त विषयगत मन्त्रालयहरूको नियमित विनियोजन र प्रधानमन्त्री राहत कोषबाट खर्च गर्ने गरिएको छ। प्रदेश तथा स्थानीय तहबाट विपद्जन्य आकस्मिक कार्यका लागि स्थानीयस्तरमा नगद सहयोग तथा अन्य वस्तुगत खर्चहरू हुँदै आएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनबमोजिम सबै प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन कोष स्थापना गरी योगदान रकम जम्मा गर्ने गरिएको छ।

स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न र स्वास्थ्य बिमाद्वारा व्यक्तिको स्वास्थ्य सम्बन्धी वित्तीय जोखिम न्यूनीकरण गर्न स्वास्थ्य बिमा कार्यक्रम सबैको पहुँचमा पुर्याउने कार्य प्रारम्भ भएको छ। स्वास्थ्य बिमा लागू भएपश्चात निःशुल्क स्वास्थ्य सेवामा हुने सरकारी खर्च क्रमिकरूपले घट्दै जाने हुन्छ। सङ्घीय सरकारको वित्तीय सहयोगमा सञ्चालित सामाजिक संरक्षणका कार्यक्रमहरू प्रत्येक वर्ष सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय स्तरको सञ्चितकोष मार्फत र सङ्घीय कार्यक्रमको हकमा मन्त्रालयगत शीर्षकहरूमा विनियोजन भएको बजेटको अधिनमा रही मन्त्रालयको नियमित कार्यक्रमको रूपमा कार्यान्वयन हुँदै आएका छन्।

नेपाल सरकारले सञ्चालन गरेको बालपोषण कार्यक्रमबाट कुपोषण नियन्त्रण, जन्म दर्ता वृद्धि, बाल आहार र बाल स्वास्थ्यमा सुधार भएको पाइएको छ। यस कार्यक्रमबाट प्रारम्भिक खर्च रकम उपलब्ध भएसँगै जोखिममा रहेका बालबालिका र अन्य लाभग्राही समुदायमा नगद प्रवाहको पद्धति स्थापना गर्न मद्दत मिलेको छ। बालपोषण कार्यक्रमको विस्तारको माग अनुरूप गरिबीको रेखामुनी रहेका परिवारका बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो पारिएको छ। सामाजिक सुरक्षा भत्ता सहजरूपमा समयमै उपलब्ध गराउन बैकिङ प्रणालीबाट भुक्तानी दिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। विश्व बैङ्क र अन्य दातृ संस्थाहरूको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना हाल सञ्चालनमा छ। सामाजिक सुरक्षाका क्षेत्रमा नीतिगत तथा कानुनी पूर्वाधार र नियमनकारी संरचनाको विकास गर्ने नीति अनुरूप मौलिक हक सम्बन्धी एक दर्जन भन्दा बढी कानुनहरू निर्माण भएका छन्। योगदानमूलक स्वास्थ्य एवम् सामाजिक बिमालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति अनुरूप सहकारी क्षेत्रमा सुरक्षण (बिमा) का कार्यक्रमहरूको सञ्चालन र विस्तार गर्ने कार्य प्रारम्भ भएको छ। सामाजिक सुरक्षालाई लक्षित वर्गमा विस्तार गर्दै लैजान सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूको केन्द्रीकृत अनुगमन प्रणालीको विकास र कार्यान्वयन गर्न आवश्यक पर्ने नियमनकारी निकाय स्थापना गर्ने कार्य पनि प्रारम्भ भएको छ।

## १. ४.६ सामाजिक सुरक्षा सम्बन्धी प्रमुख चुनौती, तथा समस्या

### क) चुनौती

नेपालमा दशकौंदेखि मुलुकभर व्यापक रूपमा सामाजिक सुरक्षा कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्, तर यी कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, बजेट विनियोजन, दायरा र सेवाको गुणस्तरमा देखिएका कमजोरीहरूका कारण यस्ता कार्यक्रमले लक्षित प्रतिफल दिन सकेका छैनन् भने अर्कातिर राज्यको दायित्व पनि बढ्दै गएको देखिए पनि आमनागरिकले सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी नभएको अनुभूति गर्ने गरेका छन्। बढ्दो दायरामा रहेका यस्ता कार्यक्रमहरूको दीगोरुपैमा व्यवस्थापन र सञ्चालन गर्नु चुनौतीपूर्ण छ। चालु पन्ध्रौं योजनाले सामाजिक सुरक्षा तथा संरक्षणका क्षेत्रमा देहाय अनुसारका चुनौती रहेको उल्लेख गरेको छ।

- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबैको आबद्धता बढाउनु,
- सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजनालाई वित्तीय रूपमा दिगो बनाउनु,
- सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आबद्ध गर्नु,
- जोखिममा रहेका वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूमा उनीहरूको पहुँच सुनिश्चित गर्नु,
- सामाजिक सुरक्षा र सरंक्षणमा सङ्गठित निजी क्षेत्र र अनौपचारिक क्षेत्रबाट ठूलो दायित्व वहन गराउनु र
- ठूलो राजनीतिक महत्वाकांक्षा, राज्यको असीमित दायित्व र सानो वित्तीय क्षमता बीच सन्तुलन कायम गरी सामाजिक सुरक्षा योजना र कार्यक्रमको स्वचालित तथा दिगो प्रणाली स्थापना गर्नु।

### ख) समस्या

#### १. कानुनी व्यवस्थाः

नेपालमा लामो समयदेखि सामाजिक सुरक्षाका फरक-फरक कार्यक्रमहरू सञ्चालित हुँदै आए पनि ती कार्यक्रम आ-आफ्नै ऐन-कानुन, नियमावली, निर्देशिका तथा कार्यविधिद्वारा मार्गनिर्देशित हुँदै आएकाले कानुनी र संरचनागत एकरूपता छैन। सामाजिक सुरक्षा ऐन-२०७५

ले केही नीतिगत व्यवस्थाहरू गरेको भए पनि यसको मूल दायरा कल्याणकारी कार्यक्रमहरूमा मात्र सीमित भएकाले यसअघि नै सञ्चालित र छरिएर रहेका सामाजिक संरक्षणका अन्य व्यवस्थालाई समेट्न सकेको देखिँदैन । यसर्थ, सबै प्रकारका सामाजिक संरक्षण सञ्जालमा रहेका कार्यक्रमहरूलाई समेट्ने गरी यो ऐनमा संशोधन गर्नुपर्ने आवश्यकता छ ।

## २. संस्थागत व्यवस्थाः

अहिले भिन्दाभिन्दै निकायहरूले विभिन्न खालका सामाजिक सुरक्षा योजना कार्यान्वयन गरिरहेका कारणले तिनीहरूबीच दोहोरोपन हुने, एकरूपता नहुने, अनुगमन र मूल्याङ्कनमा समस्या देखिने लगायतका समस्या देखिएका छन । विषयगत मन्त्रालयहरू र सामाजिक संरक्षणका अभिभारा लिएका निकायहरू सम्मिलित यस संयन्त्रको बहुउत्तरदायित्व हुनेछ, जसले सामाजिक सुरक्षा संरचनाको मानकीकरण गरी कार्यान्वयन रणनीति बनाउने छ । मन्त्रिपरिषद्ले प्रधानमन्त्रीकै अध्यक्षतामा एक राष्ट्रिय सामाजिक संरक्षण सम्बन्धी समिति वा परिषद गठन गरेर त्यसका मातहतमा उच्चस्तरको राष्ट्रिय सामाजिक संरक्षण व्यवस्थापन प्राधिकरण वा सो सरहको संरचना बनाउनु आवश्यक देखिएको छ । संरचानमा सरकारका सम्बन्धित सबै निकायबाहेक सामाजिक सुरक्षाका क्षेत्रमा विद्यमान सबै कोषहरू, निजी क्षेत्र, सामुदायिक संस्थासमेतको प्रतिनिधित्व रहने व्यवस्था गर्नुपर्नेछ ।यस्तो किसिमको संरचना प्रदेश र स्थानीय तहमा समेत गठन गरिनेछ भने कार्यान्वन तहको संयन्त्र विकेन्द्रित गरिनेछ ।

## ३. अन्य योजना, नीति तथा रणनीतिसँग समन्वय

नेपालमा सञ्चालित विकासका योजना, नीति, रणनीति र कार्यक्रमहरूले फरक-फरक रूपमा सामाजिक सुरक्षाका विविध आयामलाई सम्बोधन गर्दै आएका हुनाले देखिएका समस्यालाई एकीकृत सामाजिक सुरक्षा संरचनाले सम्बन्धित नीतिहरूबीच तादम्यता कायम गर्नु पर्दछ । गरिबी न्यूनीकरणदेखि रोजगारी सिर्जनासम्मका प्राथमिकता प्राप्त एजेन्डासँग सामञ्जस्य भएका योजना तथा कार्यक्रमको मात्र प्रभावकारिता बढी हुन्छ । अन्तर-मन्त्रालयगत, अन्तर-क्षेत्रगत, अन्तर-निकायगत समन्वयका अभावमा सामाजिक सुरक्षाका कार्यक्रमहरू प्रभावकारी हुन नसकेको वर्तमान परिवेशमा अन्तर-मन्त्रालय, अन्तर-क्षेत्रगत, अन्तर-निकायगत सम्बन्ध (लिंकेज) कायम हुने व्यवस्था गरिनु पर्दछ ।

## ४. दिगो वित्तीय व्यवस्थाः

हाल सामाजिक सुरक्षा कार्यक्रमहरूको दायित्व प्रत्येक वर्ष बढ्दै गई वार्षिक बजेटको महत्वपूर्ण अंश यसमा खर्च हुने गरेको परिप्रेक्षमा यस्ता कार्यक्रमका लागि बजेट व्यवस्थापन मुख्य चुनौतीको विषय भएको छ । अहिले नेपालमा सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरू अधिकांश गैर-योगदानमूलक भएकाले यस्ता कार्यक्रम सञ्चालनका लागि थप भार बढेको देखिन्छ । सामाजिक संरक्षणका एकीकृत कार्यक्रमहरू सञ्चालनका लागि विद्यमान स्रोतहरूबाटै अधिकतम वित्तीय साधन जुटाउनु पर्ने अवस्था छ । यसका लागि विद्यमान खर्चको पुनःनिर्धारण (रिलोकेसन), बजेट खर्चको दक्षता वृद्धि, सामाजिक सुरक्षा करबाट संकलित राजस्वको परिचालन, विद्यमान कल्याणकारी कोषहरूको लक्षित उपयोग, सार्वजनिक ऋण र वैदेशिक सहायता परिचालन लगायतका विधि अवलम्बन गर्न सकिन्छ । हालसम्म सामाजिक सुरक्षाका योजनाहरू सञ्चालन गरिँदा बजेटको पूर्व सुनिश्चितता र पूर्वानुमान नगर्ने परम्पराले यस्ता कार्यक्रमको दायित्व बढेको छ ।यसर्थ सामाजिक सुरक्षा कार्यक्रमहरूका लागि निश्चित कोष स्थापना गरी त्यसमा विभिन्न स्रोत व्यवस्थापन हुने प्रणाली अपनाउनु पर्ने खाँचो बढेको छ ।

## ५. आवश्यकतामूखी सामाजिक संरक्षण योजनाः

देशभर समान प्रकृतिको सामाजिक सुरक्षाका योजना सञ्चालन हुँदा स्थानीय आवश्यकतालाई सम्बोधन गर्न नसकेको देखिएकाले आवश्यकतामा आधारित सामाजिक संरक्षण योजनाहरू सञ्चालन गर्नुपर्ने देखिएको छ । समान भत्ता (उदाहरणका लागि अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिने मासिक रू १६००/-) ले सहरी र ग्रामीण वा सम्पन्न वा दुर्गम प्रदेशमा बस्ने समान समुदायका व्यक्तिका आवश्यकता सम्बोधन गर्न नसक्ने देखिन्छ ।

## ६. उत्तरदायित्व र पारदर्शिताः

सामाजिक संरक्षण सञ्जालभित्रका कार्यक्रमहरू अधिकांश करदाताको स्रोत, लाभग्राहीको योगदान, दातृ निकायको

सहयोग, सार्वजनिक-निजी साझेदारीलगायतका मोडलबाट कार्यान्वयन हुने भएकाले यस्ता कार्यक्रमहरू पारदर्शी हुनुपर्ने हुन्छ। सबै किसिमका कार्यक्रमबारे सही र समयबद्ध सूचना/जानकारी प्रवाहको व्यवस्था मिलाउनु पर्दछ। यस्ता कार्यक्रम सञ्चालन गर्ने सबै निकाय र संयन्त्रलाई जिम्मेवार र जवादेही बनाउनु पर्दछ। गैर-योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रममा रकम र योजनाको दुरूपयोग भएका विगतका अनुभवबाट पाठ सिक्दै पूर्ण पारदर्शी र सूचना प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली अपनाउनु पर्दछ। यस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरूको आवधिक मूल्याङ्कन गर्दै कम प्रभावकारी वा प्रभावहीन कार्यक्रमलाई क्रमशः विस्थापन गर्दै लैजाने, कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र कमजोरीका समाधान र सुधारका लागि द्रूत निर्णय प्रणाली अपनाउनु पर्दछ। यस्ता सबै कार्यक्रमहरूको कडा अनुगमन र मूल्याङ्कनका लागि अधिकारसम्पन्न स्वायत्त संयन्त्र स्थापना गर्नु आवश्यक छ।

समग्रतामा माथि उल्लिखित समस्याहरू रहेको सामाजिक सुरक्षा प्रणालीका कार्यक्रमगत समस्या तथा सुधारका पक्षहरू देहायको तालिका १.९ मा उल्लेख गरिएको छ।

**तालिका १.९: सामाजिक सुरक्षा कार्यक्रमसँग सम्बन्धित समस्या**

| क्र. सं. | प्रमुख कार्यक्रम | विद्यमान समस्या | सुधारका पक्ष |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा भत्ता | ▪ औसत आयुमा वृद्धि र अन्य कारणले वार्षिक लाभग्राही सङ्ख्यामा वृद्धि।<br>▪ जुनसुकै आय समूहका लागि समान सहयोग भएकाले विपन्नहरू मारमा परेको।<br>▪ विभिन्न प्रकारका सेवा निवृत रकम प्राप्त गर्नेहरूलाई दोहोरो सुविधा लिनबाट रोक्न सूचना प्रणाली बन्न नसकेको।<br>▪ एकल महिलाको परिभाषा र सहयोग पाउने उमेर पुनः निर्धारण हुने सम्भावनामा लाभग्राहीको असन्तुष्टी रहेको।<br>▪ पुनर्विवाहको अभिलेख व्यवस्थापनमा जटीलता रहेको।<br>▪ बालपोषण भत्ता जन्मदर्तासँग पूर्णरूपमा आबद्ध गर्न नसकेको र सबै बालाबालिकालाई समेटन नसकेको।<br>▪ अपाङ्गताको वर्गीकरण वैज्ञानिक र वस्तुगत बनाउन नसकिएको। अति अशक्त र अपाङ्गताबीच पनि गम्भीर प्रकृतिका स्पाइनल कर्ड इन्जुरी, हेमोफेलिया लगायतका अपाङ्गता भएका व्यक्तिका लागि भत्ता वितरण प्रभावकारी बन्न नसकेको।भत्ता वितरण प्रक्रिया पारदर्शी र प्रभावकारी हुन नसकेको। | ▪ सबै स्थानीय तहका बैंकहरूमा भुक्तानी सरलीकरण हुन नसकेको।<br>▪ एकल दर्ता प्रणालीको विकास गर्ने।<br>▪ विपन्नताको परिभाषा र न्यून आयको अवस्था नियमावलीमा तोक्नुपर्ने।<br>▪ बालपोषण भत्तालाई देशैभरका बालबालिकालाई उपलब्ध गराउने।<br>▪ स्थानीय तहमा बैंकिङ्ग सुविधा विस्तार। |
| २. | उद्धार तथा राहत सहायता | ▪ विपदमा परेका समूहलाई गरिने राहत तथा उद्धारका कार्य पूर्व तयारीवेगर पटके निर्णयमा आधारित रहेको।<br>▪ आपतकालीन उद्धारको सहयोगलाई बैंकिङ्ग पद्धतिमा आबद्ध गर्न नसकिएको।<br>▪ विपद् पर्नासाथ स्वचालितरूपमा सहायता दिने लचकता कार्यक्रमहरूमा नभएको।<br>▪ गृह मन्त्रालयबाट समयसमयमा कार्यविधि परिमार्जन गरिने र सोको सूचना प्रभावितहरूमा कम पुग्ने गरेको।<br>▪ सिफारिसलगायतका कागजात विपद्का समयमा जुटाउन कठिनाई भएको।<br>▪ तथ्याङ्क सङ्कलनमा त्रुटी हुँदा वास्तविक प्रभावितहरू छुट्ने गरेको।<br>▪ राहत राशी भन्दा प्रक्रिया पूरा गर्न र यातायात खर्चको परिमाण ठूलो हुने गरेको। | ▪ कार्यक्रम र उपायहरूको एकीकरण र सहयोगबारे पूर्व निर्धारित कार्यविधिहरूको निर्माण।<br>▪ एउटै सूचना र तथ्याङ्क प्रणालीको विकास र प्रयोग। |

| क. सं. | प्रमुख कार्यक्रम | विद्यमान समस्या | सुधारका पक्ष |
|---|---|---|---|
| ३. | सबै प्रकारका छात्रवृति (दलित, बालिका, अपाङ्गता, विपन्न, सीमान्तकृत तथा लोपोन्मुख, , विद्यालय खाजा, आवासीय विद्यालय सहयोग आदि | ▪ वर्गीय (गरिब) लक्षित हुनुपर्नेमा जातीय/लैंगिक लक्षित हुनु ।<br>▪ स्थानीय तहले स्थानीय परिवेश अनुसार नीति बनाई कार्यान्वयन गर्नुपर्नेमा केन्द्रबाट सबैका लागि एकै खालको नीति बनाई कार्यान्वयन गरिनु ।<br>▪ स्थानीयस्तरमा उत्पादन कम हुने र भएकै उत्पादनलाई पनि दिवा खाजा कार्यक्रममा आबद्ध गर्न नसकिएको ।<br>▪ प्रतिवेदन बेगर तीनै तहका सरकारबाट वितरण हुने छात्रवृत्ति रकमको अभिलेख यकीन हुन नसकेको ।<br>▪ विश्व खाद्य कार्यक्रमबाट सञ्चालन भएका कार्कमको खर्च र लाभान्वितको अभिलेख व्यवस्थित हुन नसकेको । | ▪ स्थानीय तहमा कार्यक्रम सञ्चालन जिम्मेवारी दिन सकिने ।<br>▪ छात्रवृत्ति स्किमहरू एकीकरण गर्ने । |
| ४. | सबै प्रकारका आधारभूत तथा निःशुल्क स्वास्थ्य सेवा तथा उपचार (आमा सुरक्षा, प्रसुति पूर्वको सेवा, आमा र बच्चा पोषण परिपूरण, एकीकृत वाल स्वास्थ्य एवम् पोषण, विपन्न स्वास्थ्य उपचार, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम आदि ) | ▪ स्थानीय तहबाट औषधी खरिदमा भएको कुल खर्च यकिन हुन नसकेको ।<br>▪ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन जारी भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्तिका लागि पूर्वाधारमा सहज पहुँच नहुनु ।<br>▪ विपन्न नागरिकको छनौटको आधार तय नभएका कारण स्थानीय तहले माग भएका सबैलाई विपन्नको रुपमा सिफारिश गर्ने गरेको ।<br>▪ गरिब घरपरिवार परिचयपत्र कार्यान्वयनमा ढिलाई । | ▪ छनौटका आधारहरू तय गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइनु उपयुक्त हुने ।<br>▪ स्थानीय तहलाई आर्थिक रूपमा जिम्मेवार बनाइनुपर्ने ।<br>▪ सेवाग्राही वा लाभग्राही/ प्रभावितले कार्यक्रमपिच्छै बेग्लाबेग्लै परिचयपत्र बनाउनुपर्ने अवस्थाको अन्त्य गर्न एकल दर्ता प्रणाली स्थापना हुनुपर्ने । |
| ५. | समाजकल्याण कार्यक्रम (ज्येष्ठ नागरिक स्वास्थ्य उपचार, ज्येष्ठ नागरिक यातायात सहुलियत, हवाइ उद्धार सेवा, बाल कल्याण सहयोग आदि) | ▪ समाजकल्याण तथा बालबालिका सुरक्षा र हित संरक्षण सम्बन्धी कार्यक्रम काठमाडौं केन्द्रित रहेको ।<br>▪ हवाइ उद्धारका लागि समन्वय इकाइ र हेलिकप्टर सुविधा केन्द्रमा मात्र उपलब्ध हुनु ।<br>▪ सूचना छिटो प्रवाह हुने प्रणाली स्थापना नहुनु ।<br>▪ सबै स्थानीय तहमा उपयुक्त हेलिप्याड नहुनु ।<br>▪ स्थानीय स्वास्थ्य संस्थाबाट उपचार सेवा नै नलिई एकैचोटी उद्धारको माग गर्नु । | ▪ सबै प्रकारका जटिलताका लागि हवाई उद्धार गर्नुपर्ने मान्याता हटाउन स्पष्ट कार्यविधि बनाइनुपर्ने र स्थानीय तहका स्वास्थ्य सेवा केन्द्रहरूको क्षमता वृद्धि गर्नुपर्ने । |

| क्र. सं. | प्रमुख कार्यक्रम | विद्यमान समस्या | सुधारका पक्ष |
|---|---|---|---|
| ६. | कृषि उत्पादन कार्यक्रम (बाली तथा पशुपन्छी बिमा, वर्ड फ्लु क्षतिपूर्ति, कृषि क्षेत्र विपद् व्यवस्थापन कार्यक्रम, उखु उत्पादक किसान अनुदान, जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदन आदि) | ▪ मलमा अनुदानको व्यवस्था भए पनि परिवहनमा लामो समय लाग्नु ।<br>▪ अन्य मुलुकबाट आयात गरी ल्याउनु पर्ने कारणले कृषकलाई आवश्यक परेको वखत मलको आपूर्ति हुन नसक्नु ।<br>▪ सानो मूल्य हुने भएका कारण बाली बिमामा कम आकर्षण हुनु ।<br>▪ बिमाको दावी भुक्तानीको प्रक्रिया लामो हुनु ।<br>▪ क्षतिको यथार्थ विवरण संकलन गर्न नसकिनु ।<br>▪ किसानलाई राहत रकम प्राप्त गर्न लामो समय लाग्नु । | ▪ क्षति विवरणमा स्थानीय तहलाई अधिकार सहित जिम्मेवार बनाइनुपर्ने । |
| ७. | सुरक्षित नागरिक आवास कार्यक्रम (जनता आवास कार्यक्रम, मुक्त हलिया अनुदान आदि) | ▪ बनेको घर बस्न लायक नभएको गुनासो रहेको ।<br>▪ बसाइको प्रमाणपत्र, जग्गाधनीको लालपुर्जा, तिरो भुक्तानी गरेको लगायतका कागतपत्र उपलब्ध गराउन कठिनाइ हुनाले भूमिहीनहरूलाई सहयोग पुर्याउन कठिनाइ भएको । | ▪ प्रक्रियागत सरलीकरण गर्नुपर्ने । |
| ८. | स्वास्थ्य बिमा बोर्ड | ▪ प्रदेश र स्थानीय सरकारको अपनत्व नदेखिएको । कागजपत्र/बिल/दाबी प्रणालीले समग्र सेवा प्रवाहलाई जटिल तथा झन्झटिलो बनाएको ।<br>▪ सरकारी स्वास्थ्य संस्थाबाट मात्र उपचार गराउनुपर्दछ भन्ने मान्यता रहेको । | |
| ९. | वैदेशिक रोजगार सहायता तथा वैदेशिक रोजगार कल्याणकारी कोष | ▪ वैदेशिक रोजगार कल्याण कोषको सहयोग परिवारले पाउने प्रक्रिया झन्झटिलो र लामो समय लाग्ने खालको रहेको । | |
| १०. | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम र अन्य श्रम तथा सामाजिक सुरक्षाका कार्यक्रम | ▪ कानुनतः अनिवार्य भएतापनि धेरै रोजगारदाताहरू कार्यक्रममा आबद्ध हुन इच्छुक नरहेको । | ▪ रोजगारदाताले पाउने सुविधासँग कार्यक्रममा आबद्धतालाई जोड्नुपर्ने । |
| ११. | प्रधानमन्त्री रोजगार कार्यक्रम | ▪ सबै बेरोजगारको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि हुन नसकेको ।<br>▪ बेरोजगारलाई निर्वाह भत्ता उपलब्ध हुने प्रणाली विकास हुन नसकेको ।<br>▪ लाभग्राहीको छनौट यथार्थपरक हुन नसकेको ।<br>▪ स्थानीय तहले तय गरेको भन्दा ज्यालादर न्युन रहेको ।<br>▪ आर्थिक वर्षको अन्त्यमा मात्र गतिविधहरू सञ्चालन हुने गरेको । | ▪ स्थानीय तहको लागत साझेदारी लगायत स्थानीय तहलाई जिम्मेवार बनाई कार्यान्वयन गर्ने ।<br>▪ ज्यालादरको पुनरावलोकन गर्ने । |

परिच्छेदः दुई

# एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना

## २.१ मान्यता तथा प्रयोग

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना मुलुकभित्र सञ्चालित सबै प्रकारका सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूको एकीकृत रूपमा व्यवस्थापन गरी संविधानप्रदत्त मौलिक हकहरूको कार्यान्वयनमार्फत लाभग्राहीहरूले लोककल्याणकारी राज्य व्यवस्थाको अनुभूति गर्न सक्ने अवस्था सिर्जना गर्ने मान्यताबाट निर्देशित छ । यसका अलावा निम्नलिखित मान्यताबाट यो संरचना निर्देशित रहेको छः

१. गरिबी घटाउने तथा असमानता कम गर्ने र समावेशी आर्थिक वृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्दै अन्तर पुस्तागत गरिबी र बहिष्करण हटाउन मानव पूँजी निर्माण गर्ने ।
२. संविधानप्रदत्त मौलिक हक र मानव अधिकारको विश्वव्यापी मान्यतामा आधारित भएर सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम सञ्चालन गर्ने । यसबाट पारदर्शी रूपमा लक्षित वर्ग तथा समुदाय र क्षेत्रका व्यक्ति तथा परिवार अधिकतम रूपमा लाभान्वित हुनेछन् ।
३. सामाजिक संरक्षणमा राष्ट्रिय लगानी एवम् खर्चको दृष्टिकोणले नेपाल विश्वका केही मुलुक तथा दक्षिण एसियाली मुलुकहरूमा अग्रस्थानमा रहेको सन्दर्भमा कार्यक्रमको प्राथमिकता, परिणाममूखी एकीकरण र औचित्यतामा आधारित भई गरिने विस्तारमा केन्द्रित गर्ने ।
४. सङ्घीय सरकारले सबै नागरिकलाई न्यूनतम सामाजिक संरक्षणको प्रत्याभूति गर्ने । यसका अतिरिक्त प्रदेश सरकार र स्थानीय तहबाट पनि आवश्यकता अनुरूप सामाजिक संरक्षणका कार्यक्रममा यथोचित स्रोत परिचालन गर्ने ।
५. नीतिगत तथा कार्यक्रमगत मार्गदर्शन, समस्त प्रणालीको नियमन, कार्यक्रमहरूको समन्वयात्मक व्यवस्थापन, कार्यक्रमबाट परेको प्रभावको लेखाजोखा र वित्त परिचालन लगायतका पक्षको विश्लेषण एवम् अनुगमन गर्न छुट्टै संस्थागत व्यवस्था गर्ने ।
६. प्रविधिको अधिकतम प्रयोग गरी सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी एकीकृत सूचना प्रणाली स्थापना गर्ने । यस किसिमको प्रणालीले एकल दर्ता प्रणालीलाई संस्थागत गर्ने ।
७. सामाजिक सुरक्षाको अत्याधिक आवश्यकता भएका वर्ग, ;समूह र क्षेत्रको पहिचान तथा तिनीहरूको पहुँचका आधारमा म्यापिङ गरी एकीकृत राष्ट्रिय डाटाबेस तयार गर्ने जसका आधारमा भविष्यमा सामाजिक सुरक्षा कार्यक्रममा दोहोरोपन नपर्ने गरी संरचना तयार गर्न मद्दत पुग्ने ।
८. विश्वव्यापीरूपमा मान्य सामाजिक न्याय र समावेसिकरण, अवसर तथा अधिकारको न्यायोचित वितरण, सामाजिक सहअस्तित्व, बाल तथा लैंगिक संवेदनशीलता, एक्यबद्धता, प्रभावकारिता जवाफदेहीता, पारदर्शिता र आर्थिक स्थायित्व जस्ता आधारभूत पक्षहरू यस संरचनामा सर्बग्राह्य हुने ।

उल्लिखित मान्यताहरूका आधारमा यस संरचनाको अवलम्वन देहायअनुसारका विषयमा गरिनेछ-

१. निर्देशक दस्तावेजः सङ्घ, प्रदेश र स्थानीय तहकोबाट सञ्चालित कार्यक्रम तथा योजनाहरू यो संरचनाको राष्ट्रिय सोच, दृष्टिकोण, रणनीति तथा कार्यनीति अनुरूप सञ्चालन गर्न एक निर्देशक दस्तावेजका रूपमा रहनेछ ।
२. निकायगत भूमिकाः सम्बन्धित निकायहरूले आ-आफ्ना कार्यक्रमको एकीकरण, वर्गीकरण, स्रोत व्यवस्थापन, एकल भुक्तानी प्रणालीको अबलम्बन, संयुक्त सूचकहरूको पहिचान लगायतका पक्ष र प्रावधानको विकास र नीति तथा कानुनी सुधार सम्बन्धी कार्यका लागि नेतृत्वदायी भूमिका निभाउने छन् ।

३. स्रोत परिचालनका लागि मार्गदर्शनः नेपाल सरकारले सामाजिक संरक्षणका लागि गर्ने खर्च र प्रदेश सरकार तथा स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमको लागि नपुग स्रोत जुटाउन यो संरचनालाई आधारका रूपमा लिनेछन् ।
४. विस्तारित दायराः नेपालभर सञ्चालन हुने यस्ता कार्यक्रमले वास्तविक रूपमा लक्षित वर्गका लागि परिणाममा आधारित सबैका लागि सामाजिक सुरक्षा छाता (युनिभर्सल सेफ्टी नेट) को प्रत्याभूति गर्नेछ ।

## २.२ सोच

दिगो सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीमा सबै नेपाली नागरिकको पहुँच अभिवृद्धि गरी गरिबी तथा जीवनयापनको चक्रमा देखापर्ने जोखिमबाट यथोचित सुरक्षाको प्रत्याभूति ।

## २.३ लक्ष्य

सामाजिक सुरक्षा प्रणालीलाई समावेशी, लचिलो, दिगो, गुणस्तरीय एवम् प्रभावकारी बनाई सबै नागरिकको पहुँच सुनिश्चित गर्ने ।

## २.४ उद्देश्य

१. समाजका विपन्न र जोखिममा रहेका समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन सहयोग पुग्ने गरी सामाजिक सुरक्षाका कार्यक्रमहरूमा पहुँच बढाउदै विभिन्न प्रकारका जोखिमका कारण मौजुदा आयस्तर भन्दा तल जानबाट रोक्न सामाजिक सुरक्षाका उपायहरू अवलम्बन गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाउन समान प्रकृतिका कार्यक्रमलाई क्षेत्रगत विकास नीति तथा कार्यक्रमहरूसँग आबद्ध गरी एकीकृत र सुदृढ बनाउनु ।
३. सङ्घ, प्रदेश र स्थानीय तहको बीचको समन्वयमा सामाजिक सुरक्षा प्रणालीको दायरा तथा सेवा सुबिधामा सुधार र विस्तार गर्नु ।
४. गरिबी, रोग, प्रकोप तथा महामारी र जीवनयापनको चक्रमा आधारित जोखिमहरू न्यूनीकरण गर्दै नागरिकमा जोखिम सामना गर्ने क्षमता र उत्थानशील क्षमताको विस्तार गर्न सामाजिक सुरक्षा प्रणालीलाई विपद संवेदनशील बनाउनु ।
५. सामाजिक सुरक्षामा परिचालन हुने राष्ट्रिय स्रोत साधनको दिगो र प्रभावकारी व्यवस्थापनका लागि उपयुक्त संयन्त्रको विकास गर्नु,

## २.५ रणनीति

१. सामाजिक सुरक्षाका सुविधाहरू लक्षित समुदाय तथा वर्गमा सहज रूपमा उपलब्ध गराउन सेवा प्रवाह प्रणालीलाई एकीकृत गर्ने र लक्षित वर्ग पहिचान तथा एकल दर्ता प्रणालीलाई संस्थागत गर्न सञ्चालनमा रहेका सामाजिक सुरक्षाका सबै कार्यक्रमहरू आबद्ध हुने गरी एकीकृत सूचना प्रणाली स्थापना गर्ने,
२. सामाजिक सुरक्षा भत्ता, शैक्षिक छात्रवृत्ति, स्वास्थ्य बिमा लगायतका क्षेत्रगत सामाजिक सुरक्षाका कार्यक्रमहरू र सीप विकास तालिम, जीविकोपार्जन तथा उद्यमशीलता प्रवर्द्धन गर्ने पूरक आर्थिक-सामाजिक सेवाहरू बीचको सहसम्बन्ध विश्लेषण गरी परस्पर आबद्धता र टेवा सुनिश्चित गर्ने ।
३. सामाजिक सुरक्षाका कार्यक्रम र एकीकृत सूचना प्रणालीलाई विपद् प्रतिकार्यमा परिचालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने ।
४. सामाजिक सुरक्षाको दायित्व बढ्दै गएकाले योगदानमा आधारित प्रणाली अवलम्बन गर्न सकिने क्षेत्र वा सहयोगका उपाय पहिचान गरी विधिसमेत स्पष्ट गर्ने ।
५. राज्यले विशेष हेरचाह वा संरक्षण गर्नुपर्ने वर्गको वास्तविक पहिचान गरी उनीहरूका लागि लक्षित र विशिष्ट प्रकृतिका सामाजिक सुरक्षा कार्यक्रम प्रवर्द्धन गर्ने ।
६. अनौपचारिक क्षेत्र र वैदेशिक रोजगार क्षेत्रलाई समेत समेट्ने गरी योगदानमूलक सामाजिक बिमा कार्यक्रम (स्वास्थ्य, रोजगारी, बाली र पशु बिमा आदि) लाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।
७. वित्तीय दिगोपनाका लागि सामाजिक सुरक्षा कार्यक्रममा हुने खर्चको आवधिक विश्लेषण गर्ने पद्धति स्थापना गर्ने ।
८. सहकारी क्षेत्रलाई सुरक्षण (बिमा) का कार्यक्रम सञ्चालन र विस्तार गर्न प्रोत्साहन गर्ने ।

९. सामाजिक सुरक्षा सम्बन्धी क्रियाशील सबै कोषहरूलाई राष्ट्रिय आय वृद्धि तथा समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी एकीकृत रूपले परिचालन गर्ने ।
१०. निजी क्षेत्रका कल्याणकारी कोष र कार्यक्रमहरू (श्रमिक कल्याणकारी कोष, बोनस कोष) सहितका योजनाहरूलाई राष्ट्रिय सामाजिक सुरक्षाका कार्यक्रमहरूसँग आबद्ध गर्ने ।
११. मौजुदा कानुन विपरीत हुने गरी सामाजिक सुरक्षाका कार्यक्रमबाट दोहोरो सुविधा लिने प्रवृत्तिको निरुत्साहन र नियन्त्रण गर्ने ।

## २.६ कार्यनीति तथा कार्यक्रम

सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत प्रणालीबाट व्यवस्थापन गर्न सूचना प्रविधिजन्य पूर्वाधार तयार गरी सबै निकाय तथा सङ्घ, प्रदेश र स्थानीय तहकोबाट सञ्चालित कार्यक्रम एकल प्रणालीमा आबद्ध गरिनेछ । सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकल परिचय नम्बरका आधारमा सामाजिक सुरक्षा उपलब्ध गराउने व्यवस्था गरिनेछ र सामाजिक सुरक्षाका हरेक कार्यक्रम तथा उपायको अलग अलग बजेट सङ्केत (लाईन आइटम बजेट कोड) का आधारमा व्यवस्थापन गरिनेछ । साथै यस संरचनाको सोच, लक्ष्य र उद्देश्य अनुरूप सञ्चालनमा रहेका र भविष्यमा सञ्चालन एवम् प्रवर्द्धन गरिने सबै प्रकारका सहयोग कार्यक्रमहरू देहायका अवधारणामा पुनर्संगठित गर्दै लगिनेछ ।

### २.६.१ अधिकारमा आधारित

सामाजिक सुरक्षालाई मूलतः नागरिकको मौलिक हकबाट निर्देशित अवधारणासापेक्ष बनाइनेछ । नेपालको संविधानले सामाजिक सुरक्षा र संरक्षणलाई मौलिक हकको रूपमा स्थापित गरेको र जीवनयापनका लागि आवश्यक स्वास्थ्य, शिक्षा, आवास लगायतका सहयोग राज्यको दायित्वको विषय रहने हुँदा यस अन्तर्गतका कार्यक्रमहरू मध्ये निःशर्त नगद हस्तान्तरण ( सामाजिक सुरक्षा, राहत तथा पुनर्स्थापना, छात्रवृत्ति आदि-(अनुसूची २) सङ्घीय निकायहरूबाट कार्यान्वयन हुनेछ। सामाजिक सुरक्षा सम्बन्धी प्रदेश तथा स्थानीय तहका नीति, कार्यक्रम, संस्थागत संरचना र अनुगमनका कार्य यसै संरचनाबाट निर्देशित हुनेछन् ।

### २.६.२ आवश्यकतामा आधारित

गरिबी तथा जोखिममा रहेका व्यक्ति, परिवार तथा समुदायको अलग अलग आवश्यकता पूरा गर्न सामाजिक सहयोगका कार्यक्रम निकायगत रूपमा फरक फरक भएता पनि अन्तरसम्बन्धित हुनेछन् । हाल सञ्चालनमा रहेका कार्यक्रमहरू मध्ये स्थानीय तहको कार्यक्षेत्र भित्रका कार्यक्रमहरूको सञ्चालन जिम्मेवारी क्रमिक रूपमा वित्तीय स्रोत सहित हस्तान्तरण गर्दै लगिनेछ । सङ्घीय नियन्त्रण, नियमन र मापदण्ड अनूशरण गर्नुपर्ने कार्यक्रमहरू (जस्तैः एड्स सङ्क्रमण, महामारी, कण्ठरोग निवारण आदि) को नियन्त्रण सङ्घमै रहने र समपूरक लगानीका लागि प्रदेश तथा स्थानीय तहका कार्यक्रमहरू मूल कार्यक्रमसँग आबद्ध भएर जाने कार्यक्रमका रूपमा लैजान प्रोत्साहित गरिनेछ ।यस किसिमका कार्यक्रमहरू उच्च जोखिममा रहेका र विपद प्रभावित व्यक्ति तथा परिवारलाई लक्षित गरी उपलब्ध गराइनेछ । अधिकारमा आधारित कार्यक्रमलाई क्षमता र सम्भाव्यता हेरी क्रमशः आवश्यकतामा आधारित कार्यक्रममा रूपान्तरण गर्दै लगिनेछ ।

### २.६.३ बहुक्षेत्रगत सम्बन्ध र समन्वय

यसअन्तर्गत सामाजिक सुरक्षा पुग्नु पर्ने विभिन्न क्षेत्रहरू बीचको अन्तरसम्बन्ध स्पस्ट पार्दै सामाजिक सुरक्षालाई जीवनयापन चक्र (जन्मदेखि वृद्धावस्थासम्म) मा आइपर्ने गरिबी र जोखिम न्यूनीकरणका लागि आवश्यक संरक्षणका उपायका रूपमा विकास गरिनेछ । यी उपाय मध्ये सामाजिक बिमा सम्बन्धी कार्यक्रमहरू स्थानीय तहले स्थानीय नीति बनाई सञ्चालन गर्न सक्नेछन् । रोजगार प्रवर्द्धन र श्रम बजार व्यवस्थापनका कार्यक्रम सञ्चालनमा स्थानीय तहको सहभागिता रहनेछ । प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोषबाट गरिने खर्चका लागि एकल दर्ता प्रणाली अवलम्बन गरिनेछ । उल्लिखित प्रयोजनका लागि सामाजिक सुरक्षा कार्यक्रमहरू माथि उल्लेख गरिएको निःशर्त सामाजिक सहयोग र योगदानमा आधारित उपाय जस्ता मूल वर्गीकरणको संरचनाभित्र रही देहाय अनुसार सञ्चालन गरिनेछ ।

क. आर्थिक तथा सामाजिक रूपले विपन्न तथा विशेष हेरचाहको आवश्यकता भएका वा आधारभूत सेवामा पहुँच नभएका व्यक्ति र परिवारका लागि सामाजिक सहायता,

ख. जीविकोपार्जन र जोखिमबाट सुरक्षाका लागि योगदानमूलक सुरक्षा तथा सामाजिक बिमा,

ग. सीप विकास, श्रम बजारमा पहुँच तथा रोजगारी प्रबर्द्धनका कार्यक्रमहरू ।

### २.६.४ योगदानमा आधारित

सहभागिता, अपनत्व तथा वित्तीय दिगोपना समेतको दृष्टिकोणले सम्भव भएसम्म योगदानमा आधारित सामाजिक सुरक्षाका उपायलाई प्राथमिकता दिइनेछ । स्वास्थ्य बिमा, पशुधन तथा बाली बिमा लगायत अधिकांश बिमा सम्बन्धी कार्यक्रममा बिमितको योगदानमार्फत् सुरक्षाको प्रत्याभूति गरिनेछ । अधिकार र आवश्यकतामा आधारित कार्यक्रमलाई क्षमता र सम्भाव्यता हेरी क्रमशः योगदानमा आधारित कार्यक्रममा रूपान्तरण गर्दै लगिनेछ । योगदानमूलक सामाजिक सुरक्षा प्रणाली सञ्चालनका लागि निम्नानुसारका योगदान परिचालन गरिनेछ ।

क. लाभग्राही स्वयंको योगदान

ख. नेपाल सरकार वा सङ्घ, प्रदेश र स्थानीय तहकोबाट हुने योगदान (जस्तैः कर्मचारी सञ्चय कोष कट्टीमा थप रकम)

ग. रोजगारदाताबाट हुने योगदान

घ. तेस्रो पक्षीय योगदान (जस्तैः सामाजिक सुरक्षा कर)

ङ. वस्तु तथा सेवाको रूपमा योगदान (जस्तैः राहत, उद्धार, स्याहार, श्रमदान आदि)

## २.७ अपेक्षित उपलब्धि

यस संरचनाको कार्यान्वयनबाट सूचकमा आधारित देहायका नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

**तालिका २.१: सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रमुख सूचक**

| राष्ट्रिय लक्ष्य | एकाइ | आ. व. २०७५/७६ को यथार्थ | पन्ध्रौं योजना अवधिको लक्ष्य | दीर्घकालीन लक्ष्य (आ. व. २१००/०१) |
|---|---|---|---|---|
| गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ९.५ | ० |
| बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा प्रतिशत | ३६.५ | ५० | ७० | |
| राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.३ | १३.७ | १४ |
| सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | ६० | १०० |
| स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ७ | ६० | १०० |
| विपद्का घटनाबाट प्रभावित जनसङ्ख्या | प्रति लाख | १९.५ | - | ५ |
| विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या | प्रति हजार | १.७ | - | १.०९ |
| राष्ट्रिय परिचय पत्र प्राप्त नेपाली नागरिक | प्रतिशत | - | १०० | १०० |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | ९९ | २० |
| ५ वर्ष मूनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | - |
| ५ वर्ष मूनीको बालमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) | जना | ३९ | २४ | ८ |
| पाँच वर्ष मूनीका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १२ | २ |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ८० | १०० |
| साक्षरता दर (१५ वर्ष माथिको) | प्रतिशत | ५८ | ९० | ९८ |
| लैंगिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९२५ | ०.९६३ | १ |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७४ | ०.६४२ | ०.७६० |

*स्रोतः राष्ट्रिय योजना आयोग, वर्ष ।*

परिच्छेदः तीन

# वित्त व्यवस्थापन

## ३.१ वित्त व्यवस्था

सामाजिक सुरक्षामा क्रमशः बढ्दो वित्तीय दायित्वका कारण यस्ता कार्यक्रमहरूको विस्तार र व्यवस्थापनमा चुनौती थपिदै गएको छ। आ. व. २०५९/६० मा कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशतको हाराहारीमा रहेको सामाजिक सुरक्षा र संरक्षणको खर्च आ.व. २०६९/७० मा २.५ प्रतिशत पुगेको विश्लेषण विश्व बैङ्कको रहेको छ।अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) ले गरेको नेपालमा सामाजिक सुरक्षा बारेको अध्ययन अनुसार आ.व. २०६७/६८ मा सामाजिक सुरक्षाको खर्च कुल गार्हस्थ्य उत्पादनको १.९ प्रतिशत रहेकामा आ.व. २०७२/७३ मा २.५ प्रतिशत पुगेको थियो। विकासोन्मुख राष्ट्रहरू मध्ये सामाजिक सुरक्षाका क्षेत्रमा नेपालको व्ययभार उच्च रहेको र पछिल्ला वर्षहरूका यस्तो खर्च उल्लेख्य रूपमा बढेको छ। आ.व. २०७५/७६ मा रहेको रू. १३१ अर्बको व्ययभार बढेर आ.व. २०७६/७७ मा रू. १५० अर्ब बराबर पुगेको छ। आ. व. २०७५/७६ मा विनियोजित रू. १३१ अर्बको व्यय अनुमान कुल राष्ट्रिय बजेटको १३ प्रतिशत् भन्दा बढी हुन आउँछ (आर्थिक सर्वेक्षण २०७५/७६, अर्थ मन्त्रालय)। यसैगरी आ.व. २०७६/७७ मा पनि यो खर्च प्रस्तावित कुल वार्षिक बजेटको १२ प्रतिशतको हाराहारीमा नै छ। बढ्दो जनसङ्ख्या र औसत आयुमा वृद्धिका कारण पनि यो व्ययभार बढ्दो प्रवृत्तिमा रहेको छ। आ.व. २०७७/७८ को बजेटमा सामाजिक सुरक्षा र संरक्षणमा कुल राष्ट्रिय बजेटको १२.८ प्रतिशत अर्थात करिब रू. १८८.८ अर्ब विनियोजन गरिएको छ। तालिका ३.१ मा सामाजिक सुरक्षा र संरक्षणको क्षेत्रमा राष्ट्रिय बजेट विनियोजन/ खर्च र सोको वार्षिक वृद्धि उल्लेख गरिएको छ।

विभिन्न आर्थिक वर्षमा सञ्चालित कार्यक्रमको नक्शाङ्न गरेर विश्लेषण गर्दा कार्यक्रम/उपायहरूको प्रकार, विनियोजित रकम, क्षेत्रगत दायरा आदिमा समानता नदेखिएकोले वित्तीय विश्लेषणको प्रयोजनका लागि आ. व. २०७६/७७ मा सञ्चालनमा रहेका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम र विनियोजित बजेटलाई एक मात्र विश्लेषणको आधार मानिएको छ। आ.व. २०७६/७७ मा सञ्चालनमा रहेका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रममा गरिएको बजेट विनियोजन तलको तालिका ३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१: सामाजिक सुरक्षामा राष्ट्रिय बजेटको विनियोजन र खर्च**

| आ .व. | सामाजिक सुरक्षामा विनियोजन (रू. लाखमा) | कुल राष्ट्रिय बजेट (रू. लाखमा) | वृद्धि (प्रतिशत) |
|---|---|---|---|
| २०६६/६७ | १०३८.२५ | १३३६०४.६१ | ०.७८ |
| २०६७/६८ | ४२६५.१८ | २१९९६६१.९२ | १.९४ |
| २०६८/६९ | ७२५१.६७ | २५९६८९.११ | २.७९ |
| २०६९/७० | ७५९८ | ३२३१०९.२२ | २.३५ |
| २०७०/७१ | ४०८०२.३९ | ३७०२२६.४७ | ११.०२ |
| २०७१/७२ | ६०६२०.१८ | ४२५७८०.७० | १४.२४ |
| २०७२/७३ | ६९२४६.८१ | ५२४७८२.९८ | १३.२० |
| २०७३/७४ | ८३७२४.७१ | ६५६१६१.५५ | १२.७६ |
| २०७४/७५ | १०४६५०.९८ | ७६४५१३.९० | १३.६९ |
| २०७५/७६ | १३१५१६.१७ | १००९२२१.६ | १३.०३ |
| २०७६/७७ | १५०४९३.४ | १०३९१३३.८ | १४.४८ |
| २०७७।७८ | १८८७५३ | १४७४६४० | १२.८ |

*स्रोतः महालेखा नियन्त्रकको कार्यालय, वर्ष।*

**तालिका ३.२: सामाजिक सुरक्षामा सङ्घ, प्रदेश र स्थानीय तहकोको विनियोजन** (रू. लाखमा)

| कार्यक्रमको विवरण/क्षेत्र | आ.व. २०७६/७७ वार्षिक बजेट | तहगत विनियोजन | | |
|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह |
| **(क) सामाजिक सहयोगतर्फ** | | | | |
| सामाजिक सुरक्षा भत्ता | ६४५००० | ६४५००० | - | - |
| राहत सहायता | ९०३ | ९०३ | - | - |
| छात्रवृत्ति | १२६८२ | - | - | १२६८२ |
| विद्यालय खाजा कार्यक्रम | ३३२७ | - | - | ३३२७ |
| आमा सुरक्षा कार्यक्रम | १०१२ | - | - | १०१२ |
| मातृशिशु पोषण परिपूरण कार्यक्रम | २५६७ | - | - | २५६७ |
| एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम | ३१३ | ३१३ | - | - |
| कुष्टरोग नियन्त्रण कार्यक्रम | २०८ | २०८ | - | - |
| सरूवा रोगको नि:शुल्क उपचार | १७४४ | १७४४ | - | - |
| विपन्न स्वास्थ्य उपचार कार्यक्रम | २२००० | २२००० | - | - |
| समाज कल्याण कार्यक्रम | १४ | | - | १४ |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम | २२०० | २२०० | - | - |
| विशेष कृषि उत्पादन कार्यक्रम | १००००० | | | १००००० |
| बाली तथा पशुपन्छी बिमा र वर्ड फ्लु क्षतिपूर्ति वितरण तथा कृषि क्षेत्र विपद व्यवस्थापन कार्यक्रम | ४७५० | ४७५० | - | - |
| उखु उत्पादक किसान अनुदान | ९५०० | | ९५०० | - |
| ब्याज अनुदान (अर्थ मन्त्रालय) | ५०००० | ५०००० | - | - |
| जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान | ५०० | | ५०० | |
| खाद्यान्न ढुवानी अनुदान | ५८७५ | ५८७५ | - | - |
| कण्ठरोग नियन्त्रण | १६२७ | १६२७ | - | - |
| सुरक्षित नागरिक आवास कार्यक्रम | १३०० | - | १३०० | - |
| मुक्त हलिया अनुदान | १०० | १०० | १०० | – |
| **(ख) सामाजिक बिमा** | | | | |
| निवृतिभरण तथा उपदान (योगदानमा आधारित निवृतिभरण समेत) | ५३०००० | ५३०००० | - | - |
| कर्मचारी सञ्चय कोष | - | - | - | - |
| सामाजिक सुरक्षा कोष | - | - | - | - |
| स्वास्थ्य बिमा (बोर्ड) | ५८५९६ | ५८५९६ | - | - |
| **(ग) श्रम बजार/ रोजगारी व्यवस्थापन** | | | | |
| वैदेशिक रोजगार आर्थिक सहायता | १०५० | १०५० | - | - |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ४९३५७ | ४९३५७ | - | ४९३५७ |
| युवा स्वरोजगार कोष | ३०९ | ३०९ | - | ३०९ |
| कुल | १५०४९३४ | १३७४०३२ | **११४००** | **१६९२६८** |

*स्रोत: अर्थ मन्त्रालय, वर्ष ।*

सामाजिक बिमा बाहेकका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रममा शत प्रतिशत खर्च नेपाल सरकारबाट व्यहोरिएको छ। सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक अधिकार र साझा अधिकारलाई आधार मानी प्रदेश तथा स्थानीय तहमा यी कार्यक्रममध्ये केहीलाई वित्तीय स्रोत सहितको जिम्मेवारी हस्तान्तरण गर्न सकिने अवस्था देखिन्छ। अनुसूची-३ अनुरूपको नक्शाङ्कनलाई आधार मान्दा प्रारम्भिक वर्षहरूमा नै स्थानीय तहलाई जिम्मेवारी दिन सकिने कार्यक्रम खर्चको हिस्सा ११ प्रतिशत भन्दा बढी हुने देखिन्छ। प्रदेश सरकार र स्थानीय तहबाट कार्यक्रमगत रूपमा भएको खर्चको विवरण र आगामी वर्षहरूमा गरिने अनुमानित विनियोजनको आँकलन गर्न सक्ने तथ्याङ्क उपलब्ध छैन। विगतको भन्दा परिवर्तित तीन तहको संरचनामा नयाँ ढङ्गले स्रोत विनियोजन, व्यवस्थापन, अनुगमन र मूल्याङ्कन हुनु आवश्यक छ.

## ३.२ स्रोत परिचालन रणनीति र दिगोपना

- सङ्घीय सरकारको मध्यकालीन खर्च संरचनाभित्रै रहने गरी कम्तीमा ३ वर्षका प्रस्तावित सामाजिक सुरक्षा कार्यक्रमहरूको लक्षित प्रक्षेपणसहितको बजेट तर्जुमा गर्ने।
- यो संरचना अनुसार सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनका लागि विषयगत निकायहरूको लागि आवश्यक पर्ने रकम वार्षिक बजेटमा नै व्यवस्था गर्ने। सोका लागि राजस्वबाट प्राप्त रकमको अतिरिक्त विकास साझेदारबाट प्राप्त अनुदान, निजी क्षेत्रको वित्त सहभागिता, व्यक्तिगत बचत, योगदानकर्ता तथा रोजगारदाताको योगदानको रकम समेत उपयोग गर्ने।
- सामाजिक सुरक्षा तथा संरक्षणमा भएको खर्चका लागि विभिन्न निकाय संलग्न हुने तर एकीकृत तथ्याङ्क उपलब्ध नहुने सन्दर्भमा सोका लागि छुट्टै बजेट शीर्षकको माध्यमबाट खर्च व्यवस्थापन गर्ने।
- कार्यान्वयन सहजताका दृष्टिकोणले कार्यक्रमहरू एकीकरण गरी वा गाभी बचत हुने स्रोतलाई बालपोषण सहितको एकीकृत बालविकास कार्यक्रम जस्ता अति जरूरी प्राथमिकताका क्षेत्रमा उपयोग गर्ने।
- विकास साझेदारबाट प्राप्त रकम सामान्यतया सामाजिक सुरक्षा प्रणाली सुदृढीकरणका लागि प्रयोग गर्ने नीति अवलम्बन गर्ने।
- निजी क्षेत्रलाई रोजगारदाताको हैसियतले आफ्ना कामदारको सामाजिक सुरक्षामा योगदान गर्नुका अतिरिक्त संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सरकारलाई थप स्रोत उपलब्ध गराउन प्रोत्साहित गर्ने।
- निजी क्षेत्रलाई एकीकृत सामाजिक संरक्षणका कार्यक्रमहरू सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने।
- कानुनबमोजिम निजी क्षेत्रद्वारा सङ्गठित सामाजिक उत्तरदायित्वमा छुट्याउनु पर्ने बजेट रकम सामाजिक संरक्षणका कार्यक्रममा परिचालित गर्ने नीतिगत व्यवस्था सम्बन्धित मन्त्रालले मिलाउने।
- श्रम ऐन, बोनस ऐनसहितका कानुनी व्यवस्थाद्वारा निजी क्षेत्रमा उपलब्ध सामाजिक सुरक्षाका कोषहरूलाई समेत राष्ट्रिय एकीकृत सामाजिक सुरक्षा कार्यक्रममा परिचालन गर्ने
- सामाजिक सुरक्षा र संरक्षणको सन्दर्भमा प्रदेश तथा स्थानीय तहबीच लागत साझेदारी आकर्षित हुने कार्यक्रम तय गर्ने, दायित्व सुनिश्चित गर्न समग्र लगानी तथा लागत साझेदारीको ढाँचा विकास गर्ने।
- सार्वजनिक खर्चको अनुगमन सर्वेक्षण, सेवा प्रवाह सर्वेक्षण, नियमित अनुगमन, सार्वजनिक सुनुवाई वित्तीय अनुशासन जस्ता सुशासनका पक्षहरूको सुनिश्चितता गर्ने।
- सामाजिक सुरक्षा र जिम्मेवारी तथा उत्तरदायित्व निर्वाह गर्न तथा कार्यक्रमको विस्तार गर्न आवश्यक पर्ने वित्त स्रोतको व्यवस्थापनका लागि स्थानीय तहको क्षमता विकास र प्रणालीगत सुधारको लागि सङ्घ र प्रदेशले स्थानीय तहलाई सघाउने नीति अवलम्बन गर्ने।
- विश्वव्यापी महामारीको प्रकोपबाट राष्ट्रिय अर्थतन्त्रमा पर्ने असर न्यून गर्न स्थानीय अर्थतन्त्रको विकासमा लगानी गरी विपन्न लक्षित विकासका लागि कार्य गर्ने।

सामाजिक सुरक्षाका कार्यक्रमको दायरा व्यापक हुँदै गएको सन्दर्भमा यसको लागि आवश्यक वित्तको दिगो परिचालन चुनौतीपूर्ण छ। वित्त व्यवस्थापनको दिगोपनाका लागि देहायका उपाय अवलम्वन गर्नु सान्दर्भिक हुन्छ।

१. दोहोरोपना हटाउन र दुरूपयोग निवारणका लागि एकीकृत सूचना तथा व्यवस्थापन प्रणाली सञ्चालन गर्ने।

२. सम्भाव्यताका आधारमा हाल सञ्चालित कार्यक्रमहरूलाई योगदानमा आधारित उपायमा परिणत गर्ने र आगामी समयमा थप हुने कार्यक्रमहरू सकेसम्म योगदानमा आधारित पद्धतिमा सञ्चालन गर्ने।

३. सामाजिक सुरक्षाको खर्च व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारको कोष एकीकृत रूपमा परिचालन गर्ने। निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रको समेत सहभागिता अभिवृद्धि गर्ने।

४. अधिकारमा आधारित कार्यक्रमलाई व्यक्ति तथा परिवारको आर्थिक अवस्था र क्षमताका आधारमा क्रमशः आवश्यकतामा आधारित प्रणालीमा परिणत गर्ने।

५. सामाजिक सुरक्षा करको दायरा विस्तार गरी निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रबाट हुने पारिश्रमिक भुक्तानीमा समेत लागू गर्ने।

६. नगदमा उपलब्ध गराइने सामाजिक सुरक्षाको भुक्तानीमा स्रोत सुनिश्चितताका लागि वैकल्पिक योगदानमूलक वा स्वेच्छिक योगदानमा आधारित कोषको व्यवस्थापन गर्ने।

परिच्छेदः चार

# कार्यान्वयन तथा अनुगमन प्रणाली

## ४. १ कार्यान्वयन तथा समन्वय

सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम हाल ११ वटा मन्त्रालय र ती अन्तर्गतका विभाग, विभिन्न समिति र विशेष कोषहरूबाट कार्यान्वयन हुँदै आएका छन्।। सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगद सहायता वितरण वा सञ्चालनका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा रहेको छ। नगद अनुदान सहायता र सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा रहेको छ। नेपाली नागरिकको वैयक्तिक तथा जैविक विवरण सहितको परिचय खुल्ने गरी विद्युतीय प्रणालीबाट तथ्याङ्क तथा अभिलेख तयार गरी सुरक्षित भण्डारण, उपयोग र नियन्त्रणका लागि राष्ट्रिय परिचयपत्र प्रणाली अस्तित्वमा छ। सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली स्थानीय तहमा समेत विस्तार गरिएको छ। विपद् प्रभावित नगद सहयोग सम्बन्धी तथ्याङ्कको व्यवस्थापन स्थानीय तहको सहयोगमा जिल्ला प्रशासन कार्यालयहरूबाट हुँदै आएको छ। विपद् प्रभावित समूह लगायत सोसँग सम्बन्धित विवरणहरू नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टलमा अद्यावधिक गर्ने गरिएको छ। यी सबै सूचना व्यवस्थापन प्रणाली सम्बद्ध विवरण गृह मन्त्रालय र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने व्यवस्था मिलाइएको छ। प्रदेश सरकारको भूमिका मूलतः समन्वय र स्थानीय तहको सेवा प्रवाहमा सहयोग पुऱ्याउने विषयसँग सम्बन्धित रहेको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान रकमको दाखिला र सम्बद्ध सूचना व्यवस्थापनका लागि सामाजिक सुरक्षा कोष सचिवालयमा छुट्टै सामाजिक सुरक्षा सूचना प्रणाली विकास गरी सञ्चालनमा ल्याइएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पहिचान भएका बेरोजगारहरूको तथ्याङ्क सङ्कलन र व्यवस्थापन स्थानीय तहबाट हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा रोजगारी सिर्जना, श्रमिकको माग र आपूर्ति तथा रोजगार सेवा सम्बन्धी सूचना व्यवस्थापन लगायत लाभग्राहीको विस्तृत विवरणको लागि स्थानीय तहमा रोजगार सेवा केन्द्र र रोजगार सूचना प्रणालीको छुट्टै संयन्त्र स्थापित छ।

गरिब घरपरिवारको पहिचानमार्फत उनीहरू लाभान्वित हुने गरी शिक्षा, बिमा, खाद्य सुरक्षा लगायत सामाजिक सुरक्षाका कार्यक्रम समेत सञ्चालन गर्ने र सरकारले विभिन्न सहुलियत उपलब्ध गराउनका लागि देशव्यापी रूपमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यका लागि छुट्टै संयन्त्रको रूपमा गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय भूमि व्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्रालयमा रहेको छ। आर्थिक रूपले विपन्न बिमितको वित्तीय जोखिम न्यूनीकरण गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज र सरल पहुँच सुनिश्चित गर्न सञ्चालित स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन स्वास्थ्य बिमा कोषले लक्षित वर्गको लागि बेग्लै सूचना प्रणाली स्थापना गरेको छ। उक्त बिमा कार्यक्रम प्रभावकारी बनाउन स्वास्थ्य बिमा बोर्डको स्थानीय तह र स्वास्थ्यसम्बन्धी निकायसँगको सहकार्य प्रभावकारी देखिएको छैन।ज्येष्ठ नागरिकको पहिचान गरी लगत राख्ने र राज्यद्वारा प्रदत्त सेवा, सुविधा र सहयोग प्राप्तिका लागि दिइने परिचयपत्रका लागि छुट्टै कार्यविधि सहित तथ्याङ्क व्यवस्थापन र वितरणको काम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट हुँदै आएको छ।

माथि उल्लिखित राष्ट्रियस्तरमा प्रदान गरिएका लाभग्राही परिचयपत्रका अतिरिक्त स्थानीय प्रयोजनका लागि समान किसिमका परिचयपत्रहरू स्थानीय तहबाट पनि जारी हुँदै आएका छन्। कार्यक्रम सञ्चालन गर्ने निकायहरूको कार्यक्रमसम्बद्ध आ-आफ्ना दर्ता व्यवस्थापन र सूचना प्रणाली सञ्चालित छन्। सञ्चालनमा रहेका कतिपय प्रणालीले माग गर्ने र व्यवस्थापन गर्ने सूचनाहरू एकै प्रकृतिका रहेको देखिएको छ। एक निकायले जारी गरेका दर्ताको निस्सा वा परिचयपत्रका सूचनाहरू अर्को कार्यक्रम र संस्थाले प्रयोग गर्न मिल्ने प्रकृतिका देखिएका छन्।

उपरोक्त तथ्यबाट सामाजिक सुरक्षा सम्बन्धी विभिन्न निकायका कार्यक्रमहरू एकीकृत तवरले सञ्चालनमा ल्याउन एकीकृत सूचना प्रणाली र एक प्रभावकारी समन्वयकारी संरचना स्थापित गर्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ । यस्तो समन्वयात्मक व्यवस्थाबाट एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गर्न, कार्यक्रमको दायरा फराकिलो बनाउन, कार्यक्रमहरूलाई श्रम तथा रोजगारीसँग आबद्ध गर्दै लैजान, अनुशासित, व्यवस्थित एवम् पारदर्शी ढङ्गबाट सञ्चालन गर्न, कार्यक्रमबाट परेको प्रभावको लेखाजोखा गर्न र वित्तीय पक्ष अनुगमन गर्न सरल हुन्छ । यसले संस्थागत उत्तरदायित्व, जिम्मेवारी बोध र जवाफदेहितालाई पनि सुनिश्चत गर्न मद्दत पुग्ने देखिन्छ । सामाजिक सुरक्षा र संरक्षणका विभिन्न कार्यहरू गर्न गराउन तहगत रूपमा देहायका संस्थागत संरचना रहनु आवश्यक छ ।

### ४.१.१ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद्

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको नीतिगत समन्वय र कार्यक्रमसम्वद्ध मार्गनिर्देशका लागि नेपाल सरकारका सरोकारवाला मन्त्रालय, आयोग र प्रदेश सरकारको समेत प्रतिनिधित्व रहने गरी देहायबमोजिमको एक उच्चस्तरीय परिषद् गठन हुनेछः

(क) प्रधानमन्त्री - अध्यक्ष
(ख) मन्त्री, गृह - सदस्य
(ग) मन्त्री, अर्थ - सदस्य
(घ) मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि - सदस्य
(ङ) मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या - सदस्य
(च) मन्त्री, महिला, बालबालिका तथा समाज कल्याण - सदस्य
(छ) मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन - सदस्य
(ज) मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा - सदस्य
(झ) मन्त्री, कृषि तथा पशुपन्छी विकास - सदस्य
(ञ) मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति - सदस्य
(ट) मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण - सदस्य
(ठ) मूख्यमन्त्रीहरू, सबै प्रदेश - सदस्य
(ड) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - सदस्य
(ढ) सदस्य (सम्बन्धित क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य
(ण) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य सचिव

परिषद्को सचिवालय राष्ट्रिय योजना आयोगमा रहनेछ ।

### ४.१.२ एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषद्को भूमिका र काम कर्तव्य

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषदको भूमिका र काम कर्तव्य देहायबमोजिम हुनेछ ।

(क) विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्ने ।
(ख) कार्यक्रमको कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालय समन्वय सम्बन्धी विषय, नीतिगत एवम् कानुनी विषयवस्तुका सम्बन्धमा देखिएका वाधा अड्चन र समस्याको समाधान गर्ने ।
(ग) सामाजिक सुरक्षा सम्बन्धी नीतिहरूको तर्जुमाका लागि विषयगत मन्त्रालयहरूलाई निर्देशन दिने ।
(घ) प्रदेश सरकारबाट सञ्चालन गरिने सामाजिक सुरक्षा सम्बद्ध कार्यक्रमहरूको नीतिगत सहजीकरण र लक्षित समूहगत मार्गदर्शन गर्ने ।
(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट अलगअलग वा संयुक्त रूपमा सञ्चालित कार्यक्रमहरूको समग्र रूपमा सामयिक समीक्षा गरी प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिने ।
(च) कार्यक्रमको कार्यान्वयनमा देखिने समस्याको समाधानका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति र प्रदेश सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिलाई मार्गनिर्देश गर्ने ।

~~४.१.१ को अंग हो यो~~ ।

### ४.१.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नीतिगत सहजीकरणका लागि सङ्घीय तहमा देहाय बमोजिमको एक समन्वय समिति रहनेछ ।

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - संयोजक
(ख) सदस्य (सम्बन्धित क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग - सहसंयोजक
(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य
(घ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- सदस्य
(ङ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(च) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य
(छ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य
(ज) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य
(झ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य
(ञ) सचिव, सहरी विकास मन्त्रालय - सदस्य
(ट) सचिव, गृह मन्त्रालय - सदस्य
(ठ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य
(ड) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य
(ढ) प्रमुख सचिव, सबै प्रदेशहरू - सदस्य
(ण) महानिर्देशक- राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग- सदस्य
(त) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य
(थ) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ - सदस्य
(द) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिकाका सङ्घ तथा जिल्ला समन्वय समिति महासङ्घ - सदस्य (३ जना)
(ध) अध्यक्ष, गैर सरकारी संस्था महासङ्घ नेपाल- सदस्य
(न) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल - सदस्य
(ऩ) प्रमुख, सामाजिक सुरक्षासँग सम्बन्धित कोषहरू (कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष)- सदस्य
(प) सहसचिव, सामाजिक विकास महाशाखा, राष्ट्रिय योजना आयोग - सदस्य सचिव

समितिमा सामाजिक सुरक्षा र श्रम तथा रोजगार सम्बन्धी निकाय तथा विज्ञहरूलाई आमन्त्रित गर्न सकिनेछ। राष्ट्रिय सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिले आफ्ना बैठकहरूमा आवश्यकता अनुसार नेपाल सरकारका अन्य मन्त्रालयका सचिवहरू, निजी क्षेत्र र राष्ट्रिय सहकारी बोर्डको प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ।

### ४.१.४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको काम कर्तव्य

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछः

(क) आम नागरिक एवं श्रमिकको सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड सम्बन्धमा नेपाल सरकार वा उच्चस्तरीय परिषदमा सुझाव पेश गर्ने।
(ख) सामाजिक सुरक्षा राष्ट्रिय संरचनाको कार्यान्वयनको समग्र अनुगमन तथा निरीक्षण गर्ने र निर्देशन दिने।
(ग) सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन अवस्थाको समीक्षा गर्ने।
(घ) सामाजिक सुरक्षा संरचना कार्यान्वयन गर्न नयाँ कार्यक्रमहरूको स्वीकृति वा अनुमोदनका लागि वार्षिक बजेट तर्जुमा प्रक्रिया सुरू हुनु अगावै समन्वय समितिको बैठकको आयोजना गर्ने र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने निकायबीच नीति तथा योजना र कार्यक्रम तहमा समन्वय गर्ने।
(ङ) अति विपन्न र जोखिममा रहेका व्यक्तिहरूसम्म पहुँच पुर्याउन सेवा प्रवाहका लागि सन्चालित कार्यक्रमहरूको प्राथमिकता निर्धारण, लागत अनुमान तयारी र आवश्यक सुधारका कार्य गर्ने।
(च) सङ्घीय,प्रादेशिक र स्थानीय सरकारका नीति तथा योजना र कार्यक्रमको समन्वय र सहजीकरण गर्ने।
(छ) आकस्मिक र विपद्को अवस्थामा जोखिमको सामना गर्न सक्ने कार्यक्रमका लागि समेत स्रोत साधनको आवश्यकता र कार्यान्वयन संयन्त्रको सिफारिस गर्ने।
(ज) सामाजिक सुरक्षा नीति र कार्यक्रमको कार्यान्वयन एवम् उपलब्धिको लेखाजोखा गर्नका लागि निगरानी र मूल्याङ्कन प्रणालीको विकास गर्ने।
(झ) एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषदबाट प्राप्त नीतिगत निर्देशनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने।
(ञ) नीतिगत निर्देशनहरूको कार्यान्वयन तथा प्रगतिको समिक्षा गर्ने र सुधारका लागि सम्बन्धित निकायलाई सुझाव दिने।
(ट) लाभग्राहीको दर्ता तथा लाभ रकम वितरण व्यवस्था र गुनासो सम्बोधनका विधि र प्रक्रियाका न्यूनतम मापदण्ड र शर्तहरू सिफारिस गर्ने।
(ठ) विकास साझेदारबाट सञ्चालित सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम र सहायता यस संरचना अनुरूप भएको सुनिश्चित गर्ने।

(ड) दातृ निकायको सहायतालाई समन्वयात्मक ढंगबाट एकरूपता एवम् प्रभावकारिता कायम हुने नीतिगत विषयको सिफारिस गर्ने ।

(ढ) विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, प्रदेश विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यववस्थापन समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको अधिनमा रही विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य तथा जोखिम प्रभाव न्यूनीकरण सम्बन्धी एकीकृत तथा क्षेत्रगत योजनाको समन्वय गर्ने । यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रणालीको अध्ययन गरी आधुनिक वितरण प्रणालीको स्थापना गर्न निर्देशन दिने ।

(ण) सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढीकरण गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

## ४.१.५ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिको निर्देशनालय

नेपालभर सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत रूपमा व्यवस्थापनका लागि उच्चस्तरको अधिकार सम्पन्न सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन/समन्वय निर्देशनालय रहनेछ । निर्देशनालयमा एक जना कार्यकारी प्रमुख रहने छन् भने योजना अधिकृत र अन्य प्राविधिक विशेषज्ञ सहितको निर्देशनालय समूह क्रियाशील रहनेछ । निर्देशनालयको कार्य सञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था र संरचनासहितको कार्यविधि तयार गरिनेछ । निर्देशनालयले निम्न जिम्मेवारीहरू वहन गर्नेछ-

एकीकृत सामाजिक संरक्षण कार्यविधि तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट पारित गराई सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गर्ने सबै मन्त्रालय, मातहत विभाग र निकाय, प्रदेश तथा स्थानीय सरकारहरूबीच कार्यान्वयनका लागि सहजीकरण गर्ने

(क) नेपाल सरकारद्वारा सङ्घीय रूपमा सञ्चालन हुने सामाजिक सुरक्षाका कार्यक्रमहरूको वार्षिक बजेट तथा योजना तर्जुमा गर्ने

(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समितिलाई सामाजिक सुरक्षा नीति तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र समीक्षा गर्नका लागि प्राविधिक विशेषज्ञ सेवा प्रदान गर्ने कार्यमा सहजीकरण गर्ने ।

(ग) संरचनामा उल्लिखित अनुगमन सूचकहरूको प्रगति अद्यावधिक गर्ने ।

(घ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समितिको बैठकको आयोजना गर्ने, बैठकको निर्णय उतार गर्ने र अभिलेख राख्ने ।

(ङ) प्रदेश, नगरपालिका तथा गाउँपालिकामा रहेका समन्वय समितिको सहजकर्ताको भूमिका निभाउने ।

(च) सामाजिक सुरक्षा कार्यक्रमहरूको एकीकृत राष्ट्रिय तथ्याङ्कीय केन्द्र (डेटाबेस) तयार गर्ने

(छ) सामाजिक सुरक्षा कार्यक्रहरूको प्रभावकारिताबारे अनुगमन, मूल्याङ्कन गरी आवधिक/वार्षिक प्रतिवेदन तयार गर्ने र विश्लेषित विवरण एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा परिषदसमक्ष पेश गर्ने ।

(ज) सचिवालयको नियमित प्रकृतिका कार्यहरू सम्पादन गर्ने ।

## ४.१.६ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समिति

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा प्रदेशस्तरको सामाजिक सुरक्षा संरक्षणका कार्यक्रम कार्यान्वयन, अनुगमन तथा नीतिगत समन्वयका लागि देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, आर्थिक विकास तथा योजना - सदस्य

(ग) मन्त्री, सामाजिक विकास - सदस्य

(घ) मन्त्री, आन्तरिक मामिला तथा कानुन - सदस्य

(ङ) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी - सदस्य

(च) उपाध्यक्ष, प्रदेश नीति/योजना आयोग- सदस्य

(छ) प्रदेश तहको विपद व्यवस्थापन समितिको प्रतिनिधि- सदस्य

(ज) गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ र जिल्ला समन्वय समिति महासङ्घको प्रदेश स्तरीय सङ्घ/महासङ्घका अध्यक्षहरू - ३ जना सदस्य

(झ) प्रदेश उद्योग वाणिज्य महासङ्घका अध्यक्ष - सदस्य

(ञ) प्रदेश उद्योग परिसङ्घका अध्यक्ष - सदस्य

(ट) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य सचिव

समितिमा सामाजिक सुरक्षा र श्रम तथा रोजगार सम्बन्धी निकायका प्रतिनिधि र विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ । समितिले आफ्ना बैठकहरूमा प्रदेश सरकारका अन्य मन्त्रालयका सचिवहरूतथा नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ । समितिको सचिवालय सामाजिक विकास मन्त्रालयमा रहनेछ ।

### ४.१.७ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समि( तिको काम कर्तव्य

प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको मूख्य काम कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) प्रदेशस्तरका सामाजिक सुरक्षा सम्बन्धी नीति, कार्यक्रम र मापदण्ड तर्जुमा गर्ने र स्थानीय तहमार्फत समन्वय गरी कार्यान्वयन गर्ने गराउने।
(ख) राष्ट्रिय संरचनाले निर्देश गरेका प्रादेशिक कार्यक्रमहरू र महत्वपूर्ण सुधारहरू स्वीकृति वा सिफारिसका लागि वार्षिक बजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुनु अगावै बैठकको आयोजना गर्ने।
(ग) प्रदेश भित्रका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा बिभिन्न साझेदारहरू बीच नीतिगत र कार्यक्रम सम्बन्धी समन्वय गर्ने।
(घ) गाउँपालिका तथा नगरपालिका सामाजिक सुरक्षा समन्वय समितिहरूसँग समन्वय र सहजीकरण गर्ने।
(ङ) नेपाल सरकारबाट आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान तथा विकासका लागि प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि प्राप्त हुने विशेष अनुदानलाई सामाजिक सुरक्षा कार्यक्रममा लगाउन प्रेरित गर्ने।
(च) आफ्नो प्रदेशमा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता बढाउन अन्य कार्यहरू सञ्चालन गर्ने।

### ४.१.८ स्थानीय तह सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समिति

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको स्थानीय स्तरमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नीतिगत समन्वय तथा पृष्ठपोषण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा देहाय बमोजिमको एक समिति रहनेछ:

(क) नगरपालिकाका प्रमुख/गाउँपालिकाका अध्यक्ष - संयोजक
(ख) नगरपालिकाका उपप्रमुख/ गाउँपालिकाका उपाध्यक्ष- सदस्य
(ग) सामाजिक विकास सम्बन्धी विषयगत समितिका संयोजक - सदस्य
(घ) सामाजिक सुरक्षासँग सम्बन्धित महाशाखा/शाखा प्रमुखहरू - सदस्य
(ङ) स्थानीय उद्योग वाणिज्य सङ्घका अध्यक्षहरू - सदस्य
(च) सामाजिक सुरक्षाका क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका अध्यक्षहरू- सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

समितिमा सामाजिक सुरक्षा र श्रम तथा रोजगारी सम्बन्धी निकायका प्रतिनिधि र विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ। समितिले आफ्ना बैठकहरूमा सहकारी क्षेत्र र सामुदायीक संस्थाका प्रतिनिधि, स्थानीय नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिलाई आवश्यकता अनुरूप आमन्त्रण गर्न सक्नेछ। समितिको सचिवालय सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा रहनेछ।

### ४.१.९ स्थानीय तह सामाजिक सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समितिको काम कर्तव्य

समितिले सम्बन्धित स्थानीय तहमा सामाजिक सुरक्षाको क्षेत्रमा देहायको जिम्मेवारी बहन गर्नेछः

(क) स्थानीय तहमा सामाजिक सुरक्षाको राष्ट्रिय संरचनाको कार्यान्वयनको समग्र निर्देशन गर्ने।
(ख) स्थानीय तहभित्रका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा सरोकारवाला पक्षसँग नीतिगत र कार्यक्रम सम्बन्धी समन्वय गर्ने।
(ग) स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ मा उल्लिखित कार्य जिम्मेवारीको सहजीकरण गर्ने।
(घ) सामाजिक सुरक्षा प्रणाली र वित्तीय आवश्यकताको समीक्षा गर्ने र आवश्यक देखिएका विषयमा प्रदेश सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा समन्वय समितिलाई सिफारिस गर्ने।
(ङ) सहकारी, वन उपभोक्ता समूह र अन्य सामुदायिक संस्थाहरूलाई सामाजिक बिमा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्ने।
(च) बेरोजगार तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको लगत अद्यावधिक गर्न लगाउने र रोजगारमूलक कार्यक्रममा सरिक गराउने।
(छ) रोजगारमूलक कार्यक्रममार्फत प्राकृतिक स्रोत संरक्षण तथा स्वरोजगार प्रवर्द्धन उद्यमशिलता विकास र जीविकोपार्जन प्रवर्द्धनका कार्य गर्ने।
(ज) आकस्मिक जोखिम र विपदको अवस्थामा तत्काल सहयोग सुनिश्चित गर्न स्थानीय सरकारलाई सघाउने।

(झ) वार्षिक रूपमा सामाजिक सुरक्षा कार्यक्रमको प्रतिवेदन सार्वजनिक गरी वडास्तरमा सामाजिक परिक्षण गराई पारदर्शी र प्रभावकारी बनाउने ।

(ञ)

(ट) सामाजिक सुरक्षाको सेवा प्रवाह प्रभावकारी बनाउन अन्य कार्य गर्ने गराउने ।

## ४.२ संरचना कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका

यस संरचनाको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहकोको भूमिका देहायका मान्यताका आधारमा सञ्चालन हुनेछन् ।

(ठ) प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार भित्रका सामाजिक सुरक्षा सम्बन्धी कार्य सञ्चालन तथा सेवा प्रवाह सम्बन्धी कार्य तत् तत् सरकारहरूले लिने नीति र रणनीतिको लागि यो संरचना मार्गदर्शकको रूपमा रहनेछ ।

(ड) संरचनामा उल्लिखित नीतिको प्रभावकारी कार्यान्वयनका लागि संविधानले परिभाषित गरेको सङ्घीय संरचना अनरूप सङ्घ, प्रदेश र स्थानीय तहकोका जिम्मेवारीको आधारमा सामाजिक सुरक्षासँग सम्बन्धित सबै सङ्घ संस्था र संरचनाहरूको आवश्यकता अनुरूप पुनरावलोकन, सुधार तथा संशोधनका कार्यहरू सम्बन्धित निकायबाटै सम्पादन गरिनेछन् ।

(ढ) राष्ट्रिय नीतिले परिकल्पना गरेअनुसार र संरचनाले निर्दिष्ट गरेका पक्षहरूको सम्बर्द्धन गर्न कानुनी आधार (ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि लगायतका दस्तावेजहरू) तयार गरी लागू गरिनेछ ।

(ण) सञ्चालित कार्यक्रमहरूमध्ये स्थानीय तहको कार्य क्षेत्रका कार्यक्रमहरूको सञ्चालन जिम्मेवारी हस्तान्तरण गर्नु अघि प्रदेश तथा स्थानीय तहको भूमिका कानुनी रूपमा नै स्पष्ट गरिनेछ ।

माथि उल्लिखित कार्यहरू सम्पादन गर्न सङ्घ, प्रदेश र स्थानीय तहकोको भूमिका देहाय बमोजिम हुनेछ ।

### ४.२.१ नेपाल सरकार

- विपन्न र जोखिममा रहेका व्यक्ति तथा परिवारको सुरक्षा र सामाजिक न्यायका लागि सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरू र वितरण प्रणाली व्यवस्थापनका लागि यस राष्ट्रिय संरचनालाई मार्गनिर्देशक दस्तावेजको रूपमा कार्यान्वयनमा लैजाने ।
- सेवाहरूको उपयुक्त वितरण, विभिन्न प्रणालीहरू बीचको अन्तरसम्बन्ध र प्रभावकारी नियमन सुनिश्चित गर्न लाभग्राहीको डाटाबेस, भुक्तानी प्रणाली र गुनासो व्यवस्थापन जस्ता आधारभूत प्रणालीका लागि मापदण्ड निर्धारण गर्ने ।
- सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणालीको निर्माण र सञ्चालनको सहजीकरण गर्ने ।
- मन्त्रालयहरूबाट सञ्चालित कार्यक्रमको प्रमुख उद्देश्य किटान गर्ने । सेवाको पहुँच तथा विस्तार, भुक्तानी प्रणालीको उपयोग, संयुक्त व्यवस्थापनको संयन्त्र जस्ता विषयमा कार्यगत समन्वय गर्ने । पारदर्शी र सूचनामा आधारित उपयुक्त प्रणालीको अवलम्बन गर्ने ।
- सबै प्रकारका सामाजिक सुरक्षा भत्ता, सामाजिक सुरक्षा कोष अन्तर्गतका कार्यक्रम, योगदानमा आधारित कार्यक्रम तथा सामाजिक सुरक्षाका राष्ट्रिय कार्यक्रममा लगानी एवम् वित्तीय सहयोगको व्यवस्थापन गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रमहरूलाई आर्थिक सामाजिक जोखिमहरूको सामना गर्न सक्ने बनाउन आवश्यकता अनुसार घटवढ वा अद्यावधिक गर्न सकिने क्षमताको विकास गर्ने र वित्तीय स्रोत सुनिश्चित गर्ने ।
- सामाजिक सुरक्षाका सबै कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।
- स्थानीय तहमा समाधान गर्न नसकिएका र प्रदेश तथा सङ्घीय तहमा प्राप्त भएका गुनासाको सुनवाई र व्यवस्थापन गर्ने ।
- संरचना कार्यान्वयनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट सहयोग लिने र परिचालन गर्ने ।
- सामाजिक संरक्षणका कार्यक्रम र प्रणालीहरूको दक्ष र प्रभावकारी सञ्चालनका लागि प्राविधिक सहयोग प्रदान गरी प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास गर्ने ।
- सामाजिक संरक्षणका विविध नीतिगत कानुनी र संस्थागत पक्षहरूमा समन्वय गर्ने अध्ययन अनुसन्धान गर्ने कार्यक्रम र प्रणालीहरूको अनुगमन र मूल्याङ्कन गर्ने नवप्रवर्तन र सुधारका कार्यलाई अगाडि बढाउने कार्यमा सरकारलाई मद्दत गर्न एक नियामक केन्द्रीय निकायको स्थापना गर्ने ।

- राष्ट्रियस्तरका एकीकृत डाटाबेस तयार गरी सबै किसिमका सामाजिक सुरक्षा कार्यक्रम र लाभग्राहीको म्यापिङमा आधारित विवरण तयार पार्ने, जसका आधारमा सामाजिक सुरक्षाका कार्यक्रमहरूमा दोहोरोपनाबाट हुने स्रोत र साधनको दुरुपयोग रोक्ने ।
- दातृ निकाय विशेषत: गैरसरकारी संस्थाहरूमार्फत् सञ्चालन हुने सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूलाई राष्ट्रिय प्रणालीमा आबद्ध गराउने ।

### २.२.२ प्रदेश सरकार

- आवश्यकता र वित्तीय दिगोपनलाई ध्यान दिंदै प्रदेशस्तरमा सामाजिक सुरक्षाका थप कार्यक्रम सञ्चालन गरी सङ्घीय कार्यक्रमहरूलाई सघाउने ।
- प्रदेशभित्र आइपर्ने आकस्मिक जोखिमहरूको सामना गर्नका लागि मूख्य प्रतिरोधि कार्यक्रमको लागि संस्थागत क्षमताको विकास लगायत पूर्वतयारीका आवश्यक कार्य गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतका रोजगारमूलक आयोजनाहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- प्रदेशमा सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने ।
- प्रदेशभित्रका रोजगार आयोजनाहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने र स्थानीय तह तथा सङ्घको बीचमा समन्वयको कार्य गर्ने ।
- गाउँपालिका तथा नगरपालिकाहरूमा कार्यान्वयन गरिएका कार्यक्रमहरूको समन्वय र सहजीकरण गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रमहरूको सञ्चालन र सूचना व्यवस्थापन गर्न स्थानीय तहको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा समाधान गर्न नसकिएका गुनासाहरूको सुनवाई र व्यवस्थापन गर्ने ।

### ४.२.३ स्थानीय तह

- स्थानीय तहभित्र बसोबास गर्ने सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्ति तथा परिवार पहिचान गरी सोको अभिलेख तयार गर्ने ।
- प्रत्येक वडास्तरमा रहेका सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिको सूचना प्रविधिमा आधारित नक्शाङ्कन (म्यापिङ) गरी राष्ट्रियस्तरको डाटाबेसमा एकीकरण गर्ने
- सङ्घीय र प्रादेशिक सामाजिक सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयन गर्न सूचना र जनसम्पर्क, लाभग्राही पहिचान तथा दर्ता, लाभको वितरण, अनुगमन जस्ता प्रत्यक्ष सम्पर्कमार्फत् दिइने सेवाहरू प्रवाह गर्ने ।
- गाउँपालिका तथा नगरपालिकाहरूको आवश्यकता र वित्तीय दिगोपनलाई ध्यान दिँदै स्थानीयस्तरमा उपलब्ध हुने स्रोत र सञ्चालन हुने थप कार्यक्रमहरूमार्फत प्रदेश तथा सङ्घीय कार्यक्रमहरूलाई सघाउने ।
- सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्क अद्यावधिक राख्ने तथा त्यसलाई सार्वजनिक गर्ने,
- स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरू तथा रोजगारदाताहरूको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र रोजगार सेवा सञ्चालन गर्ने ।
- स्थानीय तहको बजेट तथा कार्यक्रमबाट विपद् तथा अन्य आर्थिक सङ्कटलाई सम्बोधन हुने प्रकारले रोजगारमूलक आयोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने ।
- सहकारी, गुठी, र वन उपभोक्ता समूहलाई आवश्यक परामर्श र प्राविधिक सहयोगमार्फत् सामाजिक स्वास्थ्य बिमा, बाली तथा पशु बिमा आदिमा सहभागी हुन प्रेरित गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी स्थानीय गुनासाहरूको सुनवाइ र व्यवस्थापन गर्ने ।
- स्थानीय तहमा पारदर्शिता अवलम्बन गर्न वार्षिक रूपमा वितरण भएको रकमको सामाजिक परिक्षण गराउने ।
- निजी क्षेत्र र सामुदायिक संस्थाहरूमार्फत सञ्चालन हुने सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रणालीमा आबद्ध गराउने

## ४.३ अन्य सरोकार निकायको भूमिका

### ४.३.१ विकास साझेदार

यो संरचना कार्यान्वयनमा विकास साझेदारहरूको भूमिका देहाय बमोजिम रहनेछ :

- सामाजिक सुरक्षाका कार्यक्रम सम्बन्धी सहयोगलाई राष्ट्रिय संरचनासँग आबद्ध एवम् एकीकृत गर्ने ।
- अन्तर्राष्ट्रिय स्तरमा सर्वमान्य, संयुक्त राष्ट्र सङ्घीय महासन्धि/अभिसन्धि वा सम्मेलनहरूद्वारा पारित, सर्वमान्य सामाजिक सुरक्षाका छाता कार्यक्रमहरूको कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय स्तरमा घोषित

प्रतिबद्धता अनुकूल सहायता परिचालनमा समन्वय र सहयोग गर्ने

- सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन क्षमता विकासमा सहयोग गर्ने ।
- सामाजिक सुरक्षा सम्बन्धी नीति, कार्यक्रम तथा रणनीति तर्जुमाका लागि माग अनुसार आवश्यक सहयोग गर्ने ।
- सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमका लागि वित्तीय स्रोत व्यवस्थापनमा सहयोग गर्ने ।

### ४.३.२ निजी क्षेत्र

निजी क्षेत्रको भूमिका देहाय बमोजिम हुनेछ :

- गुणस्तरीय वस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति एवम् उत्पादनशील र मर्यादित रोजगारी सिर्जनामा सहयोग गर्ने ।
- संस्थागत सुशासन, सुमधुर औद्योगिक सम्बन्ध, बालश्रम निवारण, सामाजिक सुरक्षा र संरक्षणमा सहभागिता एवम् संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने ।
- लाभग्राहीको पहिचान र दर्ता तथा भुक्तानी प्रणालीलाई सुदृढीकरण गर्नका लागि अत्याधुनिक प्रविधिको प्रयोगमा (खासगरी बैंकिङ र वित्तीय संस्थाहरू तथा सूचना प्रविधि कम्पनीहरूको) सहभागिता सुनिश्चित गर्ने ।
- निजी प्रतिष्ठान वा निजी क्षेत्रमा असङ्गठित रूपमा कार्यरत व्यक्तिहरको सामाजिक सुरक्षाका लागि योगदानमा सहभागी हुने ।
- कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा सम्बन्धित तहको सरकार, सहकारी संस्था लगायत सम्भावित रोजगारदाताहरूसँग सहकार्य गर्ने ।
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग आवश्यकता अनुसार सहकारीतामूलक र सहयोगी भूमिका निर्वाह गर्ने ।
- संरचना कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहकोलाई सहयोग पुर्याउने ।

### ४.३.३ सहकारी तथा सामुदायिक क्षेत्र

संरचना कार्यान्वयनको सन्दर्भमा सहकारी एवम् सामुदायिक क्षेत्रको देहायको जिम्मेवारी एवम् भूमिका रहनेछ :

- स्थानीय स्रोत, साधन, श्रम, सीप र पूँजी परिचालन गरी रोजगारी तथा आयको अवसर वृद्धिमा सहयोग गर्ने ।
- सामाजिक सुरक्षा योजनामा आबद्ध हुने विषय ऐच्छिक नभएको हुँदा सङ्गठित संस्थाहरूले आफू र आफ्ना श्रमिकलाई कोषमा सूचीकरण गरेर सुविधा उपयोगमा अग्रसर रहने ।
- सामाजिक बिमा लगायत सुरक्षा र सामाजिक संरक्षणको लक्ष्य तथा प्राथमिकता अनुरूपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता वृद्धि, नागरिक सचेतना तथा कर्तव्यवोध र सशक्तीकरणमा सहयोग पुऱ्याउने ।
- गुनासो सुनवाइका लागि वडा भेला, सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा जस्ता विधिमार्फत स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने ।
- संरचना कार्यान्वयन गर्न गराउन सङ्घ, प्रदेश र स्थानीय तहकोसँग सहकार्य र हातेमालो गर्ने ।

## ४.४ सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा निकायगत जिम्मेवारी

सामाजिक सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयनका लागि जिम्मेवार निकाय र सहयोगी निकाय निम्नानुसार रहेका छन् :

**तालिका ४.१: सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयन जिम्मेवारी**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक भत्ता | गृह मन्त्रालय | स्थानीय तह | चौमासिक | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालन हुनु उपयुक्त हुने |
| २ | एकल महिला भत्ता | गृह मन्त्रालय | स्थानीय तह | चौमासिक | |
| ३ | अपाङ्गता भत्ता | गृह मन्त्रालय | स्थानीय तह | चौमासिक | |
| ४ | लोपोन्मुख आदिवासी जनजाति भत्ता | गृह मन्त्रालय | स्थानीय तह | चौमासिक | |
| ५ | बाल पोषण भत्ता | गृह मन्त्रालय | स्थानीय तह | चौमासिक | |
| ६ | विपदबाट मृत्यु भएका परिवारका लागि उद्धार तथा राहत | गृह मन्त्रालय | सङ्घीय मन्त्रालयहरू, प्रदेश सरकारका निकाय र स्थानीय तह | तत्काल | |
| ७ | तत्काल राहत | गृह मन्त्रालय | सङ्घीय मन्त्रालयहरू, प्रदेश सरकारका निकाय र स्थानीय तह | तत्काल | |
| ८ | विपद्को कारण घर पूर्णक्षति भएमा उद्धार तथा राहत | गृह मन्त्रालय | सङ्घीय मन्त्रालयहरू, प्रदेश सरकारका निकाय र स्थानीय तह | तत्काल | |
| ९ | शीतलहर प्रभावित परिवारका लागि राहत | गृह मन्त्रालय | सङ्घीय मन्त्रालयहरू, प्रदेश सरकारका निकाय र स्थानीय निकाय | तत्काल | |
| १० | राहत तथा पुर्नस्थापना कार्यक्रम | गृह मन्त्रालय | सङ्घीय मन्त्रालयहरू, प्रदेश सरकारका निकाय र स्थानीय तह | तत्काल | |
| ११ | दलित विद्यार्थी छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १२ | बालिका छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १३ | अपाङ्गता छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १४ | विपन्न छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १५ | सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १६ | सडक बालबालिका तथा बालश्रमिक छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १७ | सहिदका छोराछोरीका लागि छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १८ | मुक्त कमलरी छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| १९ | हिमाली आवासीय छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| २० | अन्य छात्रवृत्ति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| २१ | स्यानिटरी प्याड वितरण | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| २२ | विद्यालय खाजा कार्यक्रम | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| २३ | निःशुल्क आधारभूत शिक्षा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| २४ | निःशुल्क उच्च शिक्षा | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| २५ | आमा सुरक्षा कार्यक्रम | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | तत्काल | |
| २६ | प्रसुति पूर्वको सेवा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | तत्काल | |

| क.सं. | कार्यक्रमको नाम | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन समय | कैफियत |
|---|---|---|---|---|---|
| २७ | सुत्केरी विदा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | तत्काल | |
| २८ | आमा र बच्चा पोषण परिपूरण कार्यक्रम (एकीकृत वाल स्वास्थ्य एवम् पोषण) | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | तत्काल | |
| २९ | एड्स तथा यौनरोग नियन्त्रण | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | नियमित | |
| ३० | कुष्टरोग नियन्त्रण कार्यक्रम | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | नियमित | |
| ३१ | सरुवा रोगहरूको निःशुल्क उपचार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | तत्काल | |
| ३२ | विपन्न स्वास्थ्य उपचार कार्यक्रम | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | नियमित | |
| ३३ | निःशुल्क जाँच तथा उपचार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | नियमित | |
| ३४ | ज्येष्ठ नागरिक स्वास्थ्य उपचार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | नियमित | |
| ३५ | पाठेघरको मुखको क्यान्सर जाँच | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | नियमित | |
| ३६ | रेविज विरूद्धको खोप | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | तत्काल | |
| ३७ | सर्पदंशको उपचार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | तत्काल | |
| ३८ | आङ खस्ने रोगको उपचार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | नियमित | |
| ३९ | निःशुल्क खोप सेवा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | नियमित | |
| ४० | निःशुल्क आधारभूत स्वास्थ्य सेवा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्थानीय तह | नियमित | |
| ४१ | ज्येष्ठ नागरिक स्वास्थ्य उपचार | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश र स्थानीय तह | नियमित | |
| ४२ | ज्येष्ठ नागरिक यातायात सहुलियत | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय | नियमित | |
| ४३ | समाज कल्याण कार्यक्रम | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह | नियमित | |
| ४४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम/हवाइ उद्धार सेवा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | तत्काल | |
| ४५ | बाल कल्याण सहयोग | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह | नियमित | |
| ४६ | दिवा शिशु स्याहार केन्द्र | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्थानीय तह | नियमित | |
| ४७ | विशेष कृषि उत्पादन कार्यक्रम | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | स्थानीय तह | नियमित | |
| ४८ | बाली तथा पशुपन्छी बिमा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अर्थ मन्त्रालय, स्थानीय तह | नियमित | |
| ४९ | वर्ड फ्लु क्षतिपूर्ति वितरण | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | स्थानीय तह | नियमित | |
| ५० | कृषि क्षेत्र विपद व्यवस्थापन कार्यक्रम | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | गृह मन्त्रालय, स्थानीय तह | तत्काल | |
| ५१ | उखु उत्पादक किसान अनुदान | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| ५२ | ब्याज अनुदान | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अर्थ मन्त्रालय | वार्षिक | |

| क्र.सं. | कार्यक्रमको नाम | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन समय | कैफियत |
|---|---|---|---|---|---|
| ५३ | जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | | वार्षिक | |
| ५४ | खाद्यान्न ढुवानी अनुदान | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय | वार्षिक | |
| ५५ | कण्ठरोग नियन्त्रण | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | स्थानीय तह | नियमित | |
| ५६ | सुरक्षित नागरिक आवास कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश र स्थानीय तह | वार्षिक | |
| ५७ | जनता आवास कार्यक्रम | शहरी विकास मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| ५८ | मुक्त हलिया अनुदान | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| ५९ | जग्गा स्वामित्व प्राप्तिमा छुट | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | स्थानीय तह | नियमित | |
| ६० | नि:शुल्क कानुनी सहायता | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ??? | नियमित | |
| ६१ | निवृतिभरण | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | नियमित | |
| ६२ | उपदान | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | नियमित | |
| ६३ | उपचार खर्च | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | नियमित | |
| ६४ | योगदानमा आधारित निवृतिभरण कोष | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | नियमित | |
| ६५ | सुत्केरी तथा शिशु हेरचाह | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | नियमित | |
| ६६ | काज क्रियाक्रिया खर्च | अर्थ मन्त्रालय | कर्मचारी सञ्चय कोष | नियमित | |
| ६७ | घातक रोग उपचार खर्च | अर्थ मन्त्रालय | कर्मचारी सञ्चय कोष | नियमित | |
| ६८ | वृद्धावस्था संरक्षण | सामाजिक सुरक्षा कोष | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नियमित | |
| ६९ | औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना | सामाजिक सुरक्षा कोष | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नियमित | |
| ७० | मातृत्व सुरक्षा योजना | सामाजिक सुरक्षा कोष | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | यमित | |
| ७१ | दुर्घटना तथा अशक्तता सुरक्षा | सामाजिक सुरक्षा कोष | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | तत्काल | |
| ७२ | आश्रित परिवार सुरक्षा | सामाजिक सुरक्षा कोष | | नियमित | |
| ७३ | स्वास्थ्य बिमा बोर्डका कार्यक्रम | स्वास्थ्य बिमा बोर्ड | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नियमित | |
| ७४ | नि:शुल्क स्वास्थ्य बिमा | स्वास्थ्य बिमा बोर्ड | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नियमित | |
| ७५ | वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाको परिवारलाई आर्थिक सहायता | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | तत्काल | |

| क्र.सं. | कार्यक्रमको नाम | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन समय | कैफियत |
|---|---|---|---|---|---|
| ७६ | वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका र गम्भीर बिरामी भएका कामदारलाई दिइने आर्थिक सहायता | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | तत्काल | |
| ७७ | वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई दिइने आर्थिक सहायता | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय तह | तत्काल | |
| ७८ | बैदेशिक रोजगार छात्रवृत्ति (बैदेशिक रोजगारीको क्रममा मृत्यु /अङ्गभङ्ग भएकाका सन्ततिलाई दिइने) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय तह | नियमित | |
| ७९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय तह | वार्षिक | |
| ८० | युवा स्वरोजगार कोष | युवा तथा खेलकुद मन्त्रालय | | नियमित | |
| ८१. | यातायातमा तेस्रो पक्षीय दुर्घटना बिमा | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | बिमा समिति, प्रदेश सर कार | नियमित | |
| ८२. | महामारी तथा प्रकोपजन्य विशेष बिमा (कोरोना बिमा) | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र विषयगत मन्त्रालय | बिमा समिति | तत्काल | |
| ८३. | कर्मचारी सञ्चय कोष | अर्थ मन्त्रालय | | नियमित | |
| ८४. | श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सामाजिक सुरक्षा कोष, निजी प्रतिष्ठानहरू | नियमित | |
| ८५. | कल्याणकारी कोष | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल | | नियमित | सैनिक, प्रहरी र सशस्त्र प्रहरी बल |
| ८६. | निजी आवास पुनर्निर्माण अनुदान | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | स्थानीय तह | तत्काल | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| ८७. | ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्तिका लागि संरक्षणकारी कार्यक्रम/ दिवा स्याहार केन्द्र/पुर्नस्थापना कार्यक्रम | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नियमित | |
| ८८ | अपाङ्गता भएका व्यक्तिका लागि नि:शुल्क सहायक सामग्री विवरण | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नियमित | |

## ४.५ प्रमुख उपलब्धि मापन (परिमाणात्मक तथा गुणात्मक लक्ष्य र सूचक)

प्रस्तुत उपलब्धि मापन सूचकहरू पन्ध्रौं योजना तथा वार्षिक कार्यक्रममार्फत् राष्ट्रियरूपमा हासिल गर्न लिइएका लक्ष्य र नीतिहरूसँग सम्बन्धित छन् । यो संरचना कार्यान्वयनको अवधिभित्रै मूख्य मूख्य कार्य सम्पादन गरी संरचनाका प्रमुख अपेक्षित उपलब्धि हासिल गर्न सकिनेछ ।

**तालिका ४.२: सामाजिक सुरक्षा कार्यक्रमहरूको परिमाणात्मक तथा गुणात्मक लक्ष्य र सूचक**

| क.सं. | नतिजा क्षेत्र | नतिजा उपक्षेत्र (संरचना कार्यान्वयन अवधिमा सम्पादन गरिने मूख्य मूख्य कार्य) | सूचक | आ. व. को स्थिति | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | सामाजिक आर्थिक असमानता कम गर्न सामाजिक सुरक्षाका कार्यक्रममा समान पहुँच अभिवृद्धि । | ▪ लक्षित समूहको पहिचान गरी सामाजिक संरक्षणका विद्यमान उपायहरूको एकीकरणको व्यवस्था गर्ने ।<br>▪ सञ्चालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूको दर्ता प्रणालीमा समावेश हुन नसकी बाहिर रहेका तर दायरामा समेट्नु पर्ने समूहको पहिचान गर्ने ।<br>▪ बहुपक्षीय पोषण योजना, सुरक्षित आमा कार्यक्रम, बाल संरक्षण अनुदान लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई पहुँचयोग्य बनाई राष्ट्रव्यापी रूपमा विस्तार गर्ने । | ▪ सञ्चालित कार्यक्रम/स्किमहरू एकीकरण भई विद्यमान सङ्ख्यामा २५ प्रतिशतले कटौती हुने ।<br>▪ सञ्चालित सूचना तथा वितरण प्रणाली बीच आबद्धता स्थापना भएको हुने ।<br>▪ दर्ता प्रणालीमा ९० प्रतिशत लाभग्राही पहिचान भई समावेश भएको हुने ।<br>▪ बहुपक्षीय पोषण योजना, सुरक्षित आमा कार्यक्रम, बाल संरक्षण अनुदान लगायतका सामाजिक सुरक्षाका कार्यक्रम स्थानीय तहको कार्यान्वयन जिम्मेवारीमा गएको हुने । | | ▪ अर्थ मन्त्रालय<br>▪ सम्बन्धित मन्त्रालय<br>▪ प्रदेश सरकार<br>▪ स्थानीय तह |
| २ | विपदबाट सिर्जना हुने सम्भावित जोखिम र प्रकोपको सामना गर्नसक्ने सामाजिक सुरक्षाका कार्यक्रमलाई परिमार्जन गर्ने । | ▪ सबैका लागि अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम तयार गरी लागू गरिने ।<br>▪ हरेक किसिमका विपद व्यवस्थापनको योजना तर्जुमा गरी सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यान्वयनको संस्थागत प्रणाली विकास गरिने ।<br>▪ विपद् व्यवस्थापन र सामाजिक सुरक्षा बीच नीति तथा कार्यक्रमगत सम्बन्ध स्थापना र प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूको भूमिका स्पष्ट पार्ने । | ▪ स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या ७ प्रतिशतबाट ६० प्रतिशत पुर्‍याउने ।<br>▪ सबै प्रदेश र स्थानीय तहमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा भएको र उक्त योजनामा सामाजिक सुरक्ष बारे स्पष्ट उल्लेख भएको हुने ।<br>▪ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली परिमार्जन भई पारित भएको हुने । | | ▪ अर्थ मन्त्रालय<br>▪ स्वास्थ्य बिमा बोर्ड<br>▪ गृह मन्त्रालय<br>▪ प्रदेश सामाजिक सुरक्षा कार्यक्रम समन्वय समिति<br>▪ स्थानीय तह सामाजिक सुरक्षा कार्यक्रम समन्वय समिति |

| क्र.सं. | नतिजा क्षेत्र | नतिजा उपक्षेत्र (संरचना कार्यान्वयन अवधिमा सम्पादन गरिने मुख्य मुख्य कार्य) | सूचक | आ. व. को स्थिति | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ३ | सबैका लागि मर्यादित रोजगारीका अवसरको सुनिश्चितता तथा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई सबल र दिगो बनाउने । | ▪ अनौपचारिक क्षेत्रमा रहेका श्रमको औपचारिकीकरणका साथै सबै श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने ।<br>▪ सामाजिक सुरक्षा करको दायरा विस्तार गर्ने ।<br>▪ सामाजिक सुरक्षा करलाई प्रणालीको रूपमा विकास गर्ने ।<br>▪ बिमा व्यवसायको विस्तार गरी सबै नागरिकलाई बिमामा आबद्ध गरिने । | ▪ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम औपचारिक क्षेत्र बाहिर रहेका योगदानकर्ता समेत समावेश हुने गरी परिमार्जन भएको हुने ।<br>▪ सामाजिक सुरक्षा कर प्रणाली प्रत्येक प्रदेशका कम्तीमा ६ वटा स्थानीय तहमा शुरू भएको हुने ।<br>▪ स्वास्थ्य बिमा लगायत बिमामा आबद्ध जनसङ्ख्या ८० प्रतिशत पुगेको हुने । | | ▪ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ स्वास्थ्य बिमा बोर्ड |
| ४ | सङ्घ, प्रदेश र स्थानीय तहको, निजी तथा गैरसरकारी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्र बीच सहकार्य, समन्वय र सहयोग बढाउने । | ▪ सामाजिक सुरक्षाका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय सरकारहरूको भूमिकामा स्पष्टता ल्याउने ।<br>▪ सहकारी र साझेदारीको संयन्त्र एवम् प्रणाली स्थापना गर्ने । | ▪ सामाजिक बिमा र श्रममूलक रोजगारका कार्यक्रम कार्यान्वयन कार्यविधिमा स्थानीय तह, सामुदायिक, सहकारी, निजी क्षेत्रको भूमिका रहने गरी परिमार्जन भएको हुने । | | ▪ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ५ | वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | ▪ कार्यक्रमहरूबाट प्राप्त हुने सेवा र प्रणाली सञ्चालनार्थ एवम् समन्वयन गर्न छुट्टै संस्थागत व्यवस्था गर्ने ।<br>▪ एकीकृत सामाजिक सुरक्षाका लागि निर्देशक समिति लगायत प्रदेश र स्थानीय तहमा आवश्यक समितिहरू गठन गर्ने । | ▪ निर्देशक समिति लगायत प्रदेश र स्थानीय तहका समितिहरू गठन भई क्रियाशील भएको हुने ।<br>▪ नयाँ कार्यक्रमहरूको स्वीकृति वा अनुमोदनका लागि वार्षिक बजेट तर्जुमा प्रक्रिया सुरू हुनु अगावै समन्वय बैठकहरूको आयोजना भएको हुने ।<br>▪ एकीकृत सामाजिक सुरक्षा सेवा प्रवाह गर्ने संस्थागत व्यवस्था भएको हुने ।<br>▪ तीनै तहका सरकारबाट सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनार्थ स्रोतको विनियोजन यथार्थपरक भएको हुने । | | ▪ नेपाल सरकार<br>▪ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन समन्वय समिति<br>▪ प्रदेश तथा स्थानीय तहका समितिहरू |

## ४.६ संरचना कार्यान्वयन समयावधि

यो संरचनाबाट पन्ध्रौं योजना अवधिको दोस्रो वर्ष आ. व. २०७७/७८ देखि अन्तिम वर्ष २०८०/८१ सम्म र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने प्रतिबद्धता अवधि (आ. व. २०८६/८७) सम्म गरी आगामी १० वर्ष (आ. व. २०७७/७८ देखि २०८७/८८) सम्म सङ्घ, प्रदेश र स्थानीय सरकारका सामाजिक सुरक्षाका कार्यक्रम कार्यान्वयनको मार्गदर्शक हुनेछ। पाँच वर्षको मध्यमकालीन अवधिको मूल्याङ्कन पश्चात आवश्यकता र औचित्यताका आधारमा यो संरचनामा परिमार्जन गर्न सकिनेछ। संस्थागत तथा नीतिगत समन्वय सहित संरचनाको कार्यान्वयनका निमित्त गठीत संयन्त्रहरूको प्रभावकारिताका लागि स्थानीय र प्रादेशिक तहमा समेत समीक्षा गरी तत् तत् तहको संस्थागत व्यवस्थामा आवश्यक सुधार गर्दै लगिनेछ। वार्षिक रूपमा बढ्दो लाभग्राही र लाग्ने खर्चको अनुमान तथा प्रक्षेपण गर्दै सम्बन्धित निकायसँगको सहकार्यमा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको विस्तार गरिनेछ*,*

## ४.७ अनुगमन व्यवस्था

माथि उल्लेख गरिएका लाभग्राही सम्बन्धी सूचना प्रणाली सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनका लागि जिम्मेवार मन्त्रालय र निकायमा स्थापित छन्। यी प्रणालीहरू सामाजिक सुरक्षा पद्धतिको प्राविधिक दायरा र लक्षित लाभग्राहीको हित प्रवर्द्धनसँग पूर्णत स्वीकृत भई काम गर्नुपर्ने भएकाले एक अर्कासँग तथ्याङ्कगत वा प्राविधिकरूपमा जोडिएको अवस्था छैन। यी प्रणालीहरू राष्ट्रिय लक्ष्य र सूचकहरूको अनुगमनका लागि सूचना प्रवाह हुनसक्ने गरी तयार नभएको कारणले कुनै एउटा निकायको सूचना प्रणालीको प्रयोगबाट मात्र अनुगमन तथा समन्वय गर्न सम्भव छैन। यसर्थ संरचना कार्यान्वयनका विभिन्न सूचकको आधारमा देहाय बमोजिम एकीकृत अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

(क) सम्बन्धित सूचना प्रणालीको अनुगमनबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा सम्बन्धित नीतिहरूको कार्यान्वयनको उपलब्धि तथा अवसर र चुनौतीका विषयमा प्रत्येक चौमासिकमा समीक्षा गरिनेछ।

(ख) यस्तो सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन एवं समन्वय निर्देशनालयको समन्वयमा हुने अनुगमन र समीक्षामा सङ्घीय सरकारका सम्बद्ध मन्त्रालय तथा विभागका अतिरिक्त प्रदेश सरकार तथा स्थानीय तहको समेत सहभागिता रहनेछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धी कठिनाइ, संस्थागत कमजोरी, आर्थिक कार्य प्रणाली, भुक्तानी प्रणाली, वित्त र बैंकिङ जस्ता संरचनाका विषयमा तहगत अनुगमन प्रदेश र स्थानीय तहबाट समेत हुनेछ।

(घ) संरचनाको कार्यान्वयन स्थितिको वार्षिक समीक्षा गरिनेछ। प्रगति अभिलेखनका लागि वार्षिक प्रतिवेदन तथा अलग्गै वित्तीय प्रतिवेदन प्रकाशित गरिनेछ।

(ङ) सञ्चालनमा रहेका सूचना प्रणाली मार्फत गरिने सूचना संकलनलाई अन्य सान्दर्भिक सूचना प्रणालीसँग सम्बन्ध स्थापित गरी राष्ट्रिय एकीकृत व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरिनेछ।

(च) सामाजिक सुरक्षा नीतिको कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन राष्ट्रिय योजना आयोगले गर्नेछ।

(छ) सामाजिक सुरक्षा सञ्चालन समन्वय समितिले निश्चित सूचकहरूको आधारमा संरचना कार्यान्वयनको अनुगमन गर्नेछ।

(ज) सामाजिक सुरक्षाका रणनीति, कार्यनीति एवम् कार्यक्रमहरू तोकिएका सबै लक्षित वर्गहरू लाभान्वित हुने गरी कार्यान्वयनमा आए नआएको, तोकिएको गुणस्तर कायम भए नभएको र लाभग्रही वर्ग सन्तुष्ट रहे नरहेको सम्बन्धमा सरोकारवालाहरूको सहभागितामा आवधिक/वार्षिक रूपमा मूल्याङ्कन तथा विश्लेषण गरी समसामयिक सुधारका उपाय अवलम्बन गरिनेछ।

(झ) स्थानीय तहबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता तथा सम्बन्धित सेवाका सम्बन्धमा लाभाग्राहीको तहमा पारदर्शिता सम्बन्धी अनुगमन गरिनेछ*,*

४. ७.१ अनुगमनमा विषयगत मन्त्रालय र निकायको भूमिका

(क) विषयगत मन्त्रालय अन्तर्गत सामाजिक सुरक्षा लगायतका कार्यक्रमबाट सिर्जना हुने रोजगारीको पूर्वानुमान गर्ने।

(ख) समन्वय समितिले मागेको सूचना, सहयोग र परामर्श प्राथमिकताका साथ मन्त्रालयहरूले समयमै उपलब्ध गराउने।

(ग) आफू मातहतका निकायहरूलाई कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक निर्देशन दिने।

(घ) मातहतका निकायबाट सञ्चालन भएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी सोको

प्रतिवेदन चौमासिक रूपमा निर्देशक समितिमा पठाउने ।

(ङ) कार्यक्रमलाई आवश्यक पर्ने अन्तरमन्त्रालय समन्वय र सहयोग उपलब्ध गराउने ।

(च) संरचना कार्यान्वयनमा आफ्नो क्षेत्रका निजी क्षेत्र र सामुदायिक तथा गैरसरकारी क्षेत्र एवं दातृ निकाय र सहकारी संस्थाहरूको परिचालन गर्ने गराउने ।

## ४. ७.२ अनुगमनमा राष्ट्रिय योजना आयोगको भूमिका

(क) विषयगत मन्त्रालयहरूले निर्वाह गर्ने भूमिकालाई राष्ट्रिय सोच, लक्ष्य, नीति र रणनीतिसँग सामञ्जस्यपूर्ण बनाउन आवश्यक परामर्श, समन्वय र सहयोग गर्ने ।

(ख) संरचना कार्यान्वयनबाट प्राप्त प्रतिफल र प्रभाव मापन गर्न सकिने अनुगमन तथा मूल्याङ्कनका लागि स्वीकार्य शर्त र मापदण्ड तथा प्रक्रिया निर्धारण गर्ने ।

(ग) कार्यान्वयनको अवस्था र प्राप्त उपलब्धिबारे चौमासिक तथा वार्षिक समीक्षा गर्ने ।

(घ) प्रदेश सरकार तथा स्थानीय सरकार समेतका लागि उपयोगी अनुगमन तथा मूल्याङ्कनका सूचक तथा मापदण्ड निर्धारण गर्ने ।

## ४. ७.३ अनुगमनमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय

(क) प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली, स्थनीय सञ्चितकोष व्यवस्थापन प्रणाली सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सामाजिक सुरक्षा कार्यक्रमको ी:द्यक्ष्व/एी:द्यक्ष्व तथा क्गत्च्ब प्रयोजनका लागि छुट्टै बजेट शीर्षक तयार गर्न पहल गर्ने ।

(ग) सामाजिक सुरक्षाका कार्यक्रमगत रूपमा बेग्लै खर्च शीर्षक तथा सङ्केत तयार गरी लागू गर्न पहल गर्ने ।

(घ) मन्त्रालयगत खर्च मध्ये सामाजिक सुरक्षाका क्षेत्रमा खर्च देखिने गरी लेखा राख्न लगाउने र खर्च प्रतिवेदन प्रणाली सम्बन्धी कार्य गर्ने गराउने ।

(ङ) एकीकृत सामाजिक सुरक्षा कोष प्रणालीको विकासमा सहयोग पुर्याउने ।

## ४.८ अनुमान तथा जोखिम

प्रस्तुत संरचनाको तर्जुमा विद्यमान नीतिगत तथा कार्यक्रमसम्बद्ध समस्याहरूको विश्लेषणका आधारमा गरिएको हो । अध्ययन, विश्लेषण र कार्यान्वयन जटिलताका कारण देखापरेका सवालहरू कुनै न कुनै रूपमा सम्बोधन गर्नु बाञ्छनीय छ । दीर्घकालीन सुझाव तथा सिफारिसहरूको क्रमिक रूपमा कार्यान्वयन हुँदै जानेछ ।ठूलो सङ्ख्यामा र उच्च आर्थिक भारसहित आमनागरिकसम्म पुग्ने गरी सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूबीच निकायगत एवम् कार्यक्रमगत एकरूपता कायम गरी आवश्यक समन्वय र सहकार्यका साथ सञ्चालन गर्ने कार्य सरल छैन । सरकारी तथा सङ्गठित संस्थाहरूबाट आफूले सञ्चालन गरिरहेका कार्यक्रमको कार्यान्वयन आफैं गर्ने अडानबाट हट्ने सम्भावना कम छ ।

स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रममा हुने लगानी एवम् स्रोत विनियोजनका लागि स्थानीय तहका राजनीतिक नेतृत्वको प्रमुख भूमिका रहने हुँदा वर्तमान अवस्थामा बलपूर्वक पूर्वाधार क्षेत्रमा गरिँदै आएको लगानीका सामु यो क्षेत्रले प्राथमिकता पाउने सम्भावना कम छ । सामाजिक सुरक्षामा हुने खर्चको दिगो र बढ्दो हिस्सालाई यथोचित मात्रामा राख्न योगदानमूलक उपायहरूको विस्तारका साथ राज्य कोषमा पर्ने भार कम गर्न नसके वित्तीय असन्तुलन हुने खतरा कायम रहनेछ ।

# सन्दर्भ सामाग्री


- नेपालको संविधान
- मौलिक हक कार्यान्वयन तथा सामाजिक सुरक्षा सम्बन्धी नेपाल कानुनहरू
- कार्य विस्तृतिकरण प्रतिवेदन, नेपाल सरकार, २०७३
- आर्थिक सर्वेक्षण, बजेट बक्तव्य तथा व्यय अनुमानका विवरणहरू, अर्थ मन्त्रालय
- वार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग
- विषयगत मन्त्रालय र विभाग तथा समितिका प्रकाशनहरू
- प्रदेश तथा स्थानीय तहका प्रकाशनहरू
- नेपालको सामाजिक सुरक्षाबारे विश्लेषणात्मक जानकारी पत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठन- २०७३
- विश्व बैंक डेटाबेस, सन् २०२१
- Assessment of Social Security Allowance Program in Nepal, National Planning Commission, Nepal, May 2012 .
- Disaster Risk Reduction in Nepal, Ministry of Home Affairs Nepal, Status Report 2019 .
- Dynamics of social protection in fragile contexts: Nepal and Myanmar, Gabriele Koehler and Nicholas Mathers, 2017 .
- Evaluating Longer-term Impact of Indonesia's CCT Program: Evidence from a Randomised Control Trial Elan Satriawan, JPAL SEA Conference on Social Protection, 2016 .
- Federalism and Social Protection: A Comparative Overview Yasuhiko Matsuda, World Bank, Lahore, Pakistan, 2015 .
- Government of the Kingdom of Lesotho, National Social Protection Strategy, 2014 .
- Improving Social Protection for the Vulnerable in Nepal: A Review of Social Assistance Programs and Expenditures, the World Bank, 2014 .
- Kenya Social Protection Sctor Review, National Development and Vision 2030, Ministry of State for Planning, June 2012 .
- Lessons from the UNICEF Nepal Emergency Cash Transfer Programme through
- Social Assistance, Oxford Policy Management .
- Moving towards a shock responsive and resilient social protection system; Experiences from Nepal Paper prepared for the 5th International Symposium on Asian Development Studies Kathmandu, Nepal, 2019 ,Thakur Dhakal, UNICEF Nepal /Gabriele Koehler, UNRISD .
- National Social Protection Strategy for the Poor and Vulnerable, Kingdom of Cambodia, Royal Government of Cambodia, April 2011 .
- Reducing Inequality and The Brazilian Social Protection System South-South Learning Forum 2014 Rio de Janeiro, March 17
- Service delivery in a decentralized context: the case of Social Security Allowances
- UNICEF Nepal, Ludovico Carraro and Soyesh Lakhey, Draft Report, 2018 .
- Social Protection in Eastern and Southern Africa: A Framework and Strategy for
- UNICEF . The United Nations Children's Fund 2008 .
- Social Security Protection in Nepal: Institutional and Capacity Development: ILO 2015 .
- Social Protection Operational Plan (2014–2020) Mandaluyong City, Philippines: Asian Development Bank, 2014 .
- Strengthening Links between Social Protection and Disaster Risk Management for Adaptive Social Protection in Nepal , The World Bank, 2018 .
- Sustainable Development Goals, Status and Roadmap: 2016-2030, National Planning Commission, Nepal .

# अनुसूची

## अनुसूची १ः सामाजिक सुरक्षाको सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास

| देश | शासकीय पद्धति | प्रमुख विशेषता | प्रासङ्गिकता/सान्दर्भिकता |
|---|---|---|---|
| **ब्राजिल** | ▪ सङ्घीय गणतान्त्रिक शासन पद्धति<br>▪ विकेन्द्रित शासन पद्धति<br>▪ जनसङ्ख्याः २१.१० करोड (सन् २०१९)<br>▪ एक फेडरल जिल्ला, २६ प्रदेश, ५५७० नगरपालिका | ▪ नागरिक अधिकारमा आधारित सामाजिक सहायता<br>▪ खाद्य तथा पोषण सुरक्षाको व्यवस्था<br>▪ नगद सहयोग कार्यक्रम | ▪ निर्देशित आर्थिक स्वायत्तता<br>▪ सबै तथ्याङ्क तथा पञ्जीकरण स्थानीय सरकारमा<br>▪ वर्गीकृत तथा निर्धारित लाभ वितरण प्रणाली |
| **इन्डोनेसिया** | ▪ गणतान्त्रिक शासन व्यवस्था (राष्ट्रपतीय शासन प्रणाली)<br>▪ जनसङ्ख्याः २७.०६ करोड (सन् २०१९)<br>▪ २७ प्रदेश, २४१ जिल्ला र ३६२५ उपजिल्ला, ५६ नगरपालिका र ६६९७९ गाउँहरू | ▪ स्वास्थ्य सेवा योगदानमा आधारित तथा निःशर्त<br>▪ स्वास्थ्य कार्यक्रम करिब ७० प्रतिशत जनसङ्ख्यामा पुगेको<br>▪ सामाजिक सहायता (खाद्यान्न तथा विद्यार्थी सहयोग)<br>▪ सेवा क्षेत्रमा कार्यस्थल तथा दुर्घटनामा आय सुरक्षाको प्रत्याभूति | ▪ इस्लामिक सिद्धान्तमा आधारित निर्णय प्रक्रिया<br>▪ ठूलो जनसङ्ख्याका कारण व्यवस्थापनमा जटिलता |
| **केन्या** | ▪ लोकतान्त्रिक गणतन्त्र (राष्ट्रपतीय शासन प्रणाली)<br>▪ जनसङ्ख्याः ५.२५ करोड (सन् २०१९)<br>▪ ४७ वटा काउन्टी सरकार (स्थानीय सरकार) को व्यवस्था | ▪ सामाजिक सुरक्षा संवैधानिक हकको रूपमा रहेको<br>▪ योगदानमा आधारित कार्यक्रमले १३ प्रतिशत जनता समेटेको | ▪ सामाजिक सुरक्षा सम्बन्धी मिश्रित कार्यक्रमको राम्रो नमूना<br>▪ एउटै पञ्जीकृत तथ्याङ्क अभिलेखन गर्ने व्यवस्था |
| **मेक्सिको** | ▪ सङ्घीय गणतान्त्रिक शासन प्रणाली<br>▪ केन्द्रिकृत एक दलीय राजनीतिक शासन व्यवस्था<br>▪ तीन तहको सङ्घीय सरकार<br>▪ जनसङ्ख्याः १२.७५ करोड (सन् २०१९)<br>▪ सङ्घ, प्रदेश र स्थानीय सरकार (नगरपालिका) | ▪ नगद हस्तान्तरण कार्यक्रमहरू सफल<br>▪ श्रम तथा लैङ्गिक दृष्टिकोणबाट सामाजिक संरक्षण सम्बन्धी कार्यक्रमहरू कमजोर<br>▪ सामाजिक सुरक्षाको संविधान प्रदत्त अधिकारको अभ्यासको प्रारम्भ | ▪ एकीकृत सामाजिक सुरक्षा संरचना र कार्यक्रम<br>▪ सामाजिक सुरक्षा कार्यक्रमहरू आर्थिक रूपमा कमजोर |

| देश | शासकीय पद्धति | प्रमुख विशेषता | प्रासङ्गिकता/सान्दर्भिकता |
|---|---|---|---|
| **पाकिस्तान** | ▪ इस्लामिक गणतान्त्रिक व्यवस्था<br>▪ बहुदलीय शासन प्रणाली<br>▪ जनसङ्ख्याः २१.६५ करोड (सन् २०१९)<br>▪ ४ प्रदेश, २ स्वायत्त क्षेत्र, १ सङ्घीय तथा स्थानीय सरकार | ▪ नगद हस्तान्तरण करिब ५० लाखलाई (३२ जिल्ला तथा सबै प्रदेश र १३ लाख छात्रछात्रा)<br>▪ सामाजिक संरक्षण रणनीति र संरचना बनेको<br>▪ संविधानमा सामाजिक संरक्षण सम्बन्धी स्पष्ट किटानी नभएतापनि आधारभूत सामाजिक सुरक्षाको कानुनी प्रावधान रहेको । | ▪ अनौपचारिक क्षेत्र (७० प्रतिशत) सामाजिक सुरक्षामा समेट्न नसिकएको<br>▪ नेपालको जस्तै स्थिति विद्यमान |
| **दक्षिण अफ्रिका** | ▪ बहुदलीय गणतान्त्रिक पद्धति<br>▪ सङ्घ, प्रदेश र स्थानीय तहकोबीच सहयोग गर्ने शासकीय पद्धति<br>▪ विकेन्द्रित शासन व्यवस्था<br>▪ सङ्घ, प्रदेश तथा स्थानीय सरकार<br>▪ जनसङ्ख्याः ५.८५ करोड (सन् २०१९) | ▪ वृहत् दायराको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन<br>▪ सामाजिक बिमा सम्बद्ध कार्यक्रमबाट बेरोजगारी र बालबालिका लक्षित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालित । | ▪ स्वास्थ्य र शिक्षा साझा अधिकार सूचीमा भए पनि केन्द्र सरकारको सामाजिक सुरक्षामा निर्णायक भूमिका<br>▪ तीन वटा तहका सरकारबाट सामाजिक सुरक्षामा उच्च प्राथमिकता |
| **लेसोथो** | ▪ गरिबीको चपेटामा परेको मुलुक<br>▪ जनसङ्ख्याः २.१२ लाख (सन् २०१९)<br>▪ आय वितरणमा उच्च असमानता (गिनी गुणक ०.५३/सन् २०१० मा) | ▪ नवजात शिशु तथा बालबालिका स्याहार भत्ता<br>▪ सार्वजनिक निर्माणमा मौसमी रोजगारको प्रत्याभूति तर कार्यान्वयन प्रारम्भिक अवस्थामा<br>▪ वृद्ध तथा अशक्त भत्ता | - |

# अनुसूची २: सामाजिक सुरक्षा कार्यक्रमहरूको नक्शाङ्कन

| क. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| **क) सामाजिक सहयोग** | | | | | | | | |
| **गृह मन्त्रालय** | | | | | | | | |
| **१. सामाजिक सुरक्षा भत्ता** | | | | | | | | |
| १.१ | ज्येष्ठ नागरिक भत्ता | साविक कर्णाली अञ्चल र दलित समुदायका ६० वर्ष र अन्यको हकमा ७० वर्ष उमेर नाघेका नाघेका नागरिकहरूलाई प्रदान गरिने मासिक भत्ता | ७० वर्ष नाघेका नागरिकलाई मासिक रू ३०००।०० र अन्यलाई मासिक रू. २०००।०० | चौमासिक | बैंक/नगद | १२७६१३७ | अधिकार | ६४५००० |
| १.२ | एकल महिला भत्ता | पतिको मृत्यु भएका जुनसुकै उमेरका र सम्बन्ध विच्छेद गरेका वा अविवाहितको हकमा ४० वर्ष नाघेका एकल महिलालाई प्रदान गरिने मासिक भत्ता | मासिक रू. २०००।०० | चौमासिक | बैंक/नगद | ७१६९३३ | अधिकार | |
| १.३ | अपाङ्गता भत्ता | अपाङ्गता भएका नागरिकहरू मध्ये पूर्ण अपाङ्गता र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गरिने मासिक भत्ता | पूर्ण अपाङ्गता भएका व्यक्तिलाई मासिक रू. ३०००।०० र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रू. १६००।०० | चौमासिक | बैंक/नगद | ११७०९५ | अधिकार | |
| १.४ | लोपोन्मुख आदिवासी जनजाति भत्ता | नेपाल सरकारबाट लोपोन्मुख भनी सूचीकृत विभिन्न १० जातिका नागरिकलाई प्रदान गरिने मासिक भत्ता | मासिक रू. ३०००।०० | चौमासिक | बैंक/नगद | २४२०४ | अधिकार | |
| १.५ | बाल पोषण भत्ता | पोषण स्थिति कमजोर भएका साविकका कर्णाली अञ्चल र दलित समुदायका पाँच बर्ष मूनीका बालबालिकाबाट सुरू गरी मानव गरिबी सूचकाङ्कमा पछाडि परेका जिल्लाहरूमा क्रमश: विस्तार गरिने मासिक भत्ता | मासिक रू. ४००।०० | चौमासिक | बैंक/नगद (आमा वा संरक्षकलाई प्रदान गरिने) | ६७९७१५ | अधिकार | |
| **२. राहत सहायता** | | | | | | | | |
| २.१ | विपदमा परी मृत्यु हुनेका लागि राहत तथा उद्धार | | प्रतिव्यक्ति रू. ४०,०००।०० | | | | आवश्यकता | ९०३ |
| २.२ | तत्काल राहत | | प्रति परिवार रू. ५०००।०० सम्म | | | | | |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | विपदको कारण घर पूर्ण क्षतिवापत राहत | | रू. २००००।०० सम्म थप रू. १५०००।०० प्रति घरपरिवार | | | | | |
| २.४ | शीतलहर प्रभावित राहत | शीतलहरबाट बालीनाली क्षति भएका परिवारका लागि राहत | | तत्काल | | | | |
| ३ | राहत तथा पुनर्स्थापना कार्यक्रम | आवश्यकता र औचित्यका आधारमा द्वन्द्व पीडित, सशस्त्र द्वन्द्वमा घाइते तथा अपाङ्ग, जनआन्दोलनका घाइते, शहीद परिवार, जनआन्दोलनका घाइते सन्तति छात्रवृति । | | आवधिक | | | आवश्यकता | |
| **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | | | | | | | | |
| **४. सबै प्रकारका छात्रवृति (आवासीय सुविधा समेत)** | | | | | | | | |
| ४.१ | दलित विद्यार्थी छात्रवृत्ति | दलित समुदायका बालबालिकाको शिक्षामा अवसर अभिवृद्धि गर्न कक्षा एकदेखि आठसम्म अध्ययन गर्ने दलित परिवारका बालबालिकाहरूलाई प्रदान गरिने रकम | वार्षिक रू. ४००।०० प्रति विद्यार्थी | वार्षिक | सम्बन्धित विद्यालय मार्फत नगद हस्तान्तरण | | अधिकार/आवश्यकता स्थानीय तहलाई जाने सशर्त अनुदान | १२६८२ |
| ४.२ | बालिका छात्रवृत्ति | आधारभूत तह (कक्षा १-८) मा अध्ययन गर्ने बालिकाहरूको अध्ययनमा सहयोग पुर्याउन प्रदान गरिने छात्रवृत्ति | आवासीय वार्षिक रू. ४०,०००।०० (सम्बन्धित विद्यालयलाई अनुदान) गैरआवासीय भौगोलिक क्षेत्र र कक्षा अनुसार वार्षिक रू. ४००।०० देखि १,५००।०० सम्म | | सम्बन्धित विद्यालय मार्फत नगद | | अधिकार/ आवश्यकता | |
| ४.३ | अपाङ्गता छात्रवृत्ति | कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने अपाङ्गता भएका बालबालिकाहरूलाई प्रदान गरिने नगद सहयोग | आवासीय वार्षिक रू. ४०,०००।०० सम्बन्धित विद्यालयलाई अनुदान) गैर आवासीय अपाङ्गताको स्तर अनुसार वार्षिक रू. १०००।०० देखि रू. ५०००।०० सम्म | वार्षिक | सम्बन्धित विद्यालय मार्फत नगद | | अधिकार/ आवश्यकता | |
| ४.४ | विपन्न छात्रवृत्ति | कक्षा ९ देखि १२ सम्म अध्ययनरत विपन्न परिवारका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति | कक्षा ९ र १० का लागि वार्षिक रू. ६,०००।०० कक्षा ११ र १२ (विज्ञान विषय) वार्षिक रू. २४,०००।०० कक्षा ११ र १२ (अन्य विषय) वार्षिक रू. १८,०००।०० | वार्षिक | सम्बन्धित विद्यालय मार्फत नगद | | अधिकार/ आवश्यकता | |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ४.५ | सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति | सीमान्तकृत समुदायका लागि सञ्चालित विद्यालयमा अध्ययनरत (आवासीय) विद्यार्थीका लागि प्रदान गरिने नगद | आवासीय वार्षिक रू. ४०,०००।०० (सम्बन्धित विद्यालयलाई अनुदान) गैरआवासीय वार्षिक रू. ५००।०० | वार्षिक | सम्बन्धित विद्यालय मार्फत नगद | आ.व. ०७५।७६ मा रू २अर्ब ८७ करोड खर्च अनुमान | अधिकार/ आवश्यकता | |
| ४.६ | सडक बालबालिका तथा बाल श्रमिक छात्रवृत्ति | सडक बालबालिका तथा बाल श्रमिकको (आवासीय) शैक्षिक प्रवन्धका लागि प्रदान गरिने नगद | आवासीय वार्षिक रू. ४०,०००।०० (सम्बन्धित विद्यालयलाई अनुदान) | चौमासिक | सम्बन्धित विद्यालय मार्फत नगद | | अधिकार/ आवश्यकता | |
| ४.७ | सहिदका छोरा छोरीका लागि छात्रवृत्ति | सहिदका छोराछोरीलाई अध्ययनमा सघाउ पुर्याउन प्रदान गरिने छात्रवृत्ति (प्रारम्भिक बाल शिक्षादेखि उच्च शिक्षासम्म) | कक्षा ५ सम्म मासिक रू. १,०००।०० र कक्षा ६ देखि १० सम्म मासिक रू. १,५००।००, उच्च मा. वि. तथा उच्च शिक्षा मासिक रू. २,०००।०० | | | | | |
| ४.८ | मुक्त कमलरी छात्रवृत्ति | | आवासीय वार्षिक रू. ४०,०००।०० गैरआवासीय कक्षा अनुसार वार्षिक रू. १,५००।०० देखि रू. ५,०००।०० सम्म | | | | | |
| ४.९ | हिमाली आवासीय छात्रवृत्ति | | वार्षिक रू. ४०,०००।०० आवासीय (सम्बन्धित विद्यालयलाई अनुदान) | | | | | |
| ४.१० | अन्य छात्रवृत्ति | सार्वजनिक निजी साझेदारीमा सञ्चालित विद्यालयमा स्वीकृत कोटामा आवासीय रूपमा अध्ययनरत छात्रछात्रालाई प्रदान गरिने | | | | | | |
| ४.११ | स्यानिटरी प्याड | सामुदायिक माध्यमिक विद्यालयमा पढ्ने छात्राहरूलाई निःशुल्क स्यानीटरी प्याड वितरण | ५ जिल्लामा | | | १३ लाख ४० हजार छात्रा | आवश्यकता | १८२०० |
| ५ | विद्यालय खाजा कार्यक्रम | साविकको कर्णाली अञ्चल सहितका ४८ जिल्ला र अन्य लक्षित समूह (लोपोन्मुख तथा अति सीमान्तकृत र मुसहर) का पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि सञ्चालित दिवा खाजा। | साविक कर्णाली अञ्चलका ५ जिल्लामा प्रति विद्यार्थी रू. २०।०० र कार्यक्रम सञ्चालन भएका अन्य जिल्लाका हकमा प्रति विद्यार्थी रू. १५ प्रति दिन का दरले १८० दिनका लागि हुन आउने रकम विद्यालयलाई अनुदान । तर लोपोन्मुख १०, अति सीमान्तकृत १२ र मुसहर जातिका बालबालिकाको हकमा दैनिक खाजा ल्याउने शर्तमा विद्यालयले अभिभावकलाई नगद प्रदान गर्ने । | चौमासिक | सम्बन्धित विद्यालय | ४२ जिल्लाका १० लाख ९४ हजार ३१६ जना (आव ०७५।७६ रू ३.५अर्ब | आवश्यकता | ३३२७ |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ६ | नि:शुल्क माध्यमिक शिक्षा | नेपाल सरकारले व्यवस्था गरे बमोजिम नि:शुल्क माध्यमिक शिक्षा उपलब्ध हुने छात्रवृत्ति | सम्बन्धित विद्यालयलाई अनुदान | | | | अधिकार | |
| ७ | नि:शुल्क उच्च शिक्षा | आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका र दलित परिवारका विद्यार्थीलाई नि:शुल्क उच्च शिक्षामा उपलब्ध गराइने छात्रवृत्ति | आवासीय वार्षिक रू. ४०,०००।०० (सम्बन्धित विद्यालयलाई अनुदान) | | | | अधिकार | |
| **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय** | | | | | | | | |
| ८ | आमा सुरक्षा कार्यक्रम | स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति गराउने कार्यलाई प्रोत्साहन गर्न प्रदान गरिने नगद | स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलालाई तराइमा रू १०००।०० पहाडमा रू. २०००।०० र हिमाली क्षेत्रमा रू. ३०००।०० | आवश्यक तानुसार | स्वास्थ्य संस्था मार्फत नगद | | आवश्यकता | १०१२ |
| ९ | प्रसुति पूर्वको सेवा | गर्भधारण गरेको ४, ६, ८ र ९ महिनामा स्वास्थ्य संस्थामा जाँच गराएमा प्रदान गरिने नगद | चार पटक स्वास्थ्य संस्थामा जाँच गराइ स्वास्थ्य संस्थामा प्रसुति भए पश्चात रू. ४००।०० | आवश्यकता अनुसार | स्वास्थ्य संस्था मार्फत नगद | | आवश्यकता | |
| १० | सुत्केरी विदा | कर्मचारी शिक्षिकाको हकमा तलबी विदा | | तत्काल | | | आवश्यकता | |
| ११ | आमा र बच्चा पोषण परिपूरण कार्यक्रम (एकीकृत वाल स्वास्थ्य एवम् पोषण) | आमा र बच्चाको सुस्वास्थ्य तथा पोषण अवस्था सुधारका लागि प्रदान गरिने सहयोग | गर्भवती महिलाका लागि नि:शुल्क आइरन चक्की तथा क्याल्सियम र ६ देखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन ए तथा १ देखि ५ वर्ष भित्रका बालबालकालाई जुकाको औषधि | आवश्यकता अनुसार | स्वास्थ्य कार्यकर्ता मार्फत | | आवश्यकता | २५६७ |
| १२ | एड्स तथा यौनरोग नियन्त्रण | एड्स तथा यौन रोग सम्बन्धी सेवा नि:शुल्क प्रदान गरिने | Anti Retro Viral (ARV) medicine, Sexually Transmitted Infection (STI) तथा Opportunistic Infection (OI) सम्बन्धी रोगको नि:शुल्क परीक्षण तथा औषधि, नि:शुल्क Test Kit for Screening का साथै पौष्टिक आहार | आवश्यकता अनुसार | सबै अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र | | आवश्यकता | ३१३ |
| १३ | कुष्टरोग नियन्त्रण कार्यक्रम | विरामीलाई उपचार केन्द्रसम्म ल्याउन यातायात खर्च | रू १०००।०० (पटके) | आवश्यकता अनुसार | उपचार केन्द्र मार्फत | | आवश्यकता | २०८ |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| १४ | सरूवा रोगहरूको निःशुल्क उपचार | औलो, कालाजार, कुष्ठरोग, हात्तीपाइले तथा क्षयरोगको निःशुल्क उपचार | | आवश्यकता अनुसार | तोकिएका स्वास्थ्य संस्था मार्फत | | आवश्यकता | १७४४ |
| १५ | विपन्न स्वास्थ्य उपचार कार्यक्रम | गरिबीको परिचयपत्र प्राप्त गरेका तथा वडाबाट सिफारिश भएका विपन्न नागरिकलाई विभिन्न ८ वटा रोगको उपचार गर्न सहयोग । | रोग अनुसार बढिमा रू. ४ लाखसम्म सहयोग | आवश्यकता अनुसार | तोकिएका अस्पताल-हरूबाट | आ.व. २०७५।७६ मा ३५ हजार ३१७ जना | आवश्यकता | २२००० |
| **१६ निःशुल्क जाँच तथा उपचार** | | | | | | | | |
| १६.१ | ज्येष्ठ नागरिक स्वास्थ्य उपचार | विपन्न र ज्येष्ठ नागरिकलाई स्वास्थ्य उपचारमा सहुलियत | सहुलियतपूर्ण वाह्य उपचार सेवा र जेरियाट्रिक वार्ड भएका अस्पतालहरूबाट प्रदान हुने अन्तरंग उपचारमा सहुलियत | आवश्यकता अनुसार | स्वास्थ्य संस्थाहरू | | अधिकार | |
| १६.२ | पाठेघरको मुखको क्यान्सर जाँच | महिलाहरूको पाठेघरको मुखको क्यान्सर निःशुल्क परीक्षण | | | तालिम प्राप्त स्वास्थ्य कर्मी भएका स्वास्थ्य संस्थाबाट | | आवश्यकता | |
| १६.३ | रेबिज विरूद्धको खोप | रेबिज विरूद्ध निःशुल्क खोप प्रदान गरिने | | आवश्यकता अनुसार | अस्पताल तथा स्वास्थ्य केन्द्र | | आवश्यकता | |
| १६.४ | सर्पदंशको उपचार | सर्पदंश विरूद्धको उपचार निःशुल्क गरिने | | आवश्यकता अनुसार | प्रभावित जिल्लाका सर्पदंश उपचार केन्द्रबाट | | आवश्यकता | |
| १६.५ | आङ् खस्ने रोगको उपचार | महिलाहरूको आङ् खस्ने रोगको निःशुल्क परिक्षण तथा उपचार (शल्यक्रिया समेत) | | | | | | |
| १६.६ | निःशुल्क खोप सेवा | बालबालिकाहरूलाई विभिन्न ११ वटा रोग विरूद्ध निःशुल्क खोप सेवा | | आवश्यकता अनुसार | स्वास्थ्य संस्थाहरू मार्फत | | अधिकार/ आवश्यकता | |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| १६.७ | निःशुल्क आधारभूत स्वास्थ्य सेवा | जनस्वास्थ्य सेवा ऐनको दफा ३ को उपदफा ४ अनुसारका स्वास्थ्य सेवाहरू निःशुल्क प्रदान गरिने | निःशुल्क स्वास्थ्य सेवाहरू | आवश्यकता अनुसार | स्थानीय तहसम्मका स्वास्थ्य संस्थाबाट | | अधिकार | |
| **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** | | | | | | | | |
| १७ | ज्येष्ठ नागरिक स्वास्थ्य उपचार | विपन्न ज्येष्ठ नागरिकलाई स्वास्थ्य उपचारमा सहयोग पुर्याउन गरिने सहायता | | आवश्यकता अनुसार | तोकिएका स्वास्थ्य संस्था मार्फत | | अधिकार/ आवश्यकता | |
| १८ | ज्येष्ठ नागरिक यातायात सहुलियत | ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा सहुलियत वा छुट | सहुलियत | तत्काल | | | नियमित | |
| १९ | समाजकल्याण कार्यक्रम | अशक्त र अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापनाका लागि प्रदान गरिने संस्थागत सहयोग । | सुविधा | | | | आवश्यकता | १४ |
| २० | राष्ट्रपति महिला उत्थान कार्यक्रम/ हवाई उद्धार सेवा | दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम | | | | आ.व. २०७५।७६ मा ७ जनाको उद्धार | आवश्यकता | २२०० |
| २१ | बालकल्याण सहयोग | विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकालाई सहयोग | | तत्काल | | | अधिकार | |
| २२ | दिवा शिशु स्याहार केन्द्र | निजामती सेवाका कर्मचारीहरूको शिशु स्याहारका लागि सिंहदरवारमा शिशु स्याहार केन्द्र सञ्चालन | | | | | आवश्यकता | |
| **कृषि तथा पशुपंछी विकास मन्त्रालय** | | | | | | | | |
| २३ | विशेष कृषि उत्पादन कार्यक्रम | कृषकलाई तोकिएको मलको मूल्य अन्तर्राष्ट्रिय बजारमा वृद्धि भएमा मलमा दिइने अनुदान | | | | | | १००००० |
| २४ | बाली तथा पशु पन्छी बिमा | | बिमा शुल्कको ७५ प्रतिशत अनुदान | | | | आवश्यकता | ४१०० |

| क. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| २५ | वर्ड फ्लु क्षतिपूर्ति वितरण | वर्ड फ्लु प्रभावित क्षेत्रका किसानलाई राहत स्वरूप प्रदान गरिने रकम | | | | | | १५० |
| २६ | कृषि क्षेत्र विपद व्यवस्थापन कार्यक्रम | विपदका कारण कृषि क्षेत्रमा नोक्सान भएमा प्रभावित किसानलाई प्रदान गरिने राहत रकम | राहत रकम प्रदान गरिने | तत्काल | | | आवश्यकता | ५०० |
| २७ | उखु उत्पादक किसान अनुदान | उखु उत्पादक किसानलाई उत्पादन परिमाणका आधारमा दिइने अनुदान | नगद अनुदान | आवधिक | | | आवश्यकता | ९५०० |
| २८ | ब्याज अनुदान (अर्थ मन्त्रालय) | कृषि पशुपालन तथा अन्य आय आर्जनका कार्यक्रमहरू | सरल कर्जा र ब्याज छुट | | | | आ.व. २०७५।७६ | ५०००० |
| २९ | जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान | | | | | | | ५०० |
| **वाणिज्य तथा आपूर्ति मन्त्रालय** | | | | | | | | |
| ३० | खाद्यान्न ढुवानी अनुदान | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानीमा अनुदान | | आवश्यकता अनुसार | | | आवश्यकता | ५८७५ |
| ३१ | कण्ठरोग नियन्त्रण | तोकिएका दुर्गम जिल्लामा आयोडिनयुक्त नून ढुवानीमा अनुदान | | अनिवार्य | | | आवश्कता | १६२७ |
| सहरी विकास मन्त्रालय | | | | | | | | |
| ३२ | सुरक्षित नागरिका आवास कार्यक्रम | अति विपन्न, लोपोन्मुख र सिमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न अनुदान | नगद अनुदान | | | १२ हजार घर निर्माण | | १३०० |
| ३३ | जनता आवास कार्यक्रम | तोकिएका समुदायका परिवारका लागि आवास निर्माण गरी सहुलियतपूर्ण मूल्यमा उपलब्ध गराउने। | सहुलियत मूल्यका घर हस्तान्तरण | स्वेच्छिक | | | आवश्यकता | |
| **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय** | | | | | | | | |
| ३४ | मुक्त हलिया अनुदान | मुक्त हलियालाई जग्गा खरिद, घर निर्माण तथा मर्मतसम्भार अनुदान | नगद अनुदान | आवधिक | | | आवश्यकता | १०० |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३५ | जग्गा स्वामित्व प्राप्तिमा छुट | शहीदका आश्रितको नाममा स्वामित्व प्राप्त हुने लिखतमा दस्तुर र शुल्क पूर्णरूपमा छुट अन्धा, अपाङ्ग, दलित एवं पिछडिएका जातिहरूको नाममा स्वामित्व प्राप्त हुँदा घर जग्गा रजिष्ट्रेशन दस्तुरमा २५ % र महिलाको नाममा स्वामित्व प्राप्त हुने रजिष्ट्रेशन दस्तुरमा नगरपालिकामा २५ % र गाउँपालिकामा ३०% छुट दिइने व्यवस्था | दस्तुरमा छुट | तत्काल | | | अधिकार | |
| **कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय** | | | | | | | | |
| ३६ | निःशुल्क कानुनी सहायता | असाहाय व्यक्ति तथा न्यायमा पहुँच पुग्न नसकेका नागरिकका लागि निःशुल्क कानुनी सेवा | | | | | आवश्यकता | |
| **ख) सामाजिक बिमा** | | | | | | | | |
| **अर्थ मन्त्रालय /सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | | | | | | | | |
| **३७ निवृतिभरण तथा उपदान** | | | | | | | | |
| ३७.१ | निवृतिभरण | निजामती कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र शिक्षकहरूलाई निश्चित सेवा अवधि पूरा गरी सेवाबाट अनिवार्य अवकास हुँदा मासिक रूपमा प्रदान गरिने रकम | प्रचलित नियम अनुसार | मासिक | | | अधिकार | ४६०००० |
| ३७.२ | उपदान | निजामती कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र शिक्षकहरूलाई निवृतिभरण पाउने सेवा अवधि नपुग्दै अवकास भएमा प्रदान गरिने एकमुष्ट नगद | प्रचलित नियम अनुसार | तत्काल एकमुष्ट | | | अधिकार | १५००० |
| ३७.३ | उपचार खर्च | निजामती कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र शिक्षकहरूलाई सेवा अवधिमा वा सेवा निवृत्त भएपछि प्रदान गरिने उपचार खर्च | प्रचलित नियम अनुसार | तोकिएको सीमा भित्र रही आवश्यकता अनुसार | | | | ५५००० |
| ३७.४ | योगदानमा आधारित निवृतिभरण कोष | निजामती कर्मचारी, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना २०७५ श्रावण पछि नियुक्त हुने कर्मचारीलाई उपलब्ध हुने | प्रचलित नियम अनुसार | सेवा निवृतिभरण (अवकास पछि) | | | | |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| **कर्मचारी सञ्चय कोष** | | | | | | | | |
| ३८.१ | सुत्केरी तथा शिशु हेरचाह | दुई पटकसम्म (सुत्केरी तथा शिशु हेरचाह खर्च) एक पटकमा रू. ७५००।०० | | | | | | |
| ३८.२ | काजक्रिया | सेवा कालमा मृत्यु भएका सदस्यको परिवारलाई काजक्रिया वापत अनुदान रू. ४०,०००।०० | | | | | | |
| ३८.३ | घातक रोग उपचार खर्च | नेपाल सरकारले तोकेको नौवटा घातक रोगहरूमा उपचार खर्चको सोधभर्ना (म.प. को नियम अनुसार हुने) | | | | | | |
| ३८.३ | योगदानमा आधारित कोष कट्टी | सार्वजनिक क्षेत्रका कर्मचारीहरूको मासिक तलबबाट निश्चित रकम कट्टी गरी त्यत्ति नै रकम थप गरेर अवकास पछि उपलब्ध गराउने | निश्चित रकम कट्टी र थप | अनिवार्य | नगद | | योगदान | |
| **३९. सामाजिक सुरक्षा कोष** | | | | | | | | |
| ३९.१ | वृद्धावस्था संरक्षण | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ अनुसार औपचारिक क्षेत्रमा काम गरी १५ वर्षसम्म योगदान गर्ने ६० वर्ष उमेर पूरा भएका व्यक्तिहरूलाई प्रदान गरिने निवृत्तिभरण | खातामा रहेको रकमलाई १८० ले भाग गर्दा हुन आउने रकम आजीवन | मासिक | बैंक मार्फत खातामा भुक्तानी | | अधिकार | |
| ३९.२ | औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ अनुसार योगदान गर्ने योगदानकर्तालाई प्रदान गरिने औषधि उपचार खर्च | आवश्यकतानुसार वर्षमा बढिमा रू १ लाख मात्र | आवश्यतानुसार | तोकिएका अस्पताल | | अधिकार | |
| ३९.३ | मातृत्व सुरक्षा योजना | योगदानमा आधरित सामाजिक सुरक्षा ऐन २०७५ अनुसार योगदानकर्ता वा निजको पत्नी गर्भवती भएमा गर्भावस्थामा स्वास्थ्य परिक्षण, उपचार, सुरक्षित प्रसुति, नवजात बालकको उपचार तथा बिदा बस्दाको पारिश्रमिक समेतको रकम | | आवश्यकता अनुसार | व्यक्ति स्वयम तथा स्वास्थ्य संस्था मार्फत | | अधिकार | |
| ३९.४ | दुर्घटना तथा अशक्तता सुरक्षा | योगदानमा आधरित सामाजिक सुरक्षा ऐन २०७५ अनुसार रोजगारीजन्य वा अन्य दुर्घटनामा परेमा वा व्यवसायजन्य रोग लागेमा पाउने उपचार खर्च | रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोग उपचारको सम्पूर्ण खर्च र अन्य दुर्घटना भए प्रति श्रमिक बढिमा रू. ७ लाख। काम गर्न असक्षम भए असक्षमता प्रतिशतका आधारमा तोकिए बमोजिम आजीवन निवृत्तिभरण। | उपचार खर्च आवश्यकता अनुसार र निवृत्तिभरण भए आजीवन मासिक | स्वास्थ्य संस्था तथा बैंक | | अधिकार | |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ३९.५ | आश्रित परिवार सुरक्षा | योगदानमा आधरित सामाजिक सुरक्षा ऐन २०७५ अनुसार योगदानकर्ताको मृत्यु भएमा आश्रित परिवारलाई प्रदान गरिने मासिक निवृतिभरण शैक्षिक वृत्ति तथा अन्तिम संस्कार खर्च | आजीवन निवृतिभरण तथा तोकिए बमोजिम अन्य खर्च | १८ वर्ष पूरा नभएसम्म मासिक शैक्षिक वृत्ति तथा आश्रित पति /पत्नीलाई मासिक निवृतिभरण | बैंक | | आवश्यकता | |
| **४०. स्वास्थ्य बिमा बोर्ड** | | | | | | | | |
| ४०.१ | स्वास्थ्य बिमा बोर्ड कार्यक्रम | ५ जना सम्मको परिवारलाई वार्षिक रू. ३५००।०० प्रिमियम लिई वार्षिक रू. १५०,०००।०० सम्मको स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने । | रू. १५०,०००।०० सम्म (प्रति परिवार) | | | | | ५८५९६ |
| ४०.२ | नि:शुल्क स्वास्थ्य बिमा | गरिबीको रेखामूनी रहेका परिवार र ७० वर्ष पुगेका ज्येष्ठ नागरिकको नि:शुल्क स्वास्थ्य बिमा गरिने व्यवस्था | रू. १ लाखसम्म | | | | | |
| **ग) श्रम बजार र रोजगारी** | | | | | | | | |
| **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** | | | | | | | | |
| **४१. वैदेशिक रोजगार आर्थिक सहायता** | | | | | | | | |
| ४१.१ | वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाको परिवारलाई आर्थिक सहायता | वैदेशिक रोजगारका क्रममा अशक्त वा मृत्यु भएमा निजलाई उद्धार गरी वा निजको मृत शरीर स्वदेश ल्याउँदा परिवारलाई गरिने सहयोग | बढीमा रू. १ लाख ५० हजार | आवश्यकता अनुसार | | ५०० जना २०७६ ।७७ साउनदेखि माघसम्म | आवश्यकता | ६३० |
| ४१.२ | वैदेशिक रोजगारका क्रममा अङ्गभङ्ग भएका र गम्भीर बिरामी भएका कामदारलाई दिइने आर्थिक सहायता | | | | | २१८ | | १०० |
| ४१.३ | वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई दिइने आर्थिक सहायता | | | | | १३ | | २० |

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रमको सङ्क्षिप्त विवरण | सेवा/सुविधा/ सहुलियत | उपलब्ध गराइने समय र विधि (तत्काल, आवधिक, स्वेच्छिक वा अनिवार्य) | सुविधा प्रदान गरिने माध्यम | लाभग्राही सङ्ख्या (जना)- आ. व. २०७६।७७ को अनुमानित | आधारित (अधिकार, आवश्यकता वा योगदान) | आ. व. २०७६।७७ को बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| ४१.४ | बैदेशिक रोजगार छात्रवृत्ति (बैदेशिक रोजगारीको क्रममा मृत्यु /अङ्गभङ्ग भएकाका सन्ततिलाई दिइने) | | | | | ३९१ | | ३०० |
| ४२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगार व्यक्तिलाई एक आ.व.मा कम्तिमा १०० दिनको न्यूनतम रोजगारी प्रदान गरिने परिवारका कुनै पनि सदस्यले रोजगारी नपाएमा परिवारलाई १०० दिनको न्यूनतम पारिश्रमिकको ५० % ले हुन अउने रकम निर्वाह भत्ताको रूपमा दिइने । | | वार्षिक | बैंक | | आवश्यकता | ४९३५७ |
| ४२.२ | योगदानमा आधारित सामाजिक सुरक्षा | औपचारिक क्षेत्रका श्रमिक र रोजगारदाताबाट निश्चित रकम योगदान गरी बनेको कोषबाट श्रमिकको अवकासपछि उपलब्ध हुने । | योगदान कोषबाट उपलब्ध | अनिवार्य | नगद | | योगदान | |
| **युवा तथा खेलकुद मन्त्रालय** | | | | | | | | |
| ४३ | युवा स्वरोजगार कोष | स्वरोजगार कर्जा लिने युवा व्यवसायीलाई व्याज अनुदान | व्याज अनुदान | स्वेच्छिक | | | आवश्यकता | ३०९ |

## अनुसूची ३: सामाजिक सुरक्षा कार्यक्रमहरूको नक्शाङ्कन (अधिकार, आवश्यकता, योगदानमा आधारित)

| सामाजिक सुरक्षा कार्यक्रम | मौलिक हक अधिकारमा | आवश्यकतामा आधारित | अधिकार र आवश्यकता दुबैमा आधारित | योगदानमा आधारित |
|---|---|---|---|---|
| सामाजिक सुरक्षा भत्ता | | | | |
| राहत तथा उद्धार | | | | |
| राहत तथा पुनर्स्थापन कार्यक्रम | | | | |
| सबै प्रकारका छात्रवृत्ति आवासीय समेत | | | | |
| विद्यालय खाजा कार्यक्रम | | | | |
| आमा सुरक्षा कार्यक्रम | | | | |
| प्रसुति पूर्वको सेवा | | | | |
| आमा र बच्चा पोषण परिपूरण कार्यक्रम (एकीकृत बाल स्वास्थ्य एवम् पोषण) | | | | |
| एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम | | | | |
| कुष्टरोग नियन्त्रण कार्यक्रम | | | | |
| सरूवा रोगहरूको नि:शुल्क उपचार | | | | |
| विपन्न नागरिकका लागि स्वास्थ्य उपचार कार्यक्रम | | | | |
| नि:शुल्क जाँच तथा उपचार | | | | |
| ज्येष्ठ नागरिक स्वास्थ्य उपचार | | | | |
| समाज कल्याण कार्यक्रम | | | | |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम/ हवाइ उद्धार सेवा | | | | |
| बाल कल्याण सहयोग | | | | |
| विशेष कृषि उत्पादन कार्यक्रम | | | | |
| बाली तथा पशुपन्छी बिमा | | | | |
| उखु उत्पादक किसान अनुदान | | | | |
| ब्याज अनुदान (अर्थ मन्त्रालय) | | | | |
| जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान | | | | |
| खाद्यान्न ढुवानी अनुदान | | | | |
| कण्ठरोग नियन्त्रण | | | | |
| सुरक्षित नागरिक आवास कार्यक्रम | | | | |
| मुक्त हलिया अनुदान | | | | |
| जग्गा स्वामित्व प्राप्तिमा छुट | | | | |
| नि:शुल्क कानुनी सहायता | | | | |
| निवृतिभरण , उपदान, उपचार खर्च, बिमा | | | | |
| कर्मचारी सञ्चय कोष | | | | |
| सामाजिक सुरक्षा कोषका कार्यक्रम | | | | |
| स्वास्थ्य बिमा कार्यक्रम | | | | |
| वैदेशिक रोजगारका आर्थिक सहायता | | | | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | | | | |
| युवा स्वरोजगार कोष | | | | |

## अनुसूची ४: सामाजिक सुरक्षा कार्यक्रमहरूको नक्साङ्कनः सङ्घ, प्रदेश र स्थानीय तहकोको जिम्मेवारीका आधारमा

| सामाजिक सुरक्षा कार्यक्रम | हाल सञ्चालनमा रहेका कार्यक्रम | कार्य जिम्मेवारी | | |
|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय तह |
| सामाजिक सुरक्षा भत्ता | | | | |
| राहत तथा उद्धार | | | | |
| राहत तथा पुनर्स्थापन कार्यक्रम | | | | |
| सबै प्रकारका छात्रवृत्ति आवासीय समेत | | | | |
| विद्यालय खाजा कार्यक्रम | | | | |
| आमा सुरक्षा कार्यक्रम | | | | |
| प्रसुति पूर्वको सेवा | | | | |
| आमा र बच्चा पोषण परिपूरण कार्यक्रम (एकीकृत बाल स्वास्थ्य एवम् पोषण) | | | | |
| एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम | | | | |
| कुष्टरोग नियन्त्रण कार्यक्रम | | | | |
| सरुवा रोगहरूको निःशुल्क उपचार | | | | |
| विपन्न नागरिकका लागि स्वास्थ्य उपचार कार्यक्रम | | | | |
| निःशुल्क जाँच तथा उपचार | | | | |
| ज्येष्ठ नागरिक स्वास्थ्य उपचार | | | | |
| समाज कल्याण कार्यक्रम | | | | |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम/ हवाइ उद्धार सेवा | | | | |
| बाल कल्याण सहयोग | | | | |
| विशेष कृषि उत्पादन कार्यक्रम | | | | |
| बाली तथा पशुपन्छी बिमा | | | | |
| उखु उत्पादक किसान अनुदान | | | | |
| ब्याज अनुदान (अर्थ मन्त्रालय) | | | | |
| जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान | | | | |
| खाद्यान्न ढुवानी अनुदान | | | | |
| कण्ठरोग नियन्त्रण | | | | |
| सुरक्षित नागरिक आवास कार्यक्रम | | | | |
| मुक्त हलिया अनुदान | | | | |
| जग्गा स्वामित्व प्राप्तिमा छुट | | | | |
| निःशुल्क कानुनी सहायता | | | | |
| निवृतिभरण, उपदान, उपचार खर्च, बिमा | | | | |
| कर्मचारी सञ्चय कोक्ष | | | | |
| सामाजिक सुरक्षा कोषका कार्यक्रम | | | | |
| स्वास्थ्य बिमा कार्यक्रम | | | | |
| वैदेशिक रोजगारका आर्थिक सहायता | | | | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | | | | |
| युवा स्वरोजगार कोष | | | | |

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं